कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● अंक ०४ ● FRIDAY, 08 JUNE 2018 ● काठमाडौं शु ... ठ २५, २०७ ... मूल्य रु. १५/-




बिहीबारदेखि
## विश्वकप-२०१८
पृष्ठ २९ मा



तस्बिर : सुरज श्रेष्ठ

# अब्बल +2

### टपटेन

१. प्रसादी एकेडेमी
२. मेरिल्यान्ड स्कुल
३. रिलायन्स इन्टरनेसनल
४. सगरमाथा स्कुल
५. काठमाडौं मोडल
६. हिमालयन ह्वाइटहाउस
७. हिमालयन इन्टरनेसनल
८. ग्लोबल कलेज
९. सेन्ट जेभियर
१०. मदरल्यान्ड

पृष्ठ २२ मा



JOY PAPAYAWHITE
ADVANCED WHITENING CREAM




गोरोपन तुरुन्तै

अब जोय पपैया व्हाइट फेसवास क्रीमको केवल २ स्टेपमा पाउनुहोस् चहकिलो गोरोपना । प्रत्येक पपैया व्हाइट फेसवासको प्रयोगबाट पपैयामा रहेको पोषण "पपिन"ले त्वचालाई बनाउनेछ फ्रेस र चम्किलो । त्यसैगरी पपैया व्हाइट क्रीमको प्रयोगले तुरुन्तै त्वचामा छाउने छ गोरोपना । केवल २ स्टेपबाट तपाईको त्वचामा मुलायम एवं गोरोपनको उपहार प्राप्त गर्नुहोस् ।

* पपैया व्हाइट एड्भान्स व्हाइटेनिङ क्रिम ५० ग्रामको साथमा पपैया व्हाइट इन्स्टान्ट फेयरनेस फेसवास २५ग्राम सित्तैमा पाउनुहोस् ।

www.rshglobal.com
Imported by: SM Enterprises, Kathmandu.


## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | भीआईपी-२ लल्कार | च्यानल गोल्डमाइन्स |
| २ | मैं बढिया | च्यानल टी-सिरिज |
| ३ | सञ्जु ट्रेलर | च्यानल फक्स स्टार हिन्दी |
| ४ | भद्रगोल -१७२ | च्यानल रामसार मिडिया |
| ५ | भुन्टी | च्यानल एटके एभरेस्ट |
| ६ | फेवातालमा मान्छे | च्यानल फेवा टेलिभिजन |
| ७ | अपराध महाशाखाका सई | च्यानल अनलाइन खबर |
| ८ | मरी जाउ-२ | च्यानल बिक्की गुरुङ |
| ९ | रेस्टुरेन्ट सुतिपाया | च्यानल आशिष चञ्चलानी |
| १० | मन मगन | च्यानल भाइब्स एन्ड वेब |


## फोटो अफ दि विक



■ **डिजाइनर वेयर** : चलचित्र कोहलपुर एक्सप्रेसको जापानमा आयोजित प्रिमियर शोमा सहभागी हुँदै अभिनेत्रीद्वय प्रियंका कार्की तथा केकी अधिकारी ।



■ **मनिषाको परिवार** : अभिनेत्री मनिषा कोइराला आफ्ना बुबा, आमा, भाइ तथा बुहारीसँग ।



■ **लर्ड्समा नेपाली क्रिकेटर** : क्रिकेटरद्वय सन्दीप लामिछाने तथा पारस खड्का बेलायतको लर्ड्स क्रिकेट मैदानको प्यारापिटमा ।



समीक्षक भन्छन्– अर्थपूर्ण फिल्म बनाऊ
हलवाला भन्छन्– अर्थ कमाउने फिल्म बनाऊ
दर्शक भन्छन्– मनोरञ्जक फिल्म बनाऊ
जानकार भन्छन्– कलात्मक फिल्म बनाऊ
ससुराली भन्छन्– माल कमाउने फिल्म बनाऊ
बाउ भन्छन्– कमाउने मात्र होइन, दर्शक रमाउने फिल्म बनाऊ
मेन स्ट्रिमका भन्छन्– हलमा दर्शकको लस्कर आउनुपर्छ
फरक धारका भन्छन्– जसरी नि एक दिन ओस्कार पाउनुपर्छ
एउटा भन्छ– दर्शक हलभरि, अर्को भन्छ– एवार्ड दराजभरि
वैचारिक भिन्नता ।

**दीपकराज गिरी**



■ **फुर्सदको खेल** : दुई वृद्ध क्यारम बोर्ड खेलेर रमाइलो गर्दै ।

## साइबर फिडब्याक

जेठ ३१ गते प्रारम्भ हुने फिफा विश्वकप-२०१८ को चासो सर्वत्र छ । महान् फुटबलर पेले यो महाकुम्भमा सामेल हुने कुराले थप चर्चामा पाएको छ । फिफा विश्वकपको यो २१ औं संस्करण हो । रुसमा हुन लागेको विश्वकपका सम्बन्धमा सामाजिक सञ्जालमा विभिन्न प्रतिक्रिया आएका छन् ।

मोजाको बल खेल्दादेखि कै फ्यान हुँ म ब्राजिलको । विश्वकप नबुझ्दादेखि कै फ्यान हुँ म ब्राजिलको । ब्राजिलको सपोर्ट गर्नुको सान नै छुट्टै ।

**सलमान शाह**

कोही भन्छन्- जिन्दगी खहरेको पानी, कोही भन्छन्- जिन्दगी जलेको खरानी । मेरा लागि जिन्दगी गेम हेरेर बित्ने भो । अस्ति च्याम्पियन लिगको फाइनल हिजो आईपीएलको फाइनल फेरि विश्वकप आयो ओहो ! क्या जिन्दगी छ, तै पनि उनी भैदिएको भए अझ रोमाञ्चक हुने थियो ।

**हिमालयन लेजेन्डरी**

मलाई त जर्सीभन्दा नि ठाउँ मन पर्‍यो । फ्याट्ट भन त कुन ठाउँ हो ? विश्वकप त मेसीले जितिसक्योभन्दा नि हुन्छ ।

**महाराजाधिराज**

नराम्रोसँग हारेको थाहा छैन जर्मनीसित ब्राजिलले । जर्मनीको हो यसपालिको विश्वकप ।

**जीडी आफन्त**

विश्वकप आउन लागेसि जताततै फ्यानै फ्यान, तै पनि यति धेरै गर्मी किन ?

**निर्जला पोखरेल**

विश्वकपमा मेस्सीले गोल ठोकिरहन्छ, अर्जेन्टिनाले विश्वकप जितिरहन्छ ।

**विश्वराज**



■ **वर्ल्डकप फिभर** : आफूलाई त ब्राजिल पनि यही, जर्मनी पनि यही, अर्जेन्टिना पनि यही । अन्त किन जाने हो ? आफ्नो भन्या आफ्नै हो । (डिल्ली ढकालको वालबाट)

तेरियाजी तपाईंले डीआइडी त जित्नुभयो तर, विश्वकप त जित्नुभएन नि, कहिले जित्नुहुन्छ, १० वर्ष, २० वर्ष कहिले ?

**प्रकाश गुरागाईं**

गोल हान्ने मेसी नै हो, विश्वकप जित्ने अर्जेन्टिना नै हो ।

**सेल्कर तामाङ**

धमलाको प्रश्न तेरियालाई : १९६२ का पेलेलाई हेरेर ब्राजिल अनि १९८६ का म्याराडोनालाई हेरेर अर्जेन्टिना मन पराउनु एउटा कुरा हो । अहिले खेलेर विश्वकप जित्नु अर्को कुरा हो ।

**सिकारु दाइ**

यसपालिको विश्वकप फुटबल विस्तारै विश्वकप फुटबल खेल फाइनलसम्म पुग्नेछ अनि सबैंका डीपीमा भएका टिमका संकेतहरू बिस्तारै हराउँदै जानेछन् ।

**कान्छी**

सके गिफ्ट, नसके उधारो भए पनि चल्छ, कोही हुनुहुन्छ टिभी दिने । विश्वकप आयो नि हजुर ।

**किश्मा किशोर**

यसपालिको विश्वकप जित्ने भनेको भुटानले हो । अरू त सब रसिया घुम्न जाने मात्र हुन् ।

**गोलो गोलो रक्स**

कसले जित्ला भनेर अर्जेन्टिना, ब्राजिल, जर्मनी र स्पेनको नाम लेखेर छान्न लगाउँदा उसले जर्मनीको नाम छान्यो ।

**रवीन्द्र**

अघिल्लो वर्ल्ड कपमा हामीसँगै हारेका डाम्नाहरू यसपालि पनि विश्वकप खेलिरा'छन् । खेल-खेल तिमीहरू कै रै'च दिन ।

**मगर लिल**

विश्वकप-२०१८ लाग्यो । जर्मनीका समर्थकहरूलाई यो कुम्भ मेलाभर 'लाइक' मात्र होइन सिधै 'लभ' रियाक्ट गरिनेछ ।

**प्रशान्त लामिछाने**

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा
के ?
★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस्।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कुलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन्।
कक्षा समय: बिहान,दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ ।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
DIPLOMATIC OPEN SCHOOL
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने चोक
Phone : 01-5527782, 9818258588
SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244

मंगल होस्

# हाँसोको मुहान खोज्दै जाँदा



मनोज गजुरेल

पहिलो पटक विदेशी भूमिमा उत्रँदैछु । जहाजको ढोकाबाट बाहिर निस्कन्छु । ओहो, कस्तो गर्मी ! तातो हावाको मुस्लोले मुटुमै हान्छ । गाडीले १५ मिनेट घुमाएर एउटा ढोकामा पुऱ्याएर छोडिदिन्छ । इमिग्रेसन लेखिएको छ । लाइनमा संसारभरिका मान्छे छन् । काला, गोरा, आर्यन, मंगोल, द्रवीण, एसियन, अफ्रिकन, अमेरिकन थरीथरीका मानिसहरू । म पनि त्यहीं भीडमा मिसिएर उभिन्छु ।

मनमनै सोच्छु, यिनीहरू पनि हामीजस्तै हाँसोको मुहान खोज्दै आएका होलान् । यिनका पनि बाबु-आमा होलान्, श्रीमती र सन्तान होलान् । रहरले त पक्कै आएका होइनन् होला । यी बंगलादेशी, श्रीलंकन, भारतीय, अफ्रिकन, पाकिस्तानी हामीजस्तै काम खोज्न आएका होलान् । यिनलाई पनि आफ्नो मातृभूमिको मायालाग्दो हो । देशमै काम गर्ने वातावरण नहुँदा नेताहरूप्रति घृणा जाग्दो हो । यस्तै सोच्दासोच्दै मेरो पालो आउँछ ।

एउटा काउन्टरमा म छु । मसँगैको काउन्टरमा एउटा कुहिरे छ । इमिग्रेसन अफिसरले उसलाई गर्ने व्यवहार र मलाई गर्ने व्यवहारमा आकाश-जमिनको फरक छ । उसलाई मुसुक्क हाँसेर स्वागत गर्छ । मलाई ठुस्स परेर बोलाउँछ । मसँग ठूल्ठुलो स्वरले बोल्छ । ऊसँग चिप्लो भएर बात मार्छ । मैले फिंगर प्रिन्ट गर्न नजान्दा हप्काउँछ, उसले बिगार्दा पनि इट्स ओके भन्छ । मलाई हिन्दीमा जाओ, जाओ भन्छ, उसलाई गुड बाई भन्छ । सायद गरिब देशको नागरिक हुनुको यस्तो पीडा अरू देशका नागरिकले पनि भोग्दा हुन् ।

इमिग्रेसन नामको यमद्वार पार गरेपछि म अरूको पछि-पछि लाग्दैछु । सामान कहाँ लिने, अलमलिन्छु । स-साना रेलजस्ता बेल्टहरू घुमिरहेका छन् । मानिसहरू आफ्ना ब्याग, सुटकेसहरू निकाल्दैछन् । म पनि त्यहीं कुर्छु, आफ्नो सामान लिन, तर सबै जना हिँडिसक्दा पनि मेरो सामानको टुंगो थिएन । के गर्ने, कसो गर्ने, अलमलमा पर्छु । सोधौं, कसैले नेपाली बुझ्दैनन्, अरू भाषा आउँदैन ।

ढुंगो खोज्दा देउता मिल्छ । एक जना नेपाली दाइ सोध्छन्, तपाईंको केही समस्या छ कि ? उनी त्यहीं काम गर्ने कर्मचारी रहेछन् । मैले भनें, मेरो सामान आएन । यद्यपि मैले नै गलत ठाउँमा कुरेछु । ती दाइले अर्को बेल्टमा लगे । मेरो सामान त्यहाँ आएको रहेछ । उनैले त्यहाँबाट निस्कने बाटो देखाइदिए । म बाटो लागें, उनलाई धन्यवाद दिंदै । मनमनै मनन गरें, आखिर आफ्नो मान्छे आफ्नै हुँदो रहेछ, स्वदेशमा होस् वा विदेशमा ।

कस्टम क्लियरेन्स भन्दो रहेछ । त्यहाँबाट पर भएपछि बाहिर पुगिंदो रहेछ । सफा सडक, चिल्ला गाडी, ठूल्ठूला भवन । गाडीको स्पिड पनि कति धेरै हो ! प्लेन उडेको हो कि गाडी गुडेको हो, पत्तै नहुने । बाहिर एक घण्टा कुरेपछि कम्पनीको गाडी आइपुग्यो । मेरै कम्पनीमा काम गर्न जाने थुप्रै रहेछन्, विभिन्न देशका । हामी गाडी चढ्यौं । त्यहाँको एउटा राम्रो नियम के रहेछ भने सिटभन्दा धेरै एक जना पनि नराख्ने । कामदारले पाउने एउटा सम्मान यो पनि लाग्यो मलाई ।

एयरपोर्ट बाहिर गाडी जहाजको गतिमा दौडन थाल्यो । म झ्यालबाहिर हेर्दै टोलाइरहेको छु । मरुभूमिमा बनाइएका राम्रा घरहरू । सफा सडक र ठूल्ठूला बजारहरू, संसारभरिका मानिसको आकर्षण । यस्तो देख्दा लाग्छ, हाम्रो देशलाई सतिले नै सरापेको हो । होइन भने प्रकृतिक सम्पन्नताले भरिपूर्ण देश छोडेर हामी किन बिदेसिनुपर्थ्यो ? चाहँदा त हुँदो रहेछ त । यो बालुवाको भरुभूमिको तुलनामा हाम्रो देशमा के कमी छ र ? तर जनमुखी सरकार, दबाबकारी प्रतिपक्ष र खबरदारी गर्ने जनता नभएपछि हामीले यसरी नै परदेसिनुपरेको छ ।

गाडीको गति जति-जति बढ्छ मेरो दिमागमा प्रश्नैप्रश्नको बाढी दौडिन्छ । बा-आमा के गर्दै होलान् ? एक दिन मलाई नदेख्दा छोरी रुन्थी, अब के गर्दी होली ? गाईले मलाई मात्र दूध दिन्थ्यो, कसले दुहुने होला ? फेरि आफ्ना बारेमा सोच्न थाल्छु । यस्तो गर्मीमा कसरी काम गर्ने ? बिरामी भएँ भने पानी दिने को होला ? मलाई कथंकदाचित केही भैहाल्यो भने परिवारको अवस्था के होला ? आदि इत्यादि ।

धेरै प्रश्न आए दिमागमा । सबैभन्दा धेरै आएको प्रश्न हो, हाम्रो देश कहिले यस्तो बन्ला ? बाटाघाटा, पुलपुलेसा, नीति-नियम, सफा-सुन्दर, विकसित, समुन्नत । के बन्छ त हाम्रो देश ? पहिलो पटक विकसित देशमा पाइला टेक्ने हरेक नेपालीको मनमा उठ्ने पहिलो प्रश्न पनि यही होला । मनमनै सम्झन्छु, मेरा पालामा त त्यस्तै हो, छोरा-नातिका पालामा चाहिँ कुन्नि ?

गाडी रोकिन्छ । सबै उत्रिन्छन् । म पनि उत्रिन्छु, नयाँ जीवन, नयाँ जगत र नयाँ दैनिकी सम्हाल्न । थाहा छैन, कस्तो कष्ट बेहोर्नुपर्ने हो ? **क्रमशः**

युवा मन

# दु:खको मूल्य



सुविन भट्टराई

दु:ख दु:खै हो । दु:खको रङ्ग सुखको रङ्गभन्दा धेरै फरक छ । हरकोहीलाई दु:ख छेउमै नआइदियोस् जस्तो लाग्छ । हरकोहीलाई यसको छेउछाउबाट पनि गुज्रनु नपरोस् जस्तो हुन्छ । मान्छे दु:खी हुनु नपरोस् भनेर संघर्ष गर्दै गर्दा थाकेर दु:खी छ । मान्छे संसारमा दु:ख किन छ भन्ने सोचेर नै दु:खी छ । मान्छे सुखको धेरै लोभ गर्ने भएकाले दु:खी छ । मान्छे दु:खी छ, दु:खसित बसउठ गर्न नजानेकाले । मान्छे दु:खी छ, दु:खसित राम्रोसँग परिचित हुन नसकेकाले ।

मान्छे दु:खी छ दु:खलाई आत्मसात् गर्न अभ्यस्त नभएकाले ।

दु:खको अस्तित्व देखेर नै सिद्धार्थ गौतम बुद्ध भए । हरदु:ख विष होइन । हर दु:ख दुस्मन पनि हुँदैन । हरदु:खले सधैँ दु:ख दिँदैन । दु:ख सधैँ हाम्रो यात्राको अवरोध बनेर आउने पनि होइन । हर दु:खका बादलले आँसुको वृष्टि गराउने पनि होइन । दु:ख पनि क्षणभङ्गुर हो, सुखजस्तै । मानिसको जीवनमा हरेक दु:खको पनि आयु हुन्छ, सुखको जस्तै ।

ooo

प्रकृतिले आँसुलाई परेलीमै कतै थुनिराख्न बनाएको होइन, भित्रैदेखि निचोरिएर बगाइदिन बनाएको हो । आँसु सुकेर रसाएको हाँसो जतिको मीठो संसारमा खै अरू के होला र ?

हरदु:खले सुखलाई पछ्याइरहेको हुन्छ । हरसुखले पनि दु:खलाई पछ्याइरहेको हुन्छ । हरकोहीको जीवनमा यी दुवैको ठाउँ छ । हुनुपनि पर्छ । दु:खसित डराएर जथाभावी दौड्नु पनि मूर्खता हो । सुख देखेर अन्धाधुन्ध पछि लाग्नु पनि मूर्खतै हो ।

केही दु:खले मान्छेलाई मान्छे बनाउँछन् । केही मान्छेले दु:खलाई मनमनमै गुणन गरे जबरजस्त ठूलो बनाउँछन् । केही दु:खले मान्छेलाई दुनियाँ चिन्न सघाउँछन् । केही दु:खले मान्छेलाई जीवनभर कसैले नपढाएको पाठ सिकाउँछन् ।

मान्छेलाई दु:ख मात्र पर्नुपर्छ, साथी र शत्रु पनि सर्लक्कै छुट्टिन्छन् । मान्छेलाई दु:ख मात्र पर्नुपर्छ, ठिक्क पार्ने र माया गर्नेका रङ्ग पनि देखिन्छ ।


दु:खैले त हो आफैँलाई निखार्न सकिने, दु:खैले हो आफैँलाई तिखार्न सकिने । दु:खहरू छन् र त सुखको पनि मूल्य छ । सधैँ हाँस्दा त हाँसोको पनि स्वाद हुँदैन । सधैँ रमाउँदा त रमाइलोको पनि मजा हुँदैन । सधैँभरिको एकनासको खुसीमा त मान्छे खुसी भैरहन पनि सक्दैन । हरेक दिन दीपावली भयो भने उज्यालोको पनि के मूल्य होला ? हरेक दिन शनिबार भयो भने त्यही शनिबार हाम्रो दु:खको कारण बन्ला । हप्ताभरि काम गर्नेले शनिबारको स्वाद जसरी लिन्छन्, त्यसरी लिएको सुखको स्वाद मीठो । दिनभरि थाकेर बेलुकी ओछ्यानमा पल्टँदाको सु:ख र आराम दिनभरिको दु:ख र श्रमका कारण नै मीठो छ ।

दु:ख भन्ने चीज तत्कालका लागि मात्र दु:ख हुन्छ, कालान्तरमा त्यही दु:ख अनुभवको दराजमा एउटा स्मृतियोग्य खजाना बनेर बसिदिन्छ, जसलाई अनुभवको त्यो दराज खोलेर बेला-बेला ओल्टाइ-पल्टाइ गर्न मन लाग्छ । सुमसुम्याउन मन लाग्छ । कुनै समयमा कसैले भोगेको दु:ख नै संसारमा धेरै पढिने पुस्तक भएका छन्, धेरै सुनिने संगीत भएका छन्, धेरै हेरिने चलचित्र भएका छन्, सुनिरहूँ लाग्ने कुरा भएका छन् । दु:ख ऊर्जा हो, जसबाट सयौँ वाटको बिजुली नबले पनि हजारौँ लाखौँ मान्छेका लागि सिक्ने-सिकाउने कुरा निस्कन्छन् । दु:ख पिरो अचार हो, जसले जिन्दगी नाउँको परिकारलाई ट्वाक्क बनाइरहेको छ ।

मलाई सुखको त्यो उचाइ प्रिय लाग्छ जहाँ पुग्नका लागि मैले दु:खका केही खुड्किला पार गरेको छु ।




यात्रा सन्दर्भ



किशोर नेपाल

# मेरो अतीत पतित छ

यसपटक मेरो यात्राको सन्दर्भ जोडियो झम्सिखेल, ललितपुरको 'मोक्ष' सँग। कुमार नगरकोटीको नवीनतम कृति 'ज्ञ' लाई निर्वस्त्र उतारिँदै थियो मानिसहरूको निकै ठूलो भीडमा। जताततै मानिस नै मानिस। महिला र पुरुष बराबरीको संख्यामा। संख्यामा नभए पनि संविधान र कानुनका हिसाबले बराबर। हामी नेपालीहरू जनसंख्यामा समेटिएका ५१ प्रतिशत महिलामध्ये जम्मा ३३ प्रतिशत महिलालाई शासनमा समावेश वा प्रतिनिधित्व गराएर आधुनिक भएका छौं। देशभरिका गाउँ र नगरपालिकामा महिलाहरू उपमेयर बनेका छन्। कता कुनै कुनामा एक जना महिला मेयर भएको हल्ला चलेको थियो। त्यो समाचार कन्फर्म नै होला। निर्वाचन आयोगले यसलाई आफ्नो विशिष्ट बुलेटिनमा स्थान दियो कि दिएन ? कुरा त्यत्ति हो।

'ज्ञ' मा कुमार नगरकोटीले यो कुरा लेखेका छैनन्। लेखेका भए पनि कलम घुमाइ-घुमाइ लेखेका होलान्। उनको ज्ञान अर्थात् 'ज्ञ' को विमोचन समारोह रमणीय र स्मरणीय दुवै थियो। एक हिसाबले कुमारले यो समारोहमार्फत नेपालको संस्कृतिलाई चुनौती दिएका थिए। उनको 'ज्ञ' को पर्दा खोल्ने समारोहमा पन्चकन्याको उपस्थिति भएन। त्यसको सट्टा पाँच जना मर्दलाई त्यहाँ उभ्याइयो, जसमा एक जना पनि कुमार थिएनन्। राजन गोदार कुमार हुन् वा पुरुष ? यस विषयमा स्तम्भकारलाई थाहा भएन। होइन भने राजकुमार बानियाँ, घिमिरे युवराज, विप्लव प्रतीक र पोखराका गनेस पौडेलका बारेमा नेपालका सबै सहर-बजारमा धेरथोर सबैले जानेका छन्।

त्यो जमघटमा जबर्जस्त महिला चेतना भएका नारीहरूको पनि बाक्लै उपस्थिति थियो। पुस्तकको विमोचन सगुना शाहबाट सम्पन्न भएको थियो भनेपछि नारीहरूको कुरा गर्नै परेन।

मंगलबार बिहान कुमार नगरकोटी र म कफी गफमा थियौं– 'ज्ञ' विमोचन समारोहको चर्चा गर्दै। पन्चकन्याको सट्टा पन्चपुरुषले परम्परा तोडन खोजेको तथ्यलाई उनले ठाडै इन्कार गरे। उनले भने– हामीले त ती पुरुषमा नाटकका महारथी अनुप बराल र मण्डला थिएटरका अधिपति राजन खतिवडा समेतलाई राखेर सप्तऋषि बनाउन खोजेका थियौं, तर अनुप पोखरातिरै अलमलिए, राजन विमोचनको दिन बिहानै काम पर्‍यो भनेर उछिट्टिए। कुमार मेरो कुरामा सहमत थिए कि यो अलिकति गिमिक पनि थियो। खर्पनमा ल्याइएको 'ज्ञ' का प्रतिहरूको विमोचन सगुनाबाट भएपनि माल्ट ह्विस्कीको विमोचन गर्ने सौभाग्य पन्च पुरुषले पाए अनि उनीहरूले त्यो एक लिटर माल बाँडीचुँडी खाए।

कुमारकै मुखारविन्दबाट सुनेको हो मैले : विमोचनको स्टेजमा के हुन्छ भन्ने त मास्टर अफ सेरेमोनी भूपेन्द्र खड्कालाई पनि थाहा थिएन। त्यहाँ पूरै अराजकता थियो। त्यत्रो माल्ट ह्विस्की आयो। त्यसको नाम के थियो ? मलाई नै थाहा भएन। भूपेन्द्रले पनि थाहा पाएन होला। कहिलेकहीं रक्सी नखाएका बेला पनि रक्सी लाग्छ– यसलाई आफ्टर इफेक्ट भनौं। विमोचन गर्ने भनेको बडो फिजुलको काम हो। विमोचन गर्ने भैसकेपछि त्यसलाई राम्रोसँग, सानदार तरिकाले गर्नुपर्छ भन्ने तर्कमा भूपेन्द्रको पनि सहमति होला। जतिसुकै ठूलो समीक्षक भए पनि उसले किताब पढ्दै नपढी गरेको समीक्षाभन्दा त तमासा नै राम्रो होइन र ? शनिबार दिउँसो विमोचन छ। शुक्रबार राति आउँछ प्रेसबाट किताब।

कफी गफका क्रममा मैले कुमारसँग सोधें, 'हामी देहव्यापारमा लागेका नारीहरूलाई 'नगर वधू' भन्छौं। यसमा के भनाइ छ ? नगर वधू भएपछि 'नगर वर' पनि त हुनुपर्‍यो नि ?'

कुमारले भने, 'हो, हुनुपर्छ। जसलाई हामी जिगोलो भन्छौं त्यही त हो नगर वर भनेको।' हामी सहमत भयौं– यो 'नगर वर' शब्द नेपाली भाषामा चल्नुपर्छ। यो शब्दको प्रचलन गजबकै हुन्छ। भाषाको ढोका थुनेर जो बसेका छन् तिनले स्वतन्त्रताको मूल्य बुझ्नुपर्छ। यी एनजीओवालाहरूले अहिले भाषाको खाल्डो खनेका छन्। भाषा पनि तिनले अराए-सिकाएजस्तो बोल्ने हो र ?

कफी गफ सकिने सकिने बेलामा कुमारले कुरा जमाए, 'दाइ, मेरो अतीत पतित छ।' यस विषयमा विस्तृत खुलासा पछि होला। अहिले हामी दुवैलाई त्यसको हतार छैन। 'लेख्नु भनेको आनन्द हो। त्यो आनन्द अरूलाई आए पनि नआए पनि लेखकलाई आउनुपर्छ। लेख्दालेख्दै कुनै लेखाइले सन्तुष्टि दिन सकेन भने त्यसलाई डम्प गरिदिनुपर्छ। आफैंलाई मज्जा आएन भने के लेख्ने र किन लेख्ने ? किताबको कभरमा कुमारको फोटो हुनैपर्छ। त्यो उनको अर्धांगिनीको इच्छा हो। त्यो पनि एक प्रकारको आनन्द हो।



■ कुमार नगरकोटी, लेखक

तस्बिर : नवराज बाग्ले

## प्रतिक्रिया




यसलाई कसरी हेर्ने भन्ने कुरा हो (समय सन्दर्भ : भैंसीगोठको रिबन)। सकारात्मक रूपमा हेर्ने हो भने त्यति नकारात्मक टिप्पणी गरिरहनु जरुरी छैन। यो पनि अन्य पेसाजस्तै सम्मानजनक काम हो।

**चिरन बस्नेत**

फरक देशका फरक खेलाडीहरूका बारेमा पढ्न पाउँदा रमाइलो लाग्यो (हेर्न लायक १० खेलाडी)। नेपाली खेलाडीहरूका बारेमा पनि पढ्न पाइयोस्।

**गणेश मण्डल**

यति धेरै रंगशाला ! (विश्वकप-२०१८– विश्वकप हुने १२ रंगशाला)। रूसका विश्वकप रंगशालासम्बन्धी सामग्री पढेपछि आश्चर्य लाग्यो। एउटा खेलका लागि कति ठूलो तयारी गरेको रहेछ रूसले ?

**अमृत न्यौपाने**

नेपालका विकट ठाउँहरूलाई चलचित्रको पर्दामा देखाइनु सकारात्मक कुरा हो (जाजरकोटमा मालिका)। अभिनेत्री रेखा थापाले त्यो प्रयास गरेकी छिन्। अन्य कलाकार तथा चलचित्र निर्माताहरूले पनि यतातिर ध्यान पुर्‍याउनुपर्‍यो।

**अनन्त जोशी**

मिस नेवाः २०१८ को उपाधि हात पार्नुभएकोमा रिजु मानन्धरलाई बधाई (रिजु भइन् मिस नेवाः २०१८)। अन्य प्रतिस्पर्धामा पनि सफलता मिलोस्– शुभकामना।

**कमल मानन्धर**

सुन तस्करीमा राजनीतिक संलग्नताको आरोप लगाइसकेपछि गोरेले अब वास्तविकता खोल्नुपर्‍यो (अपराध : अदालतमा गोरेको बयान)। पटक-पटक बयान फेर्दा अन्यौल थपिन्छ र आफैं फटाहा साबित भइन्छ। जनतासामु सत्यतथ्य अवताउनुपर्‍यो।

**नारायण पौडेल**

निपा भाइरससम्बन्धी सामग्री जानकारीमूलक छ (जोगिऊँ निपा भाइरसबाट)। साप्ताहिकमा समसामयिक विषयका यस्तै लेख पढ्न पाइयोस्।

**गौतम बाँस्कोटा**

प्रेम, यौन, गर्भधारण तथा प्रजनन स्वास्थ्यसँगै सबै अधिकार महिलामा आएपछि पक्कै धेरैलाई खुसी बनाएको होला। (फ्रन्टपेज : ब्याचलर मम्) यद्यपि यो कुराले कतै समस्या सिर्जना नहोस्, द्वन्द्व नबढोस्।

**पार्वती श्रेष्ठ**

मनोज गजुरेलको हाँसोको मुहान खोज्दै जाँदा लेखले मन छोयो (हाँसोको मुहान खोज्दै जाँदा- ५)। कता-कता मन पनि कटक्क खायो। पैसाले सुख दिए पनि खुसी भने दिँदैन। तैपनि त्यसका लागि ज्यान फालेर बिरानो देशमा काम गर्नु पर्ने नियति छ। नेपालमै काम गर्ने अवसर धेरैका लागि खुसीको विषय हुने थियो।

**सुशील भण्डारी**

यति धेरै भाषा, धर्म, संस्कृति भएको देशमा हामी नेपालीहरू मिलेर बसेका छौं (बदलिँदो समाज र परिवर्तित नेपाली जीवनशैली)। यद्यपि राजनीतिका नाममा फाटो ल्याउने काम बेठीक छ। यस विषयमा नेपालीहरू आफैं सचेत हुनु जरुरी छ।

**सञ्जीव लामिछाने**

नेतृत्वले ठूला सपनाहरू देखाइरहँदा साना कुरामा पनि ध्यान दिनुपर्‍यो (यात्रा सन्दर्भ : रेलको खेल)।

बाटोघाटो फराकिलो हुनुपर्‍यो। खाल्डाखुल्डी हुनु भएन। कसैले खानेपानीको समस्या भोग्नु नपरोस्। यस्ता कुरा सबैभन्दा पहिले सम्बोधन हुन जरुरी छ।

**हिमाल खड्का**

कीर्तिमानी आरोही कामीरिता शेर्पालाई बधाई छ (अन्तरवार्ता : सगरमाथालाई तीन पटक ढोगेर माफी माग्छु)। तपाईंको अथक प्रयास खेर जाने छैन।

**संयोग लिम्बू, नेत्र काफ्ले**

यो स्मार्ट स्टिक सर्वसुलभ बनाइयोस् (साइन्स एन्ड टेक्नो : दृष्टिविहीनका लागि स्मार्ट स्टिक)। दृष्टिविहीनहरूले सहजै उपयोग गर्न सकून्।

**प्रेम भण्डारी**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस्।

Like us on Facebook
facebook.com/kantipursaptahik

# पहिलो नजरमै मनीषालाई एसाइन गरिसकेको थिएँ



■ सुभाष घई, निर्माता/निर्देशक

तस्विर : महेश प्रधान

कुनै बेला हिन्दी चलचित्र उद्योगमा 'शो म्यान' को उपनाम पाएका चलचित्रकर्मी सुभाष घई यो साता काठमाडौंमा झुल्किए । चलचित्र निर्माता छविराज ओझासहितको समूहले सञ्चालन गरिरहेको कान्तिपुर फिल्म एकेडेमीको निम्तोमा घई गत शनिबार काठमाडौं ओर्लिएका थिए । काठमाडौं आएको दिन मैतीदेवीस्थित एकेडेमी परिसरमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गरेका घईले आईतबार अन्नपूर्ण होटलमा आयोजित प्रशिक्षण तथा कार्यशालामा झन्डै दुई घण्टा बिताए । निर्देशक समाजका पूर्वअध्यक्ष तथा सञ्चारकर्मी दिनेश डिसीसहित आफैंसँग आएका दुई भारतीय चलचित्रकर्मीसँग इयासमा रहेर घईले प्रशिक्षणमा सहभागी करिब १ सय नेपाली चलचित्रकर्मीलाई आफ्नो झन्डै पाँच दशक लामो चलचित्र अभिनय, निर्देशन, निर्माण तथा पछिल्लो समय आफू आबद्ध अध्यापनका बारेमा अनुभव साटासाट गरे । काठमाडौं बसाइका क्रममा ७३ वर्षीय घई उद्योगपति विनोद चौधरी तथा अभिनेत्री मनीषा कोइरालाद्वारा आयोजित दुई भिन्न रात्रिभोजमा समेत सहभागी भए । यसबीच गत आइतबार अन्नपूर्ण होटलकै तेस्रो तल्लाको आफ्नो सुइटमा निर्देशक घईले साप्ताहिककर्मी कृष्ण भट्टराई सँग लामै कुराकानी गरे ।

**काठमाडौंको भ्रमण कस्तो रह्यो ?**

कान्तिपुर फिल्म एकेडेमीको निमन्त्रणामा भएको मेरो तीनदिने भ्रमण असाध्यै फलदायी रह्यो । एकेडेमीले आयोजना गरेको युवा चलचित्रकर्मीहरूलाई हौसला प्रदान गर्ने कार्यक्रममा सहभागी भएर आफ्नो कुरा भन्न पाउँदा खुसी लाग्यो । यसका साथै मैरै चलचित्रबाट हिन्दी चलचित्रमा पाइला राख्ने मनीषा कोइरालाको आतिथ्यता तथा उद्योगपति विनोद चौधरीले दिनुभएको रात्रिभोजमा नेपाली चलचित्रसहित अन्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरूसँगको भेटघाट पनि रोमाञ्चक रह्यो ।

**कत्तिको व्यस्त हुनुहुन्छ ?**

पछिल्ला केही वर्षयता म चलचित्र निर्माण/निर्देशनमा सक्रिय छैन । सन् २०१२ मा मेरै नेतृत्वमा मुम्बईको फिल्मसिटीमा 'विस्लिङ उड्स इन्टरनेसनल इन्स्टिच्युट' स्थापना गरेर त्यसको सञ्चालन गरिरहेको छु । मनोरञ्जनका सबै विधा अध्यापन गराइने उक्त कलेज शैलीको एकेडेमीलाई आजको मितिसम्म आइपुग्दा विश्वकै उत्कृष्ट १० फिल्म

पृष्ठ ८ मा







## विश्वकप – २०१८


# अत्याधुनिक प्रविधिको प्रयोग

आभाष अधिकारी






**अत्याधुनिक प्रविधिलाई आत्मसात् गर्दै यसपालि विश्वकप फुटबलमा भीएआर (भर्चुअल एसिस्टेन्ट रेफ्री) प्रविधिको प्रयोग हुँदैछ । भिडियो एसिस्टेन्ट रेफ्रीले यसपालिको विश्वकप फुटबलका ६४ वटै खेलका अफिसियलहरूलाई मद्दत गर्नेछन् भने भीएआरको टिम मस्कोस्थित केन्द्रीकृत भिडियो अपरेसन कोठामा हुनेछ । भिडियो एसिस्टेन्ट रेफ्रीसँग सबै ब्रोडकास्ट क्यामेरा र दुईवटा अफसाइड क्यामेराको पहुँच हुनेछ । यद्यपि भिडियोले खेलमा कुनै पनि निर्णय गर्नेछैन, बरु रेफ्रीलाई कुनै निर्णयमा पुर्याउन मद्दतचाहिँ गर्नेछ ।**



### के हो भीएआर ?

भीएआर ती व्यक्तिहरूको समूह हो जसले मुख्य रेफ्रीले गरेका निर्णयलाई भिडियो मा रिप्ले हेरेर गल्ती भएको खण्डमा निर्णय लिन सहज बनाउँछ । समूहमा भिडियो एसिस्टेन्ट रेफ्री (जो खेलमै रेफ्री भैसकेको व्यक्ति हुन्छन्) र उनका सहायकहरू हुन्छन् जो निरन्तर रूपमा भिडियो अपरेसन गर्ने कोठामा रहेर खेललाई निगरानी गरिरहेका हुन्छन् ।

### कस्तो बेला भीएआरको प्रयोग हुन्छ ?

१. **गोल**

खेलका बखत गोल भए-नभएको निर्णय गर्न यो प्रविधिको प्रयोग हुनेछ । अफसाइड र गोलमा भैरहने विवादलाई यसले साम्य गर्ने अनुमान सहजै गर्न सकिन्छ ।

२. **पेनाल्टी निर्णय**

पेनाल्टी दिने क्रममा कुनै गलत निर्णय हुन नदिन भीएआर प्रविधिको प्रयोग हुनेछ ।

३. **रातो कार्ड सोझै दिने अवस्था**

खेलाडीलाई सोझै रातो कार्ड दिनुपर्ने अवस्था सिर्जना भए भीएआर प्रविधिमार्फत घटनाको पुनरावलोकन गर्न सकिनेछ ।

४. **गलत निर्णय**

मुख्य रेफ्रीले अन्जानवश गर्ने गल्ती न्यूनीकरण गरेर त्यसलाई सच्याउन यो प्रविधिको प्रयोग गरिनेछ ।

### एभीएआर-१ (असिस्टेन्ट भीएआर)

मुख्य क्यामेरासँगै काम गर्ने एभीएआर-१ ले भीएआरसँग मिलेर खेलको प्रत्यक्ष प्रसारण हेर्दै कुनै घटना भए भीएआरलाई जानकारी गराउनेछन् ।

### एभीएआर-२

अफसाइड स्टेसनमा हुने सहायक रेफ्रीले एभीएआर-२ का रूपमा रहँदै अफसाइडको अवस्था आँकलन गर्छन् भने भीएआर चेकको प्रक्रियालाई चुस्त बनाउन भूमिका खेल्छन् ।

### एभीएआर-३

टेलिभिजन कार्यक्रमको फिडलाई ध्यान दिँदै यी एसिस्टेन्ट रेफ्रीले भीएआरलाई मद्दत गर्दै भीएआर तथा अफसाइडमा रहेका एभीएआरसँग अन्तर्क्रिया गरिरहनेछन् ।

### भीएआर टिम :

भीएआर टिममा एक जना भिडियो एसिस्टेन्ट रेफ्री तथा तीन जना सहायक भिडियो एसिस्टेन्ट रहनेछन् । सबै रेफ्री फिफाको उच्च पदमा रहेका म्याच अफिसियलहरू हुनेछन् ।

२०१८ को विश्वकप फुटबलका लागि फिफाले १३ जना रेफ्रीको चयन गरिसकेको छ जसले भिडियो एसिस्टेन्ट रेफ्रीका रुपमा काम गर्नेछन् ।

### भीएआर

भीएआरले मुख्यतः मुख्य क्यामेराको अवलोकन गर्छन् । पूरै भीएआर टिमको नेतृत्व गर्ने निर्णायक निरन्तर रेफ्रीसँग पनि संवादमै रहनेछन् ।

### भीएआरमा क्यामेराको प्रयोग

भिडियो एसिस्टेन्ट रेफ्रीको टिमसँग सबै क्यामेराको पहुँच हुन्छ । यी क्यामेरामा ३३ वटा ब्रोडकास्ट क्यामेरा हुनेछन्, जसमध्ये ८ वटा 'सुपर स्लो मोसन' ४ वटा 'अल्ट्रा स्लो मोसन' हुन्छन् । यसका अतिरिक्त यो समूहसँग २ वटा अफसाइड क्यामेराको पनि पहुँच हुन्छ, जसको पहुँच उनीहरूबाहेक अरू कसैसँग पनि हुँदैन । त्यस्तै नकआउट चरणमा गोलपोस्टको पछाडि रहने दुईवटा अतिरिक्त अल्ट्रा स्लो मोसन क्यामेराको पहुँच पनि भीएआर टिमसँग हुनेछ । स्लो मोसन क्यामेराको प्रयोग मुख्यतः खेलाडीबीच हुने शारीरिक प्रक्रिया, जस्तै जानीजानी अर्को खेलाडीलाई धक्का दिँदा कुन ठाउंमा कसरि छोइयो भनेर विश्लेषण गर्न प्रयोग हुन्छ ।

भिडियो एसिस्टेन्ट रेफ्रीले प्रत्येक खेल निरन्तर अवलोकन गर्दै 'गेम चेन्ज'को अवस्था आए मुख्य रेफ्रीसँग सहकार्य गर्दै निर्णय प्रक्रियालाई सहजीकरण गर्न मद्दत गर्नेछन् । गोल हुँदा, पेनाल्टीको अवसर आउँदा वा कुनै विशेष कारणवश पेनाल्टी र गोल हुँदा, सोझै रातो कार्ड पाउने अवस्था आए वा कुनै गल्ती फेला परे भीएआरको टोली रेफ्रीलाई मद्दत गर्न सधैं तत्पर रहनेछ ।

फिफा वर्ल्डकप-२०१८ का रेफ्रीहरूलाई कुन समयमा भिडियो एसिस्टेन्ट रेफ्रीले दिएको जानकारी लिने, कुन समयमा निर्णय लिनुअघि भिडियो फुटेज हेर्ने भन्ने निर्देशन पनि दिइसकिएको फिफाले बताएको छ ।

### भर्चुअल अफसाइड लाइन

अफसाइडको निर्णय निकै छोटो समयमा दिनुपर्ने हुनाले धेरैजसो समयमा अफसाइड विवाद पनि आइ नै रहन्छ । यही विवाद न्यूनीकरण गर्न यसपालिको वर्ल्डकपमा भर्चुअल थ्रीडी अफसाइड लाइन भिडियो रेफ्रीलाई उपलब्ध हुनेछ ।

## भारको डेब्यु





जति बेलासम्म अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) को नेतृत्व सेप ब्लाटरको हातमा थियो, उनले यो खेलमा प्रविधिलाई प्रवेश दिएनन् । ब्लाटर भन्थे, 'म रहुन्जेल फुटबलमा निर्णयका लागि प्रविधिको मदत लिइनेछैन ।' नभन्दै उनी जति समय फिफामा रहे, फुटबलले प्रविधिको सहयोग लिन चाहेन । अहिले उनी फिफामा छैनन्, नयाँ नेतृत्व जियानी इन्फान्टिनोको हातमा छ । इन्फान्टिनो फिफामा के आए, फुटबलमा प्रविधिले प्रवेश पाइहाल्यो ।

यी नयाँ अध्यक्ष फुटबलमा प्रविधिको प्रयोगमा उदार छन् । प्रत्येक विश्वकपमा केही न केही नयाँ देख्न पाइन्छ । यसकै शृङ्खलाका रूपमा यसपटक विश्वकपमा 'भार' ले डेब्यु गर्दैछ, अर्थात भीएआर प्रविधि । यसको प्रयोग सबैभन्दा पहिले कन्फेडेरेसन कपमा भएको थियो । विश्वकपको तयारीका रूपमा हुने कन्फेडेरेसनकप रुसमै सञ्चालन भएको थियो र त्यसक्रममा 'भार' पनि प्रयोगमा आयो । त्यति बेला यो प्रविधि विवादबाट मुक्त त रहेन, तर सबैले यसको आवश्यकता भने महसुस गरे ।

भीएआरको पूरा रूप हो, भिडियो एसिस्टेन्ट रेफ्री । क्रिकेटमा यो प्रविधि थर्ड अम्पायरका नाममा धेरै अघि प्रयोगमा आइसकेको छ, । यसले खेलका क्रममा जटिल निर्णयका लागि रेफ्रीलाई मद्दत गर्नेछ र त्यसका लागि सहायकहरूले यो भिडियाको उपयोग गर्नेछन् । उल्लेखनीय के छ भने 'भार' ले आफै निर्णय भने गर्न पाउने छैन । उसको काम मुख्य रेफ्रीलाई सहयोग गर्ने मात्र हो । रेफ्रीले यो प्रविधिको सहयोग लिनुपरे हातले आयाताकार संकेत गर्ने छन् ।

## मोबाइलमा विश्वकप




यो वर्ल्डकप टिभीमा हेर्न तपाईंसँग उपयुक्त समय छैन ? खेलकै समयमा आफ्नो कार्यालय गएर काम गर्नुपर्ने अवस्था पो छ कि ? त्यसै कारण तपाई यसपटकको विश्वकप फुटबल आफ्नो स्मार्ट फोनमा हेर्ने बिचार गर्दै हुनुहुन्छ ? मोबाइलमा एप डाउनलोड गरेर वर्ल्डकप फुटबल स्ट्रिमिङको मज्जा लिने सोचमा हुनुहुन्छ भने विचार गर्नुभएको छ तपाईंले कति डाटा खर्च गर्नुहुन्छ ?

मोबाइल फोन रिटेलर 'फोन्हाउस'ले वर्ल्डकप फुटबल मोबाइलबाट हेर्दा कति मोबाइलडाटा प्रयोग हुन सक्छ भनेर एउटा विवरण प्रकाशित गरेको छ । विवरण अनुसार सबैभन्दा बढी मोबाइल डाटा चर्चित टिमहरू जस्तै फ्रान्स, अर्जेन्टिना, ब्राजिल, जर्मनीको खेलमा खर्च हुनेछ । वर्ल्डकपमा यी टिमले सातवटा खेल खेल्ने प्रक्षेपण गर्दै यी टिमको खेलमा ३ दशमलव १५ जीबी मोबाइल डाटा प्रयोग हुन सक्ने अनुमान गरिएको छ ।

विश्वकप फुटबलका सम्पूर्ण खेल एपमार्फत हेर्दा जम्मा २८ दशमलव ८ जीबी मोबाइल डाटा प्रयोग हुने कुरा जानकारी गराइएको छ । सुरुवाती चरणमै ठूला टिम वर्ल्डकपबाट बाहिरिए मोवाइल डाटाको प्रयोगमा पनि कमी आउनेछ । धेरै डाटा खपत गराउने अन्य टिममा स्पेन, पोर्चुगल तथा बेल्जियम पनि हुन् ।

वर्ल्डकपमा ३ खेल मात्र खेल्न सक्ने प्रक्षेपण गरिएको साउदी अरेबियाको खेलमा १ दशमलव ३ जीबी डाटा मात्र खर्च हुने आँकलन छ । त्यसैगरी इंग्ल्यान्डको खेलमा १ दशमलव ८ जीबी डाटा खर्च हुन सक्छ ।

'फोनहाउस'का अनुसार माथिका सबै विवरण वर्ल्डकप फुटबल बिबिसी आइप्लेयर एप अथवा आइटिभी हब प्रयोग गरेर हेर्दा आउने तथ्य हुन् । बीबीसी आइप्लेयर र आइटिभी हब दुवैले वर्ल्डकप फुटबलका खेलहरू देखाउनेछन् ।

## सूक्ष्मग्रहको नाम देविना थापा

विजय थापा

अमेरिकाको म्यासाचुसेट्स राज्यमा १ सय ५७ वर्षअघि स्थापित म्यासाचुसेट्स इन्स्टिट्युट अफ टेक्नोलोजी (एमआईटी) विश्वविद्यालयले नेपाली मूलकी छोरीलाई सम्मान गर्दै सूक्ष्मग्रहको नाम 'देविना थापा' नामाकरण गरिदिएको छ । एमआईटी विश्वविद्यालयले उक्त नक्षत्रलाई १८ वर्षीया देविना थापाको नाम दिनुले निकै अर्थ राख्छ । एमआईटीले विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्ने क्रममा देवीना थापाको अनुसन्धान कार्यको सम्मान गर्दै नयाँ ग्रहको नामाकरण 'देविना थापा' गरेको हो ।

म्यासाचुसेट्स इन्स्टिट्युट अफ टेक्नोलोजी (एमआईटी) लिङ्कन प्रयोगशाला अन्तरिक्ष बिभाग का प्रमुख ग्रान्ट एच स्टोक्सले देविना थापालाई सन् २०१७ मा दोस्रो इन्टेल अन्तराष्ट्रिय विज्ञान तथा इन्जिनियर्स मेलामा दोश्रो स्थान हासिल गरेकोमा उनको सम्मान गर्दै सूक्ष्म ग्रहको नाम उनकै नाममा राखेको बताएका छन् ।



उक्त विश्वविद्यालय भौतिक विज्ञान तथा अभियन्त्रणा (इन्जिनिरिङ) को शिक्षा तथा अनुसन्धान गर्ने विषयमा चर्चित प्रसिद्ध भए पनि जीव-विज्ञान, अर्थशास्त्र, बहुभाषा अध्ययन तथा व्यवस्थापनसम्बन्धी अनुसन्धानसमेत गर्छ । निजी अनुसन्धानमा ख्यातिप्राप्त उक्त विश्वविद्यालय म्यासाचुसेट्सको क्याम्ब्रिज सहरमा छ ।

भर्जिनियाको स्टर्लिङ सहरमा बसोबास गर्ने १८ वर्षीया देविना समाजसेवामा उत्तिकै क्रियाशील छिन् । गर्मीको बिदामा छुट्टी मनाउन नेपाल जान रुचाउने थापा गत वर्षको गर्मीमा नेपाल पुगी माइती नेपालमा दुई हप्ता स्वयम्सेवकका रूपमा सक्रिय थिइन् ।

अमेरिकाको प्रतिष्ठित लाउडन एकेडेमी अफ साइन्समा प्रवेश पाउने एक मात्र छात्रा देविनाको अनुसन्धान एन्टीबायोटिक अफ अल्टरनेट 'अर्थात् प्रतिजैविकको विकल्प पत्ता लगाउने विषयमा केन्द्रित छ ।

# कलाकारको इनबक्स



रामजी ज्ञवाली

कलाकारहरूले चलाउने फेसबुक तथा उनीहरूका पेजका पोस्ट त हामी सबैले देखिरहेकै हुन्छौं । हामीमध्ये कतिपयले ती पेज र पोस्ट लाइक गर्छौं, कमेन्ट गर्छौं । चित्त बुझे सेयर पनि गर्छौं, तर उनीहरूको फेसबुक इनबक्समा कस्ता खालका म्यासेज आउँछन् त ? त्यो भने रहस्यमै रहन्छ ।

महानायक राजेश हमालको फेसबुक एकाउन्टमा २ लाख २० हजार ९ सय ९३ फलोअर्स छन् भने ४ हजार ७ सय १६ जना साथी छन् । लामो समय भयो, महानायकको फेसबुक इनबक्समा दिनको सयभन्दा कम म्यासेज त आउँदै आउँदैन । विगतमा फोन र चिठीमार्फत कुरा हुन्थ्यो, महानायक हमालले लामो हाँसोसँगै कुरा खोलें, 'सामाजिक सन्जाल फेसबुकको प्रयोगसँगै फोन र चिठी लगभग बन्दजस्तै भयो, फेसबुकमा म्यासेज गर्नेहरू अझ बढ्दै गए ।' महत्वपूर्ण र आवश्यक परे रिप्लाई गर्छु, नत्र गर्दिनँ, हमालले भने, 'आउने अधिकांश म्यासेज हेल्लो-हाई तथा सन्चो-बिसन्चोका हुन्छन् ।' तीमध्ये केही अचम्मका म्यासेज पनि हुन्छन् कि ? हमालले भने, 'भेटौं न प्लिज भन्नुहुन्छ । म पनि तपाईंजस्तै कलाकार बन्न चाहन्छु, के गर्ने होला भन्नुहुन्छ । कसैले घरायसी समस्याहरू व्यक्त गर्नुहुन्छ । कसैले प्रेमी-प्रेमिकाबीच तनाव उत्पन्न भएको कुरा समेत भनिरहनुभएको हुन्छ ।'

गायिका आस्था राउतलाई आउने म्यासेजमध्ये धेरै गुड मर्निङ र गुड नाइटका हुन्छन् । त्यसबाहेक मलाई प्रेमिका बनाउन खोज्नेहरूका म्यासेज पनि आउँछन्, राउतले भनिन्, 'उहाँहरूले पठाउने म्यासेजमा प्रेम झल्कन्छ, कसैले पनि धम्कीपूर्ण म्यासेज गर्नुहुन्न । म पनि सधैं यस्तै माया गरिदिनुस् है भनेर रिप्लाई गरिदिन्छु ।' कहिलेकाहीं तनाव दिने खालका म्यासेज आए भने तुरुन्तै ब्लक गरिदिन्छु, आस्थाले भनिन् । उनलाई कतिपयले मेरी छोरी पनि तपाईं जस्तै होस् भन्छन् । कतिले मेरी छोरी, मेरी बहिनी तपाईंजस्तै गायिका होस् भन्छन् फेसबुक इनबक्समा । आस्थाले भनिन्, 'तपाईंको नयाँ गीत कहिले सुन्न पाइन्छ, कहिले भेट्न पाइन्छ, तपाईंजस्तै गायिका बन्न मन छ, कसरी सम्भव होला जस्ता म्यासेज पनि आइरहन्छन् ।' मैले राख्ने विभिन्न खालका फेसबुक पोस्ट हेरेर धेरैले मेरी बुहारी तपाईंजस्तै राम्री र बुझ्ने भैदिए कस्तो होला पनि भन्छन्, आस्थाले थपिन् ।

पछिल्लो समयका चर्चित अभिनेता आयुष्मान देशराजलाई युवतीहरूका धेरै म्यासेज आउँछन् फेसबुकमा । फेसबुकमा युवाभन्दा पनि युवतीहरूका म्यासेज बढी आउँछन्, उनले भने, 'उहाँहरूले भेट्न र बोली सुन्न भन्दै म्यासेज गरिरहनुभएको हुन्छ, म सकेसम्म कम मात्रामा रिप्लाई गर्छु ।' के भन्छन् त म्यासेजमा युवतीहरू ? आयुष्मानले भने, 'सधैं यस्तै राम्रा चलचित्रमा अभिनय गर्नुहोस्, तपाईंजस्तै ह्यान्डसम प्रेमी पाइयोस् जस्ता म्यासेज गर्नुहुन्छ । माया गर्नेहरूलाई मायाले धन्यवाद भन्दै रिप्लाई गरिदिन्छु ।' कतिपयले इमोसनल र रोएर म्यासेज गर्नुहुन्छ, उनले भने, 'सकेसम्म सबैलाई निरन्तर माया गरिदिनु है भनेर सम्झाउँदै आएको छु ।'

गायक शिव परियार विवाहित भएकाले पनि होला, उनलाई प्रेमपूर्ण म्यासेज कमै मात्रामा आउँछन्, परियारले भने, 'नजिकका साथीभाइ, आफन्तहरूसँगै फेसबुकमा आउने अधिकांश म्यासेजमा हेल्लो हाई, भेट्न चाहन्छु, कुरा गर्न चाहन्छु जस्ता कुरा हुन्छन्, -उनले भने ।

अभिनेत्री रेखा थापालाई आउने म्यासेज अलिकति फरक खालका छन् । कलाकार भएकाले दर्शकहरूको म्यासेज आउनु सामान्य हो, रेखाले भनिन्, 'श्रीमान्-श्रीमतीको झगडा परे पनि म्यासेज आउँछन् । कतिपयको प्रेमसम्बन्धमा तनाव उत्पन्न हुन्छ, त्यतिबेला पनि सुझाव माग्दै म्यासेज गर्छन् । कसैले पैसा खाइदियो भने पैसा उठाइदिन हेल्प गर्नुस् भन्ने खालका म्यासेज पनि उत्तिकै आइरहेका हुन्छन् ।' केही समयअघि मात्र एक जना महिलाको म्यासेज आयो, घरमा निरन्तर झगडा भएर डिभोर्ससम्म गर्ने सोचमा पुग्नुभएको रहेछ उहाँहरू, रेखाले भनिन्, 'तर मैले उहाँको फोन नम्बर मागेर कल गरी सम्झाइ-बुझाइ गरेपछि समस्या समाधान भयो ।' केही महिनाअघिको कुरा हो, एक युवालाई बलात्कारको झमेलामा पार्नुभएछ कुनै युवतीले । ती युवाले रेखाको फेसबुकमा म्यासेज गरेपछि उनले ती युवाको समस्याका बारेमा बुझ्ने प्रयास गरिन् । ती युवतीले युवालाई १ लाख रुपैयाँ दिनुपर्ने रहेछ, युवतीले बलात्कारको झमेलामा पारेपछि पैसा तिर्नु पर्दैन भन्ने आइडिया लगाउनुभएको रहेछ, जुन कुरा रेखाले थाहा पाइन् । यो समस्या समाधानका लागि मैले विशेष पहल गरें, अभिनेत्री थापाले भनिन् । त्यसबाहेक धेरै घरायसी एवं व्यक्तिगत समस्या आइरहन्छन् । नयाँ कलाकारहरूले कसरी तपाईंजस्तै कलाकार हुन सकिन्छ भनेर म्यासेज गर्छन्, रेखाले बताइन् । उनलाई तपाईंजस्तै हक्की स्वभावकी कसरी हुन सकिन्छ, यो मान्छेले अनावश्यक तनाव दियो, धम्की दियो जस्ता म्यासेज पनि आउँछन्, रेखाले भनिन्, 'म ती समस्या सकेसम्म समाधान गर्ने प्रयास गरिरहेकी हुन्छु ।'

अभिनेत्री ऋचा शर्मा हक्की स्वभावकी छिन् । अभिनयमा राम्रो दख्खल राख्ने ऋचालाई आउने अधिकांश म्यासेज युवतीका हुने गरेका छन् । उहाँहरूले कसरी तपाईंले जस्तै अभिनय गर्न सकिन्छ, कसरी तपाईंको जस्तै कन्फिडेन्ट बढाउन सकिन्छ जस्ता म्यासेज गर्नुहुन्छ, ऋचाले भनिन्, 'उहाँहरूले मलाई ह्यारेसमेन्ट भएको छ, कसरी ठिक पार्ने भन्नुहुन्छ । म सकेसम्म ती समस्या समाधान गर्ने प्रयास गर्छु । आफू कसरी जोगिएर हिंड्ने, समस्या ठीक पार्न कसरी आवाज उठाउने देखि हरेक कुरामा सहयोग गरिरहेकी हुन्छु ।' मेरो अभिनयको प्रशंसा गरेर कसरी तपाईंजस्तै कलाकार हुन सकिन्छ, कुन बाटोबाट कलाकारितामा आउनुपर्छ जस्ता म्यासेज गर्नेहरू पनि उत्तिकै हुनुहुन्छ । यसबाहेक हेल्लो-हाई गर्ने, प्रेमप्रस्ताव गर्ने त सामान्य भैहाल्यो, -ऋचाले भनिन् ।

अभिनेत्री केकी अधिकारीलाई नयाँ वर्ष, दसैं-तिहार तथा विभिन्न चाडपर्वमा शुभकामना म्यासेज बढी आउँछन् । कतिपय प्रशंसकले भने बिहानदेखि साँझसम्म अपडेट सोधिरहेका हुन्छन् । कतिपयले स्टाटस र तस्बिर राख्नेबित्तिकै त्यसको प्रतिक्रिया इनबक्समै दिनुहुन्छ, उनले थपिन्, 'यसबाहेक कतिपयले प्रेमप्रस्ताव राख्ने काम त कतिपयले अनावश्यक म्यासेज गर्ने काम गर्छन् । यद्यपि अधिकांश म्यासेज मलाई मन पराउने, मेरा शुभचिन्तकहरूबाट आएको मैले अनुभव गरेकी छु ।'

नेपाली गायकहरूमा अग्रपंक्तिमा आउने नाम हो– प्रमोद खरेल । प्रमोदले हजारौं प्रशंसक कमाएका छन् । उनी फेसबुक, ट्विटर जस्ता सामाजिक सन्जालमा निकै सक्रिय पाइन्छन् । प्रशंसकहरूले म्यासेज गरेर हैरान गराउने प्रमोद बताउँछन् । उनले भने, 'तपाईंको नम्बर दिनुस् फोन गर्छु, बोली सुन्न चाहन्छु भन्नुहुन्छ । कतिपयले क्रिकेटका लागि केही गर्नुस् भन्नुहुन्छ । कन्सर्ट र विभिन्न स्टेज कार्यक्रममा पुगेका बेला खिचिएका तस्बिर पठाउनुहुन्छ । कतिपयले बिरामी छु, सहयोग गर्नुस् भन्नुहुन्छ । प्रेमप्रस्ताव गरिएका म्यासेज पनि टन्नै आउने खरेल बताउँछन् ।

गायक कमल खत्रीलाई आउने अधिकांश म्यासेज युवतीका हुन्छन् । धेरैले प्रेमप्रस्ताव राख्नुहुन्छ, उनले भने, 'तपाईंको बोली सुन्न चाहन्छु, म्यासेज हेरेर रिप्लाई गरिदिनुस् न भन्नुहुन्छ ।' भेट्न चाहनेहरूले पनि निरन्तर म्यासेज गरिरहनुभएको हुन्छ । कतिपय त बिहान गुड मर्निङदेखि साँझ शुभरात्रिका म्यासेज निरन्तर गर्नेहरू पनि हुनुहुन्छ, खत्रीले भने ।


प्राईभेट/रेगुलर-SEE (SLC)

कक्षा 8 वा 9 पास, कक्षा 9 वा Test/SEE (SLC) फेल, पढाई छोडेका, जागिर गर्दै गरेका र गृहिणीहरुका लागि एकै बर्षमा SEE (SLC) पास गर्ने सुवर्ण अवसर

सम्झना एकेडेमी

अद्वैतमार्ग, पुरानो बसपार्क बाट शंकरदेव क्याम्पस जाने बाटो

01-4246397, 9841297927, 9808918641





# पहिलो नजरमै...

पृष्ठ ५ बाट

कलेजमध्ये एक बनाउन तल्लीन छु ।

**उक्त इन्स्टिच्युटमा के–कस्ता विषय अध्यापन गराइरहनुभएको छ ?**

विश्वविद्यालयकै रूपमा सञ्चालन भैरहेको हाम्रो संस्थाअन्तर्गत सातवटा क्याम्पस छन्, जहाँ अभिनय, प्रोडक्सन, निर्देशन, एनिमेसन, संगीत, छायांकन, फेसन आदि विषयमा अध्यापन गराइन्छ । हालसम्म हाम्रो एकेडेमीबाट झन्डै १५ सय जना ग्राजुएट भएर चलचित्र क्षेत्रमा स्थापित भैसकेका छन् । अहिले पनि त्यहाँ १ हजार विद्यार्थी अध्ययनरत छन्, ती मध्ये १० जना नेपाली छन् । युरोप, अमेरिका, अफ्रिका आदि मुलुकका विद्यार्थीहरूको संख्या पनि अत्यधिक छ । यस क्रममा मैले भन्नैपर्छ– म धेरैभन्दा धेरै नेपाली प्रतिभालाई हाम्रो कलेजमा स्वागत गर्न आतुर छु ।

**नेपालमा त्यस्ता कलेजको सम्भावना कत्तिको देख्नुहुन्छ ?**

मेरो यसपटकको भ्रमणको मुख्य उद्देश्य करिब–करिब त्यही सम्भावनाकै वरिपरि घुमेको छ । हुन त म कान्तिपुर फिल्म एकेडेमीको निम्तोमा मिसिनरीका रूपमा यहाँ आएको हुँ । मलाई लाग्छ, नेपालका काठमाडौं, पोखरा, विराटनगरजस्ता मुख्य–मुख्य सहरमा राम्रा–राम्रा फिल्म एकेडेमी स्थापना हुनुपर्छ, जहाँबाट मनोरञ्जन उद्योगले हजारौं दक्ष जनशक्ति प्राप्त गर्न सक्छ ।

**तपाईं बलिउड भन्ने शब्दलाई मन पराउनुहुन्न रहेछ, खास कारण के हो ?**

हो, यदि तपाईं भारतीय चलचित्र उद्योगलाई बलिउड भन्नुहुन्छ भने त्यो सरासर हलिउडबाट नक्कल गरिएको हुनेछ । मलाई कुनै पनि कुरा नक्कल गरेको चित्त बुझ्दैन । बलिउडको साटो हरेकले भारतीय चलचित्र उद्योग भन्नुपर्छ । नेपालमा पनि तपाईंहरूले पनि कलिउड वा नलिउड नभन्नु होला, आजैका दिनदेखि विशुद्ध नेपाली चलचित्र उद्योग भनेर गर्व गर्न थाल्नुहोस् । बलिउड, कलिउड आदि भन्नु भनेको हलिउडको ठाडो नक्कल हो ।

**यद्यपि भारतीय सञ्चारमाध्यमहरूले नै बलिउड भनिरहेका हुन्छन् त ?**

भारतीय चलचित्र उद्योगलाई 'बलिउड' का रूपमा व्याख्या गर्नु विश्वकै एउटा ठूलो र आफ्नै खुट्टामा उभिएको उद्योगको अपमान हो । आज भारतीय चलचित्रले विश्वभर नाम कमाएको छ । भारतीय चलचित्रकै माध्यमबाट भारतका हरेक राज्यले आफू के हो, आफ्नो संस्कृति के हो भन्ने कुरा बताउन पाइरहेका छन् ।

**तपाईंको विचारमा चलचित्र के हो ?**

चलचित्रको परिभाषा अथाह छ । सबैभन्दा पहिलो कुरा त यो आम सञ्चारको सबैभन्दा प्रभावकारी माध्यम हो । कसैलाई कुनै कुरा मन र मुटुसम्मै पुऱ्याउनु छ भने तपाईंले चलचित्रभन्दा अर्को उपयुक्त माध्यम फेला पार्न सक्नुहुन्न । अर्को कुरा, चलचित्रले हरेक देशको कला–संस्कृतिको प्रतिनिधित्व गर्छ । पछिल्लो समय त चलचित्रको महत्व अझ बढ्दो छ । चलचित्रकै माध्यमबाट हामी विश्वलाई आफ्नो देश, जनता, समस्या, राजनीति, आर्थिक अवस्था आदि कुरा बताउन सकिरहेका हुन्छौं । हामीले आफ्नै देशको प्रतिनिधित्व गरिरहेका हुन्छौं ।

**प्रविधिले चलचित्रको स्वरूपलाई परिवर्तन गरिरहेको कुरा मान्नुहुन्छ ?**

हो, आज चलचित्रको स्वरूप परिवर्तन भैरहेको छ । हामीले चलचित्र निर्देशन गर्न थालेका बेला चलचित्रको एउटा मात्र स्वरूप थियो । आज त्यो सात–आठवटा स्वरूपमा विकसित भएको छ । यो चलचित्र, टेलिचलचित्र, वृत्तचित्र, छोटा चलचित्र, वेब सिरिज आदि स्वरूपमा देखा परेको छ । युट्युबमा तीन मिनेटको छोटो चलचित्रले समेत करोडौं लाइक र लाखौं प्रतिक्रिया प्राप्त गर्ने समय आइसकेको छ । त्यसैले म पुनः एकपटक भन्छु, भारतमा मात्र होइन, नेपालमा पनि यो विधाको भविष्य उज्वल छ । युवापुस्तालाई म चलचित्र विधाको औपचारिक अध्ययन गरेर यसैमा करियर बनाउन आग्रह गर्छु । प्रविधिको विकासले चलचित्रको दायरा यति फराकिलो भैसकेको छ कि यो विधाको अध्ययन गर्ने कुनै पनि व्यक्तिले एक दिनका लागि पनि बेरोजगार बस्नु पर्दैन ।

**यद्यपि चलचित्रलाई मनोरञ्जनका रूपमा मात्र लिने विश्वव्यापी चलन छ नि ?**

चलचित्र भनेको मनोरञ्जनको साधन मात्र हुँदै होइन । आजको दिनमा चलचित्र सम्मानित पेसा भैसकेको छ । विगतमा मानिसहरूले चलचित्रलाई मजाकका रूपमा समेत लिन्थे, तर चलचित्रलाई मजाकका रूपमा लिन मिल्दैन । यो अति नै संवेदनशील क्षेत्र हो, काम हो ।

**प्रसंग बदलौं, नेपाली चेली मनीषा कोइरालालाई चलचित्र सौदागरका लागि कसरी छनौट गर्नुभयो ?**



नेपाली चेली होइन, अति नै सुन्दर नेपाली चेली भन्नुहोस् न । सबैभन्दा पहिलो कुरा त मनीषा कोइरालामार्फत म नेपालसँग जोडिन पाउँदा आफूलाई भाग्यमानी मान्छु । अब कुरा रह्यो, उनी सौदागरमा आबद्ध हुनुको प्रसंग । म त्यति बेला दिलीप कुमार तथा राज कुमारलाई लिएर निर्देशन गरिरहेको चलचित्र 'सौदागर' का लागि बिल्कुलै नयाँ अनुहार, जसको अनुहार इनोसेन्ट होस्, खोजिरहेको थिएँ । यद्यपि मसँग त्यतिबेला स्टार हिरोइनहरूको विकल्प थियो, तर म एउटा नयाँ अनुहारको खोजीमा थिएँ । त्यही बेला एक जना महिला पत्रकारले मलाई नेपालबाट आएकी एउटी युवतीसँग भेट्न आग्रह गरिन् । आइतबारको त्यो साँझ मेरो घरमा पाहुना आउने भएकाले भोलिपल्ट सोमबार भेट्न पठाउन आग्रह गरें, तर उनी भोलिपल्टै दिल्ली फर्कने कुरा सुनेपछि मैले आइतबार साँझ नै आफ्नै घरमा भेट्न पठाइदिनु भनें ।

**मनीषासँगको पहिलो भेट कस्तो रह्यो ?**

मलाई अझै पनि सम्झना छ, आइतबारको त्यो साँझ करिब ९ बजेतिर मेरो घरको घण्टी बज्यो । मैले ढोका खोलेपछि मनीषा र उनकी आमालाई देखें । मनीषालाई देख्न बित्तिकै मैले उनमा आफ्नो चलचित्रको अभिनेत्री पाएँ । पहिलो नजरमै मनीषामा मैले आफ्नी अभिनेत्रीको अनुहार देखें । यद्यपि पहिलो भेटमा मैले उनलाई तिमी मेरो चलचित्रमा छनौट भैसक्यौ भनेर सुनाइन । त्यसको केही दिनपछि म चलचित्र लेखकलाई भेट्न दिल्ली गएँ । दिल्लीमा पुनः एकपटक मनीषा र उनकी आमासँग भेट भयो । त्यस क्रममा मैले उनले बोलेको भिडियो खिचें । त्यो एक प्रकारको स्क्रिन टेस्टजस्तै थियो । त्यसमा पनि सन्तुष्ट भएपछि मैले उनैलाई सौदागरमा अभिनय गराएँ । तपाईं आज पनि त्यो चलचित्र हेर्न सक्नुहुन्छ, जहाँ मनीषाको सुन्दरता, सरलता तथा सादगी उनको अनुहारमा स्पष्ट देखिन्छ ।

**अन्य अभिनेत्रीहरूसँग मनीषाको तुलना गर्नुपऱ्यो भने ?**

सुन्दरताका दृष्टिकोणले मनीषाको कसैसँग तुलना हुन सक्दैन । अरू अभिनेत्रीहरू मेकअप गर्दा सुन्दर देखिन्छन्, तपाईं आज पनि मनीषालाई भेट्नुहोस्, उनी पर्दामा मात्र होइन वास्तविक जीवनमा समेत उत्तिकै सुन्दर छिन् ।

**मनीषाको प्रगतिलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

आजको दिनमा उनी नेपाली चेली, भारतीय चलचित्रकी अभिनेत्रीका रूपमा मात्र होइन, पूरै विश्वमा कुशल अभिनेत्रीका रूपमा लोकप्रिय छिन् । योभन्दा ठूलो कुरा के हुनसक्छ ।

**पुनः प्रसंग बदलौं, तपाईंले चलचित्र निर्देशनमा पुनरागमन गर्ने सम्भावना कत्तिको छ ?**

शतप्रतिशत छ । सन् २०१९ मा मुक्ता आर्ट्सले दुईवटा चलचित्र निर्माण गर्दैछ । त्यसमध्ये एउटा चलचित्रको निर्देशन मैले नै गर्नेछु । उक्त चलचित्र सम्पूर्ण दर्शकहरूका लागि सरप्राइज प्याकेज हुनेछ ।

**तपाईंको चलचित्र यात्राका बारेमा थोरै भनिदिनुस् न ?**

मैले सन् १९६९ मा पहिलो पटक चलचित्र आराधनामा सह–अभिनेताका रूपमा अभिनय गरेको थिएँ । पहिलो पटक अभिनय गर्दै यो मेरो काम होइन रहेछ भन्ने लागेर म निर्देशनतर्फ मोडिएँ । सात जना निर्माताले निराश बनाए पनि मैले सन् १९७६ मा 'कालीचरण' मार्फत निर्देशनको यात्रा प्रारम्भ गरें । त्यसपछि क्रमशः विश्वनाथ, गौतम गोविन्दा, कर्ज, क्रोधी, विधाता, हिरो, मेरी जंग, कर्मा, राम लखन, सौदागर, खलनायक, परदेश, ताल जस्ता सफल चलचित्र निर्देशन गरें । सन् २०१४ मा बनेको 'कान्छी : द अनब्रेकेबल' पछि मैले अन्य चलचित्र निर्देशन गरेको छैन । निर्माताका रूपमा चाहिं सन् २०१५ को हिरो मेरो अन्तिम चलचित्र हो ।

**मुक्ता आट्सको आरोह–अवरोहका बारेमा केही भन्नुस् न ?**

हिन्दी चलचित्र निर्माण गर्ने उद्देश्यले सन् १९७८ को अक्टोबर २४ का दिन मुक्ता आर्ट्स स्थापना भएको हो, जसले पहिलो पटक सन् १९८० मा चलचित्र कर्ज निर्माण गरेको थियो । सन् १९९० सम्म हामीले निर्माण/निर्देशक गरेका करिब ९० प्रतिशत चलचित्र सुपरहिट भए । सन् २००१ देखि २०११ सम्म निर्माण गरिएका चलचित्र यादें, कृष्णा, युवराज, चाइना टाउन, एतराज, एकबाल, अपना सपना मनी मनी आदिले पनि व्यवसायिक सफलता हासिल गरे । सन् २०१२ पछि भने हामी अध्यापनको क्षेत्रमा सक्रिय भयौं, जुन आजको मितिसम्म जारी छ । यद्यपि अब आउने वर्षदेखि चलचित्र निर्माणमा पुनः सक्रिय हुनेछौं ।

**नेपालका प्रतिभाहरूलाई कत्तिको नियाल्नुभएको छ ?**

मुम्बईमा मैले धेरै नेपाली कलाकार तथा प्राविधिकहरूलाई नजिकबाट हेरेको छु । अहिलेको भ्रमणका बेला पनि मैले धेरै जनासँग प्रत्यक्ष अन्तर्क्रिया गर्ने मौका पाएँ । मलाई के लाग्छ भने नेपाल सरकारले कक्षा ५ देखि नै ललितकला विषयलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ । सानै उमेरदेखि यस्तो शिक्षा दिन सकियो भने प्रतिभा भएको एउटा बालक ठूलो भएपछि कलाकारितामै करियर बनाउन सक्षम हुनेछ । त्यसका लागि नेपालका गाउँ–सहरमा ओपन थिएटर कल्चर, फिल्म कल्चर, स्टुडियो कल्चर विकास गर्नुपर्छ । यदि त्यस्तो गर्न सकियो भने दस वर्षपछि नेपालमै प्रतिभावान् कलाकारको ठूलो संख्या हुन सक्छ । उनीहरूले नेपालमा मात्र होइन, भारत तथा अन्य मुलुकका चलचित्रमा काम पाउन सक्छन् । यसैपटकको भ्रमणमा मैले चलचित्र विकास बोर्डकी अध्यक्ष (निकिता पौडेल) समक्ष यो कुरा राखेको छु । मेरो कुरा उनले नेपाल सरकारसम्म पुऱ्याउनेछिन् भन्ने कुरामा म ढुक्क छु ।

**नेपाली चलचित्र उद्योगलाई के सुझाव दिनुहुन्छ ?**

नेपाली चलचित्र उद्योगले केही कुरामा ध्यान दिनुपर्ने देखेको छु । पहिलो कुरा स्टुडियोको भौतिक संरचनालाई सुविधा सम्पन्न बनाउनुपर्छ, खासगरी स्तरीय प्रोडक्सनका लागि यो अनिवार्य छ । दोस्रो कुरा ट्यालेन्टलाई ग्रुमिङ गराउनुपर्छ । प्रतिभाहरू पहिचान गरेर उचित प्रशिक्षण दिएपछि मात्र मनोरञ्जनको कुनै पनि विधामा खटाउनुपर्छ । त्यसका लागि सहरमा फिल्म एकेडेमीहरू स्थापना हुनुपर्छ । फिल्मको औपचारिक शिक्षा नै प्रारम्भ गर्नुपर्छ । यति भयो भने नेपाली चलचित्र उद्योगले पनि आफ्नो उचाइ कायम गर्न सक्नेछ । नेपालमा मैले कम्तिमा १० वटा त्यस्ता एकेडेमीको आवश्यकता देखेको छु ।

**अन्त्यमा, नेपाली चलचित्र निर्माता–निर्देशकहरूलाई के भन्न चाहनुहुन्छ ?**

नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न मुलुक हो । यहाँ सहरभन्दा प्रकृतिले सिँगारिएका सुन्दर गाउँ धेरै छन् । तपाईं आफ्नै घर, टोल, गाउँ, सहरको कथामा चलचित्र निर्माण गर्नुहोस् । विश्वले थाहा पाओस् न, नेपालको यो संस्कृति अनुपम छ, यो परम्परा अचम्मलाग्दो छ । नेपाली संस्कृति तथा इतिहासका बारेमा चलचित्र बनाउनुहोस् । भारत अथवा हलिउडका चलचित्रको नक्कल किन गर्नुहुन्छ ? यदि तपाईंले आफ्नै देशका मौलिक विषयमा चलचित्र बनाउन थाल्नुभयो भने लेखेर राख्नुहोस्, त्यसले एक दिन ओस्कार एवार्डसमेत जित्नेछ ।

केवल एक प्रश्न

# विश्वकपमा कुन देशलाई समर्थन गर्दै हुनुहुन्छ ?

मलाई सबैभन्दा मन पर्ने खेल फुटबल नै हो । त्यसमा पनि फुटबल हेर्न थालेदेखि अहिलेसम्म ब्राजिलको समर्थन गर्दै आएको छु ।

**रामजी खाँड, लोकगायक**

मैले कक्षा ४ मा अध्ययन गर्दादेखि नै विश्वकप हेर्न थालेकी हुँ । सानो छँदा आफूभन्दा ठूला दाइहरूको लहैलहैमा लागेर ब्राजिलको समर्थक भएकी थिएँ, पछि खेल हेर्दै जाँदा त्यो टिमको बाउन्डिङ मन पर्न थाल्यो ।

**अशिष्मा नकर्मी, अभिनेत्री**

म अर्जेन्टिनालाई समर्थन गर्छु । त्यसमा पनि विशेष गरी मेसीलाई ।

**पुष्प खड्का, अभिनेता**

मलाई ब्राजिलको खेल एकदमै मन पर्छ । विश्वकप हेर्न थालेदेखि नै ब्राजिलको समर्थक रहँदै आएको छु ।

**धीरज राई, गायक**

मैले सन् १९९० देखि नै विश्वकप हेर्न थालेको हुँ, त्यो बेलादेखि नै अर्जेन्टिनाको समर्थन गर्दै आएको छु ।

**स्वरूपराज आचार्य, गायक**



विश्वकपको बेला यसले जित्छ उसले जित्छ भनेर ग्रुपमा बाजी लगाइन्थ्यो । यत्तिकैमा म मेसीको फ्यान भएँ । म कहिलेदेखि मेसीको फ्यान भएँ थाहा छैन, यद्यपि म मेसीकै अर्जेन्टिनालाई समर्थन गर्छु ।

**राधिका हमाल, गायिका**

युवावस्थामा प्रवेश गर्दाको समयमा म्याराडोनाको क्रेजका कारण अर्जेन्टिनालाई सपोर्ट गर्थें । अर्जेन्टिनाबाहेक अरू टिमलाई सपोर्ट नै गरिनँ ।

**हेमन्त शर्मा, गायक**

म सुरु-सुरुमा चाहिँ ब्राजिलको फ्यान थिएँ, तर अहिले जर्मनीलाई समर्थन गर्छु ।

**दिलीप रायमाझी, अभिनेता**

जुन बेलादेखि मैले फुटबलको विश्वकप हेर्न थालें, त्यही बेलादेखि अर्जेन्टिनालाई समर्थन गर्दै आएको छु ।

**बाबु बोगटी, गायक तथा अभिनेता**

मैले सन् १९९० देखि नै ब्राजिललाई समर्थन गर्दै आएको छ ।

**अनिलकेशरी शाह, बैंकर्स**

म अहिले सबैलाई समर्थन गर्छु, खेल हेर्दै जाँदा जुन देशले राम्रो खेल्छ त्यसैलाई समर्थन गर्नेछु ।

**कुञ्जना घिमिरे, हास्यकलाकार**

मेसीले देशका लागि जितेको हेर्न मन छ । हुन त म सन् १९९४ देखि ब्राजिलको सपोर्टर हुँ । तैपनि मेसीले एउटा विश्वकप जिते हुन्थ्यो भन्ने लागेको छ, यद्यपि उनको यात्रा सहज भने छैन ।

**प्रमोद खरेल, गायक**

योभन्दा अघिल्लो विश्वकपमा मैले मेसीको खेल हेरेको थिएँ, त्यसैले यसपालि म मेसीकै टिमको समर्थन गर्छु ।

**रमिला न्यौपाने, गायिका**

म ब्राजिललाई समर्थन गर्छु ।

**सुदर्शन थापा, निर्माता/निर्देशक**

मैले धेरै पहिलेदेखि अर्जेन्टिनालाई समर्थन गर्दै आएको छु । यसपालि पनि त्यही हो ।

**रमेश उप्रेती, अभिनेता**

मलाई रोनाल्डो मन पर्छन् । टिममा इङ्ल्यान्डले जिते हुन्थ्यो जस्तो लाग्छ । अहिलेको विश्वकप टिममा फ्रान्स सबैभन्दा राम्रो छ, तर विश्वकपचाहिँ जर्मनीले जित्न सक्छ । त्यसैले एउटालाई मात्र समर्थन गर्न गाह्रो पर्‍यो ।

**बद्री पंगेनी, गायक**

म ब्राजिललाई समर्थन गर्छु, किनभने तुलनात्मक रूपमा ब्राजिलको टिमले फेयर खेल्छ । जतिबेला रोनाल्डो ब्राजिलका तर्फबाट खेल्थे, उनलाई विपक्षीले लडाउँदा पनि हाँस्थेँ मात्र ।

**लेखनाथ न्यौपाने, राजनीतिकर्मी**

म बच्चैदेखि म्याराडोना र अहिले मेसीको फ्यान हुँ । त्यसैले यसपालिको विश्वकपमा अर्जेन्टिनालाई समर्थन गर्छु ।

**गौरव पहारी, अभिनेता**

मैले पहिलेदेखि नै जर्मनीलाई समर्थन गर्दै आएको छु । त्यसैले यसपालि पनि जर्मनीको पक्षमा छु ।

**विक्रान्त मेहता, चिकित्सक तथा गायक**

म सधैं अर्जेन्टिनालाई समर्थन गर्छु।

**केकी अधिकारी, अभिनेत्री**

अर्जेन्टिनालाई समर्थन गर्छु । जबदेखि मैले म्याराडोनाको खेल हेर्न थालें, त्यतिबेलादेखि नै म अर्जेन्टिनाको समर्थक भएँ ।

**ऋषि लामिछाने, निर्देशक**

प्रस्तुति : महेश तिमल्सिना



संगीत

# रोयल्टीमा उत्साह

प्रस्तोता समाज नेपालका अध्यक्ष तुलसी पराजुली रोयल्टी संकलनका लागि संगीतकर्मीहरू जागरुक भए जस्तै नेपाली गीत-संगीतका प्रयोगकर्ताहरू पनि जागरुक हुनुपर्ने धारणा व्यक्त गर्छन् ।

कृष्ण भट्टराई



पछिल्ला दुई महिनामा सार्वजनिक यातायातमा प्रयोग भएका नेपाली गीत-संगीतबाट झन्डै ४७ लाख रुपैयाँ रोयल्टी संकलन भएको सार्वजनिक भएपछि सम्पूर्ण सांगीतिक क्षेत्रमा उत्साह सञ्चार भएको छ । अघिल्लो साता काठमाडौंमा संगीतकर्मीहरूका तीन भिन्न संस्थाले आयोजना गरेको एउटै कार्यक्रममा यातायात क्षेत्रबाट संकलन भएको रकमको जानकारी गराइँदा त्यहाँ उपस्थित अग्रजदेखि कनिष्ठ संगीतकर्मीको मुहार हर्षित देखिन्थ्यो । संगीत रोयल्टी संकलन समाज, प्रस्तोता समाज नेपाल तथा संगीत उत्पादक समाज नेपालले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रमको एक मात्र उद्देश्य थियो- संकलित रोयल्टीको न्यायोचित वितरणका लागि राय-सुझाव संकलन गर्नु ।

सरकारले यातायात क्षेत्रमा वर्षौंदेखि चलिआएको सिन्डिकेट तोड्नु तथा सार्वजनिक यातायातमा बज्ने नेपाली गीत-संगीतको रोयल्टी प्राप्त गर्न थाल्नु करिब-करिब एउटै समयमा भएको छ । यद्यपि यातायात कार्यालयका कर्मचारीहरूको असहयोगका कारण जुन गतिमा रोयल्टी संकलन हुनुपर्ने हो, हुन नसकिरहेको गुनासो संगीत रोयल्टी संकलन समाजका महासचिव महेश खड्काको छ । खड्काका अनुसार यातायात कार्यालयका कर्मचारीहरूले सहयोग गर्ने हो भने एक वर्षको अवधिमा सार्वजनिक यातायातबाटै करोडौं रुपैयाँ रोयल्टी संकलन हुन्छ ।

संगीतकार संघ नेपालका उपाध्यक्ष पनि रहेका खड्काका अनुसार संगीत रोयल्टी संकलन समाज, प्रस्तोता समाज तथा संगीत उत्पादक समाज नेपालले नेपालमा करिब ३९ वटा त्यस्ता क्षेत्र निर्धारण गरेका छन्, जहाँबाट नेपाली गीत-संगीतले रोयल्टी संकलन गर्न सक्छ । खड्काका अनुसार अहिले नेपाल टेलिकम, एनसेल तथा केही रेडियो स्टेसन एवं भर्खरै प्रारम्भ भएको यातायात क्षेत्रबाट मात्र रोयल्टी संकलन भैरहेको छ । होटल, रेस्टुराँ, पार्टी प्यालेस, सभा हल, पिकनिक स्पट, मेला, महोत्सव, फुटबल तथा क्रिकेट मैदानसहित त्यस्ता हरेक सार्वजनिक स्थलबाट रोयल्टी संकलन गर्न सकिन्छ, जहाँ नेपाली गीत-संगीत प्रसारण गरिन्छ ।

संगीत उत्पादक समाज नेपालका अध्यक्ष निर्मल ढकालका अनुसार तीनवटा संस्थाले निर्धारण गरेका स्थानबाट रोयल्टी संकलन गर्ने हो भने एक वर्षको अवधिमै अर्बौं रुपैयाँ संकलन हुनसक्छ । यो प्रसंगमा

### वैज्ञानिक वितरणको तयारी

संगीत रोयल्टी संकलन समाज, प्रस्तोता समाज नेपाल तथा संगीत उत्पादक समाज नेपालले हालै आयोजना गरेको छलफल कार्यक्रमको मुख्य उद्देश्य संकलित रोयल्टी कसरी वैज्ञानिक रूपमा वितरण गर्ने भन्नेमा केन्द्रित थियो । प्रस्तोता समाज नेपालका अध्यक्ष तुलसी पराजुलीका अनुसार टेलिकम तथा सञ्चारमाध्यमबाट प्रसारण भएका गीत-संगीतको यथार्थ तथ्यांक संकलन गर्न सहज भए पनि सार्वजनिक यातायात, मेला-महोत्सव जस्ता स्थानमा प्रसारण भएका गीत-संगीतको डाटा संकलन गर्न गाह्रो छ । रोयल्टी संकलनको क्षेत्रमा कार्यरत संस्थाले विश्वव्यापी मान्यता अनुरूप रोयल्टी वितरण गर्ने योजना बनाएका छन् । छलफल कार्यक्रममा सहभागी अग्रज संगीतकर्मीहरूले योगदानका आधारमा रोयल्टी वितरण गरिनुपर्ने सुझाव दिएका छन् । यद्यपि कुन शैलीबाट रोयल्टी वितरण गरिने हो- निश्चित भैसकेको छैन ।

अहिले प्रस्तोता समाज नेपालले गायक-गायिका तथा प्रस्तोताहरूको रोयल्टी संकलन गरिरहेको छ भने संगीत रोयल्टी संकलन समाज नेपालले गीतकार तथा संगीतकारहरूले पाउने रोयल्टी संकलन गरिरहेको छ । संगीत उत्पादक समाज नेपालले भने संगीतमा लगानी गर्ने निर्माताहरूले पाउने रोयल्टी संकलन गरिरहेको छ । हामी तीनवटै संस्थाले वैज्ञानिक तरिकाबाट कसरी न्यायोचित शैलीमा रोयल्टी वितरण गर्ने छलफल गरिरहेका छौं, समाजका महासचिव खड्का भन्छन्-'निकट भविष्यमै हामी सबैलाई चित्त बुझ्ने गरी रोयल्टी वितरण गर्न सफल हुनेछौं भन्ने कुरामा विश्वस्त छौं ।'

म्युजिक अपडेट



## इन्दिरा र आर्जनको युगल

गायिका इन्दिरा जोशी तथा गायक आर्जन पाण्डेको युगल गीत 'रेलीमाई...' को म्युजिक भिडियो सार्वजनिक भएको छ । प्रतीक पौडेलको शब्द तथा संगीतको उक्त गीतमा रिकेश गुरुङको संगीत संयोजन छ । प्रवीण सिंहद्वारा निर्देशित म्युजिक भिडियो रेलिमाईमा गायिका जोशी तथा गायक पाण्डेले नै अभिनय गरेका छन् ।

## फरक शैलीमा रामकृष्ण

गायक रामकृष्ण ढकाल एउटा बिल्कुलै फरक शैलीको गीत लिएर आएका छन् । 'बाटो गल्लीको देवता'' शीर्षकको गीतको म्युजिक भिडियोमा मनिष वशिष्ठको रचना तथा सुशान्त गौतमको संगीत छ जसमा देश-देशावरतिर बहकिएका तीर्थालुहरूलाई प्रतिकात्मक व्यंग्य प्रहार गरिएको छ । उक्त भिडियोका निर्देशक निकेश खड्का हुन् ।

## प्रमोदको पृथ्वी

गायक प्रमोद खरेल आधुनिक शैलीको नयाँ गीत लिएर दर्शकमाझ आएका छन् । आफ्नै शब्द तथा संगीतको पृथ्वी...शीर्षकको उक्त गीतको म्युजिक भिडियो अघिल्लो शुक्रबार सार्वजनिक भएको हो । भिडियोमा गायक खरेलसहित अभिनेत्री सारा शिर्पाइली तथा मोडल फिरोज तिमिल्सिनाले पनि अभिनय गरेका छन् ।

## पुरस्कारको मनोनयन

गीतकार संघ नेपालले ५१ हजार नगदको वर्ष गीत पुरस्कारका लागि १० जना गीतकारलाई मनोनयन गरेको छ जसमा अम्बिका गुरुङ, किरण केसी कोधी, गणेश श्रेष्ठ अपेक्षा, नुतन भुसाल, प्रकाश केसी, पवित्रा राई, वसन्तराज अज्ञात, डा.राजुबाबु श्रेष्ठ, राजु थापा तथा सुमन वैरागी छन् । गीतकार संघले यो वर्षको डायस्पोरा गीतकार सम्मान गीतकार राखी गौचनलाई प्रदान गर्ने निर्णय गरेको छ ।

## अनिताको इन्ट्रि

गायिका अनिता चलाउनेले आफ्नो नयाँ डिजे गीत 'इन्ट्रि मार्‍यो मायाले...' को म्युजिक भिडियो सार्वजनिक गरेकी छिन् । उक्त गीतमा गायिका चलाउनेलाई गायक रामजी खाँडले गायनमा साथ दिएका छन् । भिडियोमा भने रुबिना अधिकारीले अभिनय गरेकी छिन् ।

## रामेशको युगिन आवाज

गायक रामेश श्रेष्ठको एकल गायन युगिन आवाज काठमाडौंमा सम्पन्न भएको छ । राष्ट्रिय नाचघरले आयोजना गरेको उक्त एकल गायनमा रामेशले १५ वटा गीत प्रस्तुत गरे । उक्त अवसरमा ७४ वर्षीय रामेशको अभिनन्दन समेत गरिएको थियो । समारोहमा रामेशलाई उनका साथी रायनले समेत साथ दिएका थिए ।

## कविताको एल्बम

गायिका कविता सिवाकोटीले एकसाथ दुईवटा एल्बम सार्वजनिक गरेकी छिन् । काठमाडौंमा आयोजित एक समारोहमा कविताले एकल एल्बम कविताका साथै भाइ किरण बिमलीसँग मिलेर किरण-कविता सार्वजनिक गरेकी हुन् । एल्बमका गीतमा राजेशपायल राई, प्रमोद खरेल, किरण बिमली तथा पुष्कर सुनुवारले गायिका कवितालाई साथ दिएका छन् ।



**हिन्दी गीतमा देविका :** गायिका देविका बन्दनाको स्वरमा रेकर्ड भएको दोस्रो हिन्दी गीत 'अब दिल जरा जरा' को म्युजिक भिडियो शुक्रबार काठमाडौंमा सार्वजनिक भएको छ । युग भुसालको शब्द तथा संगीतको उक्त म्युजिक भिडियोलाई बिजेश पौडेलले निर्देशन गरेका हुन् । काठमाडौंको गोकर्ण फरेष्ट रिसोर्टमा छायांकन गरिएको भिडियोमा नेपाली अभिनेता अनुप विक्रम शाही तथा भारतीय अभिनेत्री पारूल गुलाटीले रोमान्टिक भूमिका निर्वाह गरेका छन् । भिडियोमा ग्ल्यामर फोटोग्राफर राजभाइ सुवालले फोटोग्राफरकै भूमिका निर्वाह गरेको पाइन्छ ।

फिल्मी डायरी

## रंगकर्मी बराल पुरस्कृत

रंगकर्मी अनुप बराल शिरोमणि पुरस्कार-२०७४ बाट पुरस्कृत भएका छन् । पोखरेली युवा सांस्कृतिक परिवारले स्थापना गरेको यो पुरस्कार गन्धर्व नाटकघरमा एक कार्यक्रमबीच बराललाई अर्पण गरिएको हो । पुरस्कार ग्रहण गर्दै रंगकर्मी बराललले यो पुरस्कारले आफूलाई थप जिम्मेबार बनाएको कुरा बताए । बराल हाल रंगकर्मका साथै चलचित्र अभिनयमा समेत व्यस्त छन् ।

## लिलिबिली ५१ औं दिनमा

चैत ३० गते प्रदर्शनमा आएको चलचित्र लिलिबिलीले ५१ औं दिनको सफलता आत्मसात गरेको छ । लिलिबिली निर्माण टिमले उक्त सफलताको खुसी साट्न केक समेत काट्यो । चलचित्रका निर्देशक मिलन चाम्सले उक्त सफलताको श्रेय दर्शकहरूलाई दिएका छन् ।

## ब्याचलर बन्टी

मिलन चाम्सको निर्देशनमा चलचित्र ब्याचलर बन्टी निर्माण हुने भएको छ । चलचित्रको मुख्य भूमिकामा अनमोल केसी रहनेछन् भने उनको अपोजिटमा काम गर्ने कलाकारका विषयमा छलफल भैरहेको निर्देशक चाम्सले बताएका छन् । ब्याचलर बन्टीको कथा प्रदीप भारद्वाजले लेखिरहेका छन् जसलाई मिलन र सुदीप खड्काले संयुक्त रूपमा निर्माण गर्नेछन् ।

## अन्तिम चरणमा कप्स

अनुप विक्रम शाही अभिनित चलचित्र कप्सको छायांकन धमाधम भैरहेको छ । यो चलचित्रबाट सन्दिपा लिम्बूले नेपाली रजतपटमा पाइला राख्दैछिन् । एक्सन तथा लभस्टोरीमा केन्द्रित चलचित्र कप्सले राजनीति, प्रहरी तथा जनताको कथा बोल्ने चलचित्रका निर्देशक सम्राट शाक्यले बताएका छन् ।



बालकलाकारलाई छात्रवृत्ति : डी सिने एवार्ड-२०७५ मा उत्कृष्ट बालकलाकारको एवार्ड विजेता कुशाग्र भट्टराईलाई उनी अध्ययनरत बेबीलोन नेसनल स्कुलले कक्षा १० सम्म पूर्ण छात्रवृत्ति प्रदान गर्ने घोषणा गरेको छ । उनलाई सम्मान गर्न आयोजित समारोहमा अभिनेता निखिल उप्रेती पनि सहभागी थिए ।

## बोल्ड सन्ध्या

चलचित्र पण्डित बाजेको लौरीको आइटम गीत चोली तुनामा अभिनेत्री सन्ध्या केसी बोल्ड देखिएकी छिन् । कृष्ण केसीको शब्द तथा श्रीकृष्ण बम मल्लको संगीतको उक्त गीतमा मीना निरौला एवं श्रीकृष्णको स्वर सुन्न सकिन्छ । यो चलचित्र साउन ४ गते प्रदर्शनमा आउँदैछ ।

## मनिष र मलिनाको प्रेम

असार ८ गते प्रदर्शनमा आउने चलचित्र तिमी हुन्छौ जहाँ-जहाँको ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा मनिष सुन्दर श्रेष्ठ तथा मलिना जोशीबीचको प्रेम र बिछोडलाई देखाइएको छ । यो जोडीले यसअघि रानीमा एकसाथ काम गरेका थिए । विकास बस्यालद्वारा निर्देशित यो चलचित्रको प्रदर्शन मिति तय भने भएको छैन ।

## इन्डक्ल्याप नयाँ बाटोको

चलचित्र नयाँ बाटोको छायांकन सम्पन्न भएको छ । कोसीपारि फिल्म्सको ब्यानरमा निर्मित चलचित्र नयाँबाटोमा कुमार मोक्तान, सुनिता लुङ्बा, राहुल मोक्तान, सुनिता दोङ, लक्ष्मण बस्नेत, हस्तबहादुर गोले, ध्रुवसिंह तामाङ (छिरिङ), सूर्यबहादुर गोले, गोकुल तामाङ, दीपा वाईबा आदि कलाकारले अभिनय गरेका छन् । बुद्ध स्याङ्बा, प्रयास दोङ र सुदिप न्यासुरको संगीत, राजु किराँतको द्वन्द, निर्देशक सागर स्वयमको नृत्य तथा तुलसी बाँस्कोटाको सम्पादनको यो चलचित्र सामाजिक कथामा आधारित भएको निर्देशक सागर लामा गोलेले बताएका छन् ।

## प्रसादमा निश्चल

अभिनेता विपिन कार्की तथा अभिनेत्री नम्रता श्रेष्ठको प्रमुख भूमिका रहने चलचित्र प्रसादमा अभिनेता निश्चल बस्नेत समेत अनुबन्धित भएका छन् । नि:सन्तान दम्पतीको कथामा आधारित यो चलचित्रलाई दिनेश राउतले निर्देशन गर्दैछन् । चुनौतीपूर्ण र पृथक् भूमिकाका लागि निश्चललाई लिइएको निर्देशक राउतले बताएका छन् ।

## सय कडा दशमा सोनिया

चलचित्र सय कडा दशमा सोनिया राई भित्रिएकी छिन् । नेपाली मूलकी बर्मेली युवती सोनीयाले रामशरण पाठकले निर्देशन गरिरहेको उक्त चलचित्रमा काम गर्न पाउँदा खुसी लागेको बताइन् । बर्मा र थाइल्यान्डमा नेपाली समुदायकै विविध कार्यक्रममा प्रस्तुति दिँदै आएकी सोनियाले राम्रा चलचित्र पाएको खण्डमा निरन्तर नेपाली चलचित्रमा काम गर्ने बताएकी छिन् ।

## कस्मिक लभ बन्ने

चलचित्र कस्मिक लभमा अर्पण थापा, प्रशान्त ताम्राकार तथा दिया मास्केले अभिनय गर्ने पक्का भएको छ । जय गौतमले निर्माण गर्ने यो चलचित्रलाई शंकर अधिकारीले निर्देशन गर्ने बताइएको छ ।

सानो पर्दा

## रेडियो अन हिवल्स



रेडियो कान्तिपुरले दोस्रो चरणको सांगीतिक कार्यक्रम 'रेडियो अन हिवल्स' सञ्चालन गर्ने घोषणा गरेको छ । गत सोमबार आयोजित पत्रकार सम्मेलनमा रेडियो कान्तिपुरका स्टेसन म्यानेजर दिनेश डिसीले यही जेठ २८ गते सोमबारदेखि झापाको बिर्तामोडबाट उक्त कार्यक्रम प्रारम्भ हुने जानकारी दिएका छन् । अघिल्लो वर्ष प्रारम्भ भएको यो कार्यक्रमको दोस्रो संस्करण यसपटक देशका मुख्य १२ शहरमा प्रस्तुत हुनेछ । बिर्तामोडपछि कार्यक्रम रेडियो अन हिवल्स दमक, इटहरी, धरान, विराटनगर, वीरगन्ज, नारायणगढ, बुटवल, सुर्खेत, धनगढी, नेपालगञ्ज, पोखरा हुँदै काठमाडौं आएर टुंगिनेछ । यसपटकको कार्यक्रममा रेडियो कान्तिपुरका लोकप्रिय रेडियो जक्कीहरूसँगै गायक कमल खत्री, प्रताप दास, गायिका माण्डवी त्रिपाठी तथा हास्य अभिनेता आशिष ठकुरीले मनोरञ्जन प्रदान गर्नेछन् । स्टेसन म्यानेजर डिसीका अनुसार यो कार्यक्रममार्फत रेडियो कान्तिपुरको रिब्रान्डिङ गर्ने उद्देश्य लिइएको छ । गीत, संगीत, प्रहसन तथा अन्य रोचक गेम शोहरू समावेश गरिने यो कार्यक्रमलाई २५ लाख फलोअर्स रहेको रेडियो कान्तिपुरको फेसबुक पेजबाट लाइभ गरिनेछ ।

## आउँदैछ सिंहदरबार-२



टेलिश्रृंखला सिंहदरबारको दोस्रो सिजन प्रारम्भ हुने भएको छ । सर्च फर कमन ग्राउन्ड नेपालले निर्माण गरेको यो श्रृंखलाको दोस्रो सिजनलाई नवीन सुब्बाले निर्देशन गरिरहेका छन् । श्रृंखलामा अभिनेत्री गौरी मल्लले नै पुन: प्रधानमन्त्री आशा सिंहको भूमिका निर्वाह गर्दैछिन् । आफ्नो भूमिकाका सम्बन्धमा अभिनेत्री मल्लले भनेकी छिन्- 'सिंहदरबारको दोस्रो श्रृंखलाको अंश बन्न पाउँदा म निकै उत्साहित छु । निकै राम्रोसंग अध्ययन-अनुसन्धान गरी तयार पारिएको यो श्रृंखलाको स्क्रिप्टले नागरिक एवं नेतृत्वकर्ताहरूका लागि सुशासनको रोडम्यापका रूपमा कार्य गर्नेछ । १३ भागको श्रृंखला सिंहदरवारले वर्तमान समयको राजनीतिलाई प्रतिबिम्बित गर्छ र देशलाई सकारात्मक बाटोतर्फ अग्रसर गराउन अघि सरेकी देशकी पहिलो महिला प्रधानमन्त्रीले सामना गर्नुपरेका चुनौतिहरूलाई केलाउने प्रयत्न गर्नेछ । असारको अन्तिम सातादेखि प्रसारणमा आउने यो श्रृंखलामा गौरीका अतिरिक्त रमेश रञ्जन झा, प्रमोद अग्रहरि, हेमन्त चालिसे, आलोक थापा, प्रकाश घिमिरे, बादल भट्ट आदिले समेत अभिनय गरिरहेका छन् ।

ट्रेलर/पोस्टर



## यो पागल मनको ट्रेलर

चलचित्र यो पागल मनको ट्रेलरमा प्रेम र त्यसपछिको संघर्ष देखाइएको छ । यो चलचित्रलाई कल्याण अधिकारीले निर्देशन गरेका हुन् । असार २९ गतेदेखि प्रदर्शनमा आउने चलचित्र यो पागल मनमा विनोद न्यौपाने, ऋचासिंह ठकुरी, राजेश ढुंगाना, एनि कुँवर, गौरी मल्ल, भोमन कटुवाल आदि कलाकारले अभिनय गरेका छन् ।

## बाबुकान्छाको टिजर

चलचित्र बाबु कान्छाको टिजर सार्वजनिक भएको छ जसमा अभिनेता सलोन बस्नेतलाई मात्र देखाइएको छ । असार २९ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्रमा नीर शाह, सरोज खनाल, राजाराम पौडेल, लय संगौला, करिश्मा श्रेष्ठ, ऋतिक शाही, सम्राट सापकोटा, मन्जु पौडेल, गीता अधिकारी, रामेश्वर रिजाल, सुशान्त श्रेष्ठ, विक्रम कँडेल आदिले समेत अभिनय गरेका छन् भने यही चलचित्रबाट अश्लिन ज्ञवाली तथा ज्योत्सना महर्जनले डेब्यु गर्दैछन् ।

## वीरांगनाको पोस्टर

चलचित्र वीराङ्गनाको पोस्टरमा कलाकारहरू अनुपविक्रम शाही, शिल्पा पोखरेल तथा पृथ्वीराज प्रसाईलाई प्रस्तुत गरिएको छ । असार २९ गते प्रदर्शनमा आउने यो चलचित्रलाई राज बहादुर सानेले निर्देशन गरेका हुन् भने यसका छायाँकार हरिबोल लामा हुन् ।

## तिमी हुन्छौं जहाँ-जहाँ


चलचित्र तिमी हुन्छौ जहाँ-जहाँको फस्ट लुक्स सार्वजनिक भएको छ । सार्वजनिक दुई पोस्टरमध्ये एउटा पोस्टरमा मनिष सुन्दर श्रेष्ठ तथा मलिनाबीचको प्रेम र स्वरूपपुरुष ढकालको वियोग दर्साइएको छ भने अर्को पोस्टरमा मनिष सुन्दर र मलिनाको सामीप्यतामा चरित्र अभिनेता रबी गिरी र स्वरुप पुरुष ढकाललाई तगारोका रूपमा उभ्याइएको छ । यो चलचित्र असार ८ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने बताइएको छ । चलचित्र तिमी हुन्छौं जहाँ-जहाँका निर्देशक विवेक बस्याल हुन् ।



बलिउड

# विराटले दिए संकेत

विराट कोहली तथा अनुष्का शर्माले केही महिनाअघि भव्य रूपमा विवाह गरेका थिए। लामो समयदेखिको प्रेम सम्बन्धका कारण चर्चामा रहेको यो जोडी विवाहपछि पनि चर्चामा छ। कारण हो, विराट भारतीय क्रिकेट टिमका क्याप्टेन हुन् अनि अनुष्का बलिउडकी लोकप्रिय अभिनेत्री। यी दुईबीचका हरेक कुरा मिडियाका लागि राम्रै मसला हुने गरेको छ। अहिले फेरि एउटा कुरा सनसनीका रूपमा फैलिएको छ। विराटले हालै आफूहरूले चाँडै सन्तान जन्माउन चाहेको बताएका छन्। विराटले भनेका छन्- परिवार मेरा लागि निकै महत्वपूर्ण पाटो हो, आफ्नो परिवारको चिन्ता अरू कुराभन्दा धेरै माथि छ। विराटले दिएको यो संकेत बुझ्न खासै कठिन छैन। यद्यपि अनुष्काले भने यो विषयमा केही बोलेकी छैनन्। जानकारहरूअनुसार अनुष्का पनि सन्तान जन्माउने पक्षमा छिन्। विराटको यो संकेत कहिले पुष्टि हुने हो त्यो भने हेर्न बाँकी नै छ।



# १० वर्ष कान्छासँग डेटिङ !

बलिउड अभिनेत्री प्रियंका चोपडा आकर्षक फिगर तथा अभिनयका कारण लोकप्रिय छिन्। उनका हरेक गतिविधि मिडियामा राम्रै गसिप बन्छन्। यतिवेला प्रियंकासम्बन्धी एउटा खबरले चर्चा पाएको छ– प्रियंका गुपचुप डेटमा रमाइरहेकी छिन्। अचम्म त के भने केही हप्ताअघि मात्र प्रियंकाले एक अन्तर्वार्तामा भनेकी थिईन्- फिलिङ्स बुझ्ने युवक पाइयो भने विवाह गर्न तयार छु, तर अहिलेसम्म त्यस्तो पुरुष फेला पारेकी छैन। मिडियामा आफ्नो ब्वाइफ्रेन्डलाई लुकाउँदै आएकी प्रियंका र उनका प्रेमी अमेरिकाको लसएन्जलसमा डिनर डेटमा रमाइरहेको तस्बिर बाहिरिएको छ। बुझिएअनुसार प्रियंका केही समयदेखि आफूभन्दा १० वर्ष कान्छा अमेरिकी गायक निक जोनाससँग डेटमा रमाइरहेकी छिन्। प्रियंका र निकको भेट २०१७ मा भएको थियो। बताइएअनुसार उनीहरू उक्त भेटसँगै बलियो सम्बन्धमा छन्।





# यो कस्तो नौटंकी ?

बलिउडकी चर्चित अभिनेत्री दीपिका पादुकोण तथा अभिनेता रणवीर सिंहको प्रेम-प्रसंगले बलिउड तरंगित भएको छ। यो जोडी आजभोलि सार्वजनिक कार्यक्रममा समेत खुल्लमखुल्ला पुग्ने गरेको छ। देश-विदेशमा समेत यो जोडी गोप्य डेटमा रमाउने कुरा भारतीय मिडियाहरूले लामो समयदेखि उल्लेख गर्दै आएका छन्। केही हिट चलचित्रमा समेत देखिएको यो जोडी गोप्य रूपमा विवाहको तयारीमा समेत जुटेको बताइन्छ भने बेला-बेलामा उनीहरूबीच ब्रेकअप भएको हल्लासमेत चल्छ। यद्यपि दीपिका-रणवीरले आजका दिनसम्म आफूहरू प्रेममा रहेको कुरा आधिकारिक रूपमा कतै भनेका छैनन्। आखिर दुनियाँको डर नमानी डेटमा पनि रमाउने, प्रेममा छौं भन्न पनि नसक्ने दीपिका-रणवीरको यो कस्तो नौटंकी हो कुन्नि !

# बलिउडका टपटेन फेसबुक सेलिब्रेटी

रामजी ज्ञवाली


फेसबुक सेलिब्रेटी र व्यवहारिक सेलिब्रेटी सायद फरक कुरा हुन्। कोही व्यवहारमा सेलिब्रेटी भएर पनि फेसबुकमा हुँदैनन्। कतिपय भने सोसल मिडियामार्फत नै एकाएक सेलिब्रेटी बन्न सफल हुन्छन्। यो कुरा बलिउडमा पनि लागू छ। सय करोड, दुई सय करोडजस्ता कीर्तिमान राख्न सफल सर्वाधिक चर्चित अभिनेता आमिर खान फेसबुकको टप टेनमा पनि अटाएका छैनन्। त्यस्तै लोकप्रिय गायक अरिजित सिंह, अभिनेत्री श्रद्धा कपुर, सोनम कपुर अभिनेताहरू ऋतिक रोशन, शहिद कपुर, गायिका नेहा कक्कडजस्ता चर्चित सेलिब्रेटी फेसबुकमा कम फलोअर्स पाउने सेलिब्रेटीमा पर्छन्।



**प्रियंका चोपडा**
३७ करोड, ३३ लाख ६ हजार ६ सय ९५



**श्रेया घोषाल**
२८ करोड १५ लाख १ हजार ९ सय ३०



**सलमान खान**
३६ करोड ४१ लाख ९ हजार ९ सय १२




**माधुरी दीक्षित**
२६ करोड ५० हजार ४ सय २९



**दीपिका पादुकोण**
३४ करोड ४५ लाख २ हजार ७ सय १२



**कपिल शर्मा**
२५ करोड ९३ लाख ५ हजार ३ सय ११



**अमिताभ वच्चन**
३० करोड ३४ लाख ४ हजार ८ सय ७४




**अक्षय कुमार**
२५ करोड ५२ लाख ४ हजार ४ सय ५५



**यो यो हनि सिंह**
३० करोड १५ लाख ६ हजार ३ सय ३३



**काजल अग्रवाल**
२४ करोड २६ लाख ८ हजार २ सय ३०



**शाहरुख खान**
२८ करोड ६९ लाख ४ सय ८३



**सोनाक्षी सिन्हा**
२३ करोड ८३ लाख ९ हजार २७


KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
कान्तिपुर को स्वर्णपुर 2
बम्पर उपहार १ किलो सुन
हरेक महिना १० तोला सुन
हरेक साता १ किलो चाँदी
जित्नुहोस् १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रू २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
* सर्तहरू लागु हुनेछन् ।
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

## विकेन्ड फेसन शो



# ग्ल्यामरस पुल पार्टी

जेठ महिनाको गर्मीमा पुल पार्टीको शीतलता अनुभव गराउने उद्देश्यले भोलि जेठ २६ गते शनिबार एउटा ग्ल्यामरस पुल पार्टी हुने भएको छ। 'ट्रिप द लाइट मनसुन फेसन परेड पुल पार्टी' शीर्षकमा सञ्चालन हुने उक्त कार्यक्रमलाई इभेन्ट बेटर ग्यालेक्सी तथा ग्ल्यामरस आइकनले संयुक्त रूपमा सञ्चालन गर्न लागेका हुन्। सानेपा स्थित इन्टरनेसनल क्लबको स्वीमिङ पुललाई गन्तव्य बनाइएको उक्त कार्यक्रममा इभेन्ट बेटर ग्यालेक्सीले मनसुन फेसन परेड शीर्षकमा रेन फेसन अर्थात् वर्षात्को मौसमका लागि उपयुक्त पहिरनहरू विशेषतः वाटरप्रुफ शैलीलाई ग्ल्यामरस रूपमा प्रस्तुत गर्नेछ। ती पहिरनको डिजाइनको जिम्मेवारी नेपाल इन्स्टिच्युट अफ फेसनले लिएको छ। अर्कातर्फ ट्रिप द लाइट शीर्षकको पुल पार्टीलाई ग्ल्यामरस आइकनले पूर्णता दिनेछ। उक्त डान्स पार्टीमा नेपालका चर्चित डिजेहरूले प्रस्तुति दिँदैछन्।

## विकेन्ड ड्रिंक्स




# किङफिसर बियर

नेपाली बियर पारखीहरूलाई लक्षित गर्दै एसियाकै ठूलो बियर कम्पनीहरूमध्येको एक युनाइटेड ब्रुअरिजले यती ब्रुअरीसँगको सहकार्यमा किङफिसर प्रिमियम तथा किङफिसर स्ट्रङ बियर नेपाली बजारमा सार्वजनिक गरेको छ। यति ब्रुअरीका प्रबन्ध निर्देशक सञ्जीव सर्राफले किङफिसर बियरलाई नेपालमा प्रस्तुत गर्न पाउँदा कम्पनी गौरवान्वित भएको बताएका छन्। नेपालभरका सम्पूर्ण बिक्री कक्षमा उपलब्ध किङफिसर प्रिमियम ६ सय ५० एमएलको बोतलमा उपलब्ध छ, जसको मूल्य २ सय ७५ रुपैयाँ राखिएको छ। त्यस्तै ५ सय एमएलको क्यानको मूल्य २ सय १० रुपैयाँ छ भने किङफिसर स्ट्रङ ६ सय ५० एमएलको बोतलको मूल्य २ सय ३५ रुपैयाँ तथा क्यानको मूल्य १ सय ८० रुपैयाँ छ।

## विकेन्ड एडभेन्चर

# क्यानोनिङ महोत्सव

आज शुक्रबार धादिङको थाक्रे गाउँपालिका वडा नम्बर-६ स्थित रानी झरनामा साहसिक पर्यटकीय खेल क्यानोनिङ महोत्सव प्रारम्भ हुँदैछ। शुक्रबार र शनिबार दुई दिन चल्ने यो महोत्सवको चौथो संस्करण हो। धादिङको थाक्रे गाउँपालिकास्थित तीनवटा झरनाले साहसिक खेलप्रेमीहरूलाई मात्र नभएर एकान्त र शान्त वातावरणमा रमाउनेहरूलाई पनि आकर्षित गर्छ। काठमाडौंबाट एक घण्टामा पुग्न सकिने रानी झरनामा क्यानोनिङ गर्न प्रतिव्यक्ति यातायातसहित ५ हजार ५ सय खर्च लाग्नेछ। रानी झरना काठमाडौंबाट ४० किलोमिटरको दूरीमा छ।

विष्णु तारुके



## विकेन्ड लाइभ

# टर्टल लाउन्जमा नितेशजंग

युट्युबमा नयाँ गीतहरु सुन्ने बानी परेको छ भने पक्कै तपाईंका लागि गायक नितेशजंग कुँवरको नाम नयाँ होइन। चर्चामा रहेका गायक कुँवर भोलि ठमेलस्थित टर्टल लाउन्ज एन्ड क्लबमा प्रस्तुत हुनेछन्। फुर्सदको समय रमाइलो सांगीतिक वातावरणमा बिताउन चाहनुहुन्छ भने यो कार्यक्रममा सहभागि हुन सक्नुहुन्छ।

**समय** : ७ बजे
**प्रवेश शुल्क** : १ हजार रुपैयाँ



## विकेन्ड डेस्टिनेसन

# विश्वकप लाइभ



जेठ ३१ देखि असार ३१ सम्म रूसका विभिन्न ११ वटा सहरमा सञ्चालन हुने वर्ल्डकप काठमाडौंका विभिन्न रेस्टुराँले लाइभ हेर्न सक्ने व्यवस्था मिलाएका छन् जहाँ खाँदै-पिउँदै वर्ल्डकपको मज्जालिन सकिन्छ। कालिकास्थानस्थित माउन्ट स्ट्राडा कफी फुड एन्ड पिज्जारियाको सजावट लोभलाग्दो छ। यहाँ मीठा परिकारका साथ शान्त वातावरणमा वर्ल्डकप हेर्न सकिन्छ। ५ सय रुपैयाँमा लाइभ हेर्नका साथै कफीसमेत पिउन सकिनेछ।

फ्रिक स्ट्रिट, झोंछेस्थित थाई परिकार पाइरेट्स पिताका लागि चिनिँदै आएको दि पाइरेट्स रेस्टुराँ एन्ड रेस्टुराँ खुलेको ९ महिना भयो। यहाँ एकै पटकमा ६० जनाले विश्वकप लाइभको आनन्द उठाउन सक्छन्।

मैतीदेवीस्थित बुइँगल लाउन्ज एन्ड बार पारिवारिक वातावरणयुक्त रेस्टुराँ हो। यो रेस्टुराँ धेरैको रोजाइमा पर्दै आएको छ। यहाँ ५५ इन्चको स्क्रिनमा एकैपटकमा ७० जनाले वर्ल्डकप हेर्न सक्छन्। ललितपुरको अरुण थापा चोकस्थित पापराजी रेस्टुराँ एन्ड बारले प्रोजेक्टरमार्फत वर्ल्डकप लाइभ हेर्न मिल्ने व्यवस्था मिलाउँदैछ। यहाँ एकपटकमा लगभग २ सय जनाले विश्वकप हेर्न सक्नेछन्।

## विकेन्ड कन्सर्ट

# पोखरामा स्वप्न सुमन



युट्युब मार्फत उदाएका सुमन थापा अर्थात् स्वप्न सुमनको प्रस्तुति भोलि जेठ २६ गते शनिबार पोखरामा हुँदैछ। पोखरा सभागृहमा हुने उक्त कार्यक्रममा राष्ट्रिय एवं स्थानीय कलाकारहरूको गायन तथा नृत्यसमेत हेर्न तथा सुन्न पाइनेछ।

**समय** : दिउँसो २ बजे
**प्रवेश शुल्क** : ३ सय तथा ५ सय रुपैयाँ

## विकेन्ड पार्टी

# सानमिगल वेट फेस्ट




झापाको हब्बी स्वीमिङ पुल बिर्तामोडमा शुक्रबार सानमिगल वेट फेस्ट-२०१८ हुने भएको छ। उक्त फेस्टमा इन्टरनेसनल डिजे डेक्सी नेपाली डिजे प्रज्वलसँगै प्रस्तुत हुनेछन्। येक्तेन मुभिजले आयोजना गर्न लागेको यो फेस्टलाई मेडेली इभेन्ट तथा मिडिया प्रालिले सहयोग गर्नेछन्। बेलुका हुने यो कार्यक्रममा करिब ३ हजार दर्शक सहभागी हुने येक्तेन मुभिजका निर्देशक गोपाल येक्तेनले जानकारी दिए।

चलचित्र

## चंगा



**निर्देशक :** किशोर भण्डारी **कलाकार :** बुद्धि तामाङ, कमलमणि नेपाल, अंकित खड्का, लक्ष्मी बर्देवा, रेश्मा तिमल्सिना आदि । **संगीत :** राजनराज शिवाकोटी तथा कमल खत्री

चलचित्र चंगा आज शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ । काठमाडौं र ललितपुरका विभिन्न गाउँमा खिचिएको यो चलचित्रले दर्शकलाई पूर्ण रुपमा हँसाउने निर्माण पक्षको अपेक्षा छ । चलचित्रले गाउँको मौलिक कथा उठान गरेको निर्देशक किशोर भण्डारी बताउँछन् । भण्डारीका अनुसार चलचित्रमा बालमनोविज्ञानलाई समेत सूक्ष्म ढंगले उठान गरिएको छ । यसअघि सार्वजनिक चलचित्रको ट्रेलर तथा गीतले राम्रै प्रतिक्रिया पाएका छन् । केही समयअघि युट्युबबाट सार्वजनिक भएको चलचित्रको गीत कम्पनी मालालाई भन्डै ९ लाखले हेरेका छन् भने त्यसले सकारात्मक कमेन्ट समेत पाएको छ । माघ ८ देखि छायांकनमा गएको यो चलचित्र २५ दिन लगाएर खिचिएको थियो । चलचित्र चंगा २ घण्टा १५ मिनेट लामो छ ।

## मट्टी माला




**निर्देशक :** टेके पौरखी राई **कलाकार :** प्रियंका कार्की, बुद्धि तामाङ, रजनी गुरुङ, पृथ्वी राई आदि । **संगीत :** सुमन राई

पौरखी फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्र मट्टी माला आज शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउनेछ । निर्माण भएर पनि खासै प्रचार-प्रसार नगरिएको यो चलचित्रमा बुद्धि तामाङको आकर्षक अभिनय हेर्न पाइन्छ । निर्देशक राईले नै चलचित्रको कथा लेखेका हुन् । यो चलचित्र माटोभित्र पाइने बहुमूल्य धातु मट्टी मालाको विषयमा केन्द्रित रहेर निर्माण गरिएको हो, जसमा प्रेम, एक्सन, कमेडी तथा रोमान्सलाई प्रस्तुत गरिएको छ । चलचित्रका निर्देशक राईका अनुसार गाउँमा साहुको ऋण तिर्न नसकेपछि सहर पसेका युवाको कथा र संघर्षलाई मट्टी मालासँग जोडेर प्रस्तुत गरिएको छ । चलचित्रमा अभिनेत्री प्रियंका कार्की अतिथि भुमिकामा रहेको बताइन्छ । यद्यपि उनको के कति समयको- कस्तो प्रकारको भूमिका छ भन्ने कुरा खुलाइएको छैन । पहिले नै सार्वजनिक भएको मट्टी मालाको गीत तिमीबाहेकलाई युट्युबमा निकै मन पराइएको छ ।

रंगमञ्च

## मण्डलामा 'झिमिक झिमिक झ्याप्प'

मण्डला थिएटरमा झिमिक झिमिक झ्याप्प नाटक मञ्चन हुने भएको छ । लेखक पिटर स्याफरको ब्ल्याक कमेडीमा आधारित रहेर यो नाटकलाई नेपालीमा प्रस्तुत गर्न लागिएको हो जसलाई दिलीप रानाभाट तथा आलोक लम्सालले अनुवाद गरेका हुन् । जेठ २९ देखि असार ३ सम्म मञ्चन हुने यो नाटकमा पछिल्लो पुस्ताले एकअर्कालाई कसरी चिटिङ गरिरहेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ । हरेक दिन साँझ ५:३० बजे मञ्चन हुने यो नाटकको अतिरिक्त सो शनिबार हुनेछ ।

## तामाङ सेलो नाट्य महोत्सव

आउँदो असार २, ३ र ४ गते बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा 'तामाङ सेलो नाट्य महोत्सव-२०७५' हुँदैछ । नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठान तथा सेलो फाउन्डेसनले आयोजना गर्न लागेको यो महोत्सवमा विभिन्न समूहको पाँचवटा नाटक मञ्चन हुने बताइएको छ । छनौटमा परेका नाटकमा फूलमान बलको लेखन तथा सोनाम तामाङको निर्देशनको 'सोनाम ग्याल्मो', अमृत योञ्जनको लेखन तथा निशा पाखिनको निर्देशनको 'स्यालगार', बसन्त चौधरीको लेखन तथा शान्ति वाइवाको निर्देशनको कविता नाटक 'डाला फ्रेडबा धोङला टा', ल्हाप्साङ कर्पो म्युजिकका तर्फबाट रोशन फ्युबाले संयोजन गरेको लोकनाटक 'लालिमो' एवं सत्यदेवी काठमाडौं सम्पर्क समाजका तर्फबाट मारनेन वाइबाले संयोजन गरेको लोकनाटक 'ताचेमा' छन् । मौलिक परिकार महोत्सव एवं पुस्तक प्रदर्शनीसहित सञ्चालनमा आउने यो महोत्सवमा तामाङ तथा नेपाली दुवै भाषाका नाटक मञ्चन हुने बताइएको छ ।

## बितेका कुरा

पोखराको गन्धर्व नाटकघरमा नाटक 'बितेका कुरा' १७ दिन लगातार मञ्चन भएको छ । रुपनारायण सिंहले लेखेको यो नाटक परिवर्तन कार्कीको निर्देशनमा मञ्चन गरिएको हो । नाटकमा पुराना रंगकर्मी प्रकट पंगेनी शिव देखि दिलप्रसाद गुरुङ, ध्रुव पौडेल, बबिता मल्ल ठकुरी, प्रसुना भण्डारी, सम्झना सिर्पाली, शरद भण्डारी, सूर्य सुवेदी, रोशन ज्ञवाली, सौरभ तिम्सिना तथा सिमरन पौडेलले अभिनय गरेका थिए । एक घण्टा लामो उक्त नाटकमा समाजमा घट्ने घटनालाई यथार्थपरक ढंगमा चित्रण गरिएको छ ।

# निड, इन्ट्रेस्ट एन्ड एमको चेपुवामा



जे पाण्डे



त्यापारिक घरानाकी दीपिका श्रेष्ठ मोडलिङमा आकाश छुन चाहन्थिन्, त्यो पनि चानेचुने ढंगले होइन, सहरका आफ्ना धेरै साथीहरूसँग प्रतिस्पर्धा गरेर । पैसाको कमी थिएन, उस्तै थियो जोस, जाँगर पनि । रूपरंगले साथ दिएकै हो, तर उनका सामु अनेकौं तगारा थिए ।

नेपालगन्ज सुन्दरी हुने लक्ष्यसँगै पहिलो पटक चालेका पाइला आइलाग्ने तमाम बारबन्धन छिचोल्दै थिए । उनले गत असार ३ गते १८ प्रतिस्पर्धीमध्ये फाइनलमा पुगेका १० जनालाई उछिन्दै नेपालगन्ज सुन्दरीको उपाधि जितेकी थिइन् । त्यतिबेला उनीमाथि उपाधिका लागि पैसा ख्वाएको आरोप लाग्यो ।

खुट्टा तान्दै गर भन्दै गएँ, अघि बढ्दै गएँ, सुन्दरी प्रतियोगिताबाट मोडलिङमा छलाङ मार्न खोजेकी नेपालगन्ज, न्युरोडकी दीपिका भन्छिन्- एयरहोस्टेस हुने चाहना पनि छँदैछ ।

ज्यान एक, चाहना अनेक । उमेरले उरालेको चञ्चल र अस्थिर मन । कता जाने ? कता लाग्ने ? दोधारे मनस्थिति । सुन्दरी प्रतियोगिताका आयोजकले एयरहोस्टेस बनाउने आश्वासन नदिएका पनि होइनन् । काठमाडौंमा ५ महिना तालिम पनि लिइन् । अन्तर्राष्ट्रिय हवाई उडान भर्दै आएका एयर अरेबिया र कतार एयरलाइन्समा मेलमार्फत आवेदन दिइन् । सफलता हात लागेन । आकाश छुने एउटा चाहनाको त्यहीँ अन्त्य भयो ।

मिस नेपाल हुने अर्को सपना । त्यो पनि अधूरै भयो । उमेरले साथ दिएन– दीपिका भन्छिन् । सानो सहरबाट ठूलो रहरका साथ उठेकी दीपिका अन्ततः गृहनगर नै फर्किएकी छिन् । अहिलेसम्म कुनै लक्ष्य पूरा भएन । अब व्यापार गर्छु, दीपिकाले भनिन्- मेरा सबै साथी अध्ययनतर्फ लागे । आफ्नो त लाइन नै टुट्यो । किन परिवर्तन हुन्छन् किशोरावस्थाका सपना ? उनीहरूसँग प्रश्नको चित्तबुझ्दो जवाफ छैन । ग्ल्यामरस लाइफप्रति आकर्षित भएर दुईतिर खुट्टा राख्दा धेरैका सपना साकार हुन सकेका छैनन् ।

दीपिका सपना साकार नहुने एक्ली सुन्दरी होइनन् । मिस नेपालगन्जकै फस्ट रनर्सअप समीक्षा बोहोरा तथा सेकेन्ड रनर्सअप सिर्जना थपलियाले पनि बाटो परिवर्तन गरेका छन् । लक्ष्य त मोडल हुने हो समीक्षाको, तर आवश्यकताले अर्कै बाटो डोऱ्यायो । अन्ततः सेवा क्षेत्रमा लाग्ने निधोका साथ नर्सिङ अध्ययन सकेर अहिले पनि जागिरको पर्खाइमा छिन् उनी । पहिले आर्थिक रूपमा आफ्नै खुट्टामा उभिन चाहन्छु, समीक्षा भन्छिन्- निड एन्ड एममध्ये कुनलाई प्राथमिकता दिने दोधारमा छु । मोडल हुने चाहना र करियर दुई फरक बाटो देखिए पनि लगावचाहिँ मोडलिङतिरै छ, समीक्षाले प्रस्ट्याइन्- किनभने थोरै भए पनि नाम कमाएकी छु । आर्थिक रूपले सबल र स्वतन्त्र भएपछि पाइला फेरि मोडलिङतिरै बढाउने पक्षमा छु । समीक्षाले आफ्नो चाहना खुलस्त पारिन् ।

समीक्षालाई पारिवारिक सपोर्ट पनि थिएन । निकटस्थ साथीहरूले साथ र दबाब दुवै दिए । अन्ततः परिवारले समेत स्वीकृति र साथ दियो । दीपिकाको तुलनामा समीक्षा सामु आर्थिक चुनौती धेरै छन्, तर उनी आफू उठेको सहर नेपालगन्जको फोहोर सफा गर्ने पक्षमा छिन् । समीक्षा भन्छिन्- नर्सिङ सेवामा लागे पनि नेपालगन्जलाई सुन्दर बनाउने काममा लाग्नेछु ।

समीक्षाकी साथी सिर्जना पनि लक्ष्य परिवर्तन गरी अध्ययनलाई निरन्तरता दिन काठमाडौंतर्फ लागेकी छिन् । साथीहरूले प्रेरित गर्दा मोडलिङमा हाम फाल्नेहरू धेरै देखिन्छन् । यद्यपि धेरैजसो अनेकन् कारणले आफ्नो चाहना परिवर्तन गर्न बाध्य हुनुपरेको बताउँछन् ।

नेपालगन्जमा केही वर्षयता हुँदै आएका सुन्दरी प्रतियोगितामा किशोरीहरूको आकर्षण बढ्दो छ । तराइको समाजिक तथा पारिवारिक सोच त्यस्ता किशोरीको चाहना, रुचि र आकर्षणमा बाधक बन्ने गरेका छन् । यद्यपि विभिन्न बाधा-अड्चन हुँदाहुँदै पनि नेपालगन्जमा मोडलिङमा प्रवेश गर्न चाहनेहरूको कमी देखिदैन, तर मोडल बन्ने महत्वाकांक्षा र सपना सँगालेका सुन्दरी प्रतियोगिताका दर्जनौं सहभागी राष्ट्रिय स्तरसम्म पुग्न नसक्दा खुम्चिएरै बस्न बाध्य छन् । कारण के हो ? भेरी सुन्दरी प्रतियोगिताकी सहभागी ममता थापा भन्छिन्- धेरैजसो आयोजकले प्रतियोगिता हुँदा आकाशका तारा टिपेर ल्याइदिने झूटो आश्वासन बाँड्छन् । कसैलाई एयरहोस्टेज बनाइदिने त कसैलाई के बनाइदिने सपना देखाउँछन् । यस्ता प्रतियोगितामा एक खालको भावनात्मक शोषण नै हुन्छ । यस्ता आयोजकको विश्वासमा पर्दा धेरैले धोका पाउँदै आएका छन् । अर्कोतिर परिवार र समाजको पनि समर्थन हुँदैन । नेपालगन्जको परिवेश अझै मोडलिङका लागि अनकूल छैन । छोटो कपडा लगाएर क्याटवाक गर्दैमा मोडल भइन्छ भन्ने गलत धारणा छ ।











# अनुष्का कार्की

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान

पहिरन : पिजेज कलेक्सन, सिभिल मल

मेकअप : अम्बु रुचाल, मिरर ब्युटी स्टुडियो, मैतीदेवी

लोकेशन : लेभल–३, लबिम मल, पुल्चोक





# निर्देशकलाई चाँदी

चलचित्र सफल भयो भने सबैभन्दा फाइदा त्यसका अभिनेता-अभिनेत्रीलाई हुन्छ । यतिबेला एउटा चलचित्र सफल भएको फाइदा भने एक जना निर्देशकले पाएका छन् । प्रसंग हो निर्देशक विशाल भण्डारीको । चलचित्र कोहलपुर एक्सप्रेसको सफलतासंगै यी निर्देशकले दर्जनौं प्रस्ताव पाउन थालेका छन् । कोहलपुर एक्सप्रेसकै निर्माताहरूको समूहले भण्डारी समक्ष कोहलपुर-२ निर्देशन गर्न आग्रह गरिसकेको छ भने अर्का एक निर्माताले प्रेम कथामा आधारित चलचित्र यही भदौदेखि फ्लोरमा लानै पर्ने दबाब दिएका छन् । यी सबै दबाबकाबीच निर्देशक भण्डारी भने सुटुक्क आफ्नो पुरानो विधा अर्थात् म्युजिक भिडियोको निर्देशनमा सक्रिय छन् । कोहलपुर एक्सप्रेसका कारण झन्डै आठ महिना भिडियो निर्देशन गर्न नभ्याएका भण्डारी जेठको पहिलो सातादेखि अचानक भिडियो निर्देशनमा व्यस्त भएका हुन् । 'हप्तामै तीन-चारवटा भिडियो निर्देशन गरिरहेको छु, भण्डारी भन्छन्-'आठ महिनादेखि मलाई पर्खेर बसेका स्रष्टालाई पहिलो प्राथमिकता दिएर काम गर्दैछु ।'

# नृत्यबाट अभिनयमा

सुनिल क्षेत्री कुशल नृत्य कलाकार हुन् । भारतीय रियालिटी शो डिआईडी सिजन-४ को टप टेन भित्र पर्न सफल क्षेत्री नृत्यमा अब्बल भएकै कारण दर्जनौं म्युजिक भिडियोमा मुख्य भूमिकामा प्रस्तुत भैसकेका छन् । उनले दर्जनौं भिडियोमा कोरियोग्राफी समेत गरिसकेका छन् । नृत्यमा पारंगत कलाकार क्षेत्री एउटा संगीत तथा नृत्य प्रधान चलचित्रबाट ठूलो पर्दामा पदार्पण गर्दैछन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र चि मुसी चीमार्फत क्षेत्री अभिनेताका रूपमा दर्शकमाझ आउन लागेका हुन् । चलचित्रको हालै सार्वजनिक एउटा गीतमा क्षेत्रीलाई आकर्षक शैलीमा चित्रण गरिएको छ । रमाइलो कुरा के छ भने यही चलचित्रमार्फत अभिनेत्रीका रूपमा पदार्पण गर्ने अलिशा शर्मा पनि कुशल नृत्यांगना हुन् । चलचित्रमा क्षेत्रीले आफ्नो सिक्स प्याक समेत देखाउन भ्याएका छन् भने अलिशाले पनि सारीदेखि बिकिनीसम्मका पहिरनमार्फत आफ्ना सौन्दर्य प्रस्तुत गरेकी छिन् ।



## तथ्य र रहस्य



# अञ्जली अधिकारी, मोडल

**वास्तविक नाम** : अञ्जली अधिकारी
**जन्म** : बढैयाताल, बर्दिया
**उचाइ** : ५ फिट ३ इन्च
**जन्ममिति** : २०५४ असोज १४ गते
**पहिलो अभिनय** : बद्री पंगेनी तथा मिरा गिरीको 'खरबारीमा' लोकगीतबाट
**अभिनय प्रशिक्षण** : अहिलेसम्म लिएको छैन
**पहिलो हिट** : पशुपति शर्मा र सम्झना भण्डारीको तीज गीत 'मेरो माया बसेको ठाउँमा'
**पुरस्कार** : बिन्दबासिनी म्युजिक अवार्ड-२०७३
**जुत्ताको ब्रान्ड** : यही भन्ने छैन
**जुत्ताको साइज** : ३५-३६
**परफ्युम** : फग
**घडी** : राडो
**मोबाइल** : आइफोन तथा सामसङ
**ल्यापटप** : डेल
**चश्मा** : रेबन
**मन पर्ने खाना** : दाल, भात, तरकारी, गुन्द्रुकका साथ चिकेन
**बेलुका सुत्ने समय** : सुटिङ नहुँदा ९/१० बजेसम्ममा
**बिहान उठ्ने समय** : सुटिङ पऱ्यो भने ६ बजे, नभए ८/९ बजे


# प्रियंकालाई सर्त

अभिनेत्री प्रियंका कार्की सोसल मिडिया क्रेजी छिन् । उनका फेसबुक तथा इन्स्टाग्राम प्रोफाइल नियाल्ने हो भने दिनहुँ अनेकौं तस्बिर अपलोड भएको पाइन्छ । सेलिब्रेटी भएपछि आफ्ना गतिविधि सोसल मिडियामा सार्वजनिक गर्नु सामान्य कुरा नै हो । यद्यपि प्रियंकाको यो बानीले निर्माताहरूलाई भने हैरान बनाएको छ । अधिकांश निर्माता-निर्देशक छायांकनको क्रममा रहेका बेला आफ्ना चलचित्रका तस्बिर सकेसम्म सार्वजनिक गर्न रुचाउँदैनन् । तस्बिरसँगै सम्बन्धित कलाकारको पहिरन, गेटअप आदि बाहिरने डर उनीहरूलाई हुन्छ । अभिनेत्री कार्की भने त्यसको ठीक विपरीत छिन् । उनी चलचित्रको सेटबाटै तस्बिर अपलोड गर्न हिच्किचाउँदिनन् । फ्लोरमै रहेको आफ्नो चलचित्रको तस्बिर बाहिरन थालेपछि निर्माता-निर्देशकहरूले प्रियंकासमक्ष नौलो सर्त राख्न थालेको बताइन्छ । मौखिक रूपमै राखिएको उक्त सर्तको बेहोरा यस्तो छ- 'छायांकनकै क्रममा चलचित्रको गेटअपमा तस्बिर अपलोड गर्न नपाइने ।' घण्टैपिच्छे तस्बिर अपलोड गर्न रुचाउने प्रियंकाले यो सर्त पालना गर्ने हुन् कि होइनन्, समयले नै बताउला ।



# चर्चा इन र आउटको

चलचित्र क्षेत्रमा यो साता दुई ठूला इन र आउटका प्रसंग बाहिर आए । पहिलो प्रसंग हो चलचित्र छक्का पञ्जा-३ को । सूर्य विनायकको रमणीय वातावरणमा सम्पन्न शुभ मुहूर्तमा सहभागी भएका चलचित्रका अभिनेता पुष्प खड्काले छायांकनकै क्रममा उक्त चलचित्रबाट हात झिके । छायांकनमा जानुभन्दा केही दिनअघि मात्र उक्त चलचित्रमा अनुबन्धित पुष्पले अन्तिममा आएर अभिनय नगर्नुलाई धेरै अर्थपूर्ण रूपमा हेरेका छन् । आफूले अभिनय गर्नुपर्ने भागको स्क्रिप्ट प्राप्त नभएको, आफ्नो भूमिकाका बारेमा समेत स्पष्ट जानकारी नगराइएको तथा पूर्व निर्धारितभन्दा निकै कम दृश्य छुट्याइएकाले आफूले उक्त चलचित्रबाट हात झिकेको पुष्पको तर्क छ । निर्माता दीपकराज गिरी पनि पुष्प चलचित्रबाट अलग भएको कुरा स्विकार गर्छन् । 'उहाँलाई अतिथि कलाकारको भूमिकाका लिएका थियौं, पारिश्रमिक पनि बुझिसक्नु भएको थियो, गिरी भन्छन्- पुष्पलाई उनको भूमिकाका बारेमा जानकारी पनि गराइएको थियो, यद्यपि अतिथि कलाकारलाई स्क्रिप्ट नदिने नियम भएकाले उपलब्ध नगराइएको हो । पुष्प आउट भएपछि उनको स्थानमा अभिनेता संजोग कोइराला इन भैसकेका छन् । यता चलचित्र प्रेमालयबाट अभिनेता निराजन प्रधानले पनि हात झिकेका छन् । ८ महिनाभन्दा बढी समय भैसक्दा समेत चलचित्रको छायांकन प्रारम्भ नभएपछि निराजन उक्त चलचित्रबाट अलग भएका हुन् ।



# जसीताको दोस्रो

अन्ततः अभिनेत्री जसीता गुरुङले चलचित्रको अभिनयलाई निरन्तरता दिने सम्भावना बढेको छ । अभिनेता प्रदीप खड्काले निर्माता गोविन्द शाहीसँग मिलेर निर्माण गर्न लागेको चलचित्र 'लभ स्टेसन' जसीताको दोस्रो चलचित्र बन्न लागेको हो । चलचित्र लिलिबिलीले ५१ औं दिन पूरा गरेको अवसर पारेर आयोजित समारोहमा शाही र खड्काले नयाँ चलचित्र निर्माण गर्ने जानकारी गराएका थिए । यद्यपि उक्त समारोहमा हाल बेलायतमा रहेकी जसीता भने अनुपस्थित थिइन् । साप्ताहिकसँग अनलाइन कुराकानी गर्दै जसीताले चलचित्रको कथा रमाइलो भएकाले लभ स्टेसनमा अभिनय गर्ने सम्भावना रहेको बताइन् । लिलिबिलीमा अभिनेता खड्कासँगको आफ्नो जोडीले चौतर्फी प्रशंसा पाएको भन्दै जसीताले त्यही कारण खड्कासँगै दोस्रो चलचित्रमा काम गर्न लागेको स्पष्ट पारिन् । चलचित्रवृत्तमा जसीता र प्रदीपको अफेयरकै चर्चा चलिरहेको छ । यद्यपि दुवैले उक्त हल्लाको खण्डन गर्दै आएका छन् ।



# कता हराइन् आना ?

जेरीबाट चलचित्र क्षेत्रमा प्रवेश गरेकी आना शर्माको अभिनयलाई दर्शकले खुबै मन पराए । त्यसपछि आनालाई केही वर्षमै नेपाली चलचित्रलाई नेतृत्व गर्ने अभिनेत्रीका रूपमा समेत लिइयो । चलचित्र जेरीपछि आनालाई अभिनयको असाध्यै धेरै अफर आयो, तर उनी स्क्रिप्ट चित्त बुझेन भन्दै पन्छिइन् । झन्डै दुई वर्षपछि उनको दोस्रो चलचित्र ग्याङस्टार ब्लुज हलमा आयो, चलचित्र ठिकठाकै चल्यो, तर आना त्यसपछि भने कुनै चलचित्रमा देखिएकी छैनन् । अहिले इन्स्टाग्राममा आना तथा व्यवसायी सोनाम शेर्पाको प्रेम छताछुल्ल छ । आनाको ध्यान चलचित्रमा भन्दा व्यक्तिगत जीवनमै बढी देखिन्छ । कतै सोनामले नै आनालाई चलचित्र अभिनयबाट रोकेका त होइनन् ? यो रहस्य भने आनाबाहेक अरू कसलाई थाहा होला र ?

फटाफट

# भर्सटायल अभिनेता बन्न चाहन्छु



**अहिलेको केमा व्यस्त हुनुहुन्छ ?**

भरखरै चलचित्र डोलीको छायांकन सम्पन्न भयो । यतिबेला चाहिँ खाली नै छु ।

**डोली कस्तो चलचित्र हो ?**

यो एउटा पारिवारिक चलचित्र हो । शीर्षक सुन्दा नारी प्रधान लाग्न सक्छ, यद्यपि यो विशुद्ध सामाजिक चलचित्र हो ।

**तपाईंको भूमिका कस्तो छ ?**

मैले एउटा प्रहरी अधिकृतको सकारात्मक भूमिका निर्वाह गरेको छु ।

**भरखरै सार्वजनिक भएको चलचित्रको तस्विरमा तपाई पृथक पहिरनमा देखिनु हुन्छ नि ?**

चलचित्रले धेरै अघिको कथा बोल्ने भएकाले मेरो पात्रले पहिलेका मानिसहरूले ओढ्ने बर्को ओडेको छु, त्यसैले पृथक देखिएको हो ।

**यसअघिका चलचित्रभन्दा डोलीमा कत्तिको फरक काम गर्नुभएको छ ?**

किस्मत-२ तथा मंगलममा मैले प्रेमिको भूमिका निर्वाह गरेको थिएँ, यसमा प्रेम गर्ने भूमिका छैन । शान्ति-सुरक्षाको जिम्मा लिने प्रहरीका रूपमा प्रस्तुत भएको छु ।

**हल्लै बिना छायांकन सक्नुभयो नि ?**

त्यो त मलाई पनि थाहा छैन । उहाँहरू सुटुक्कै जानु भएछ । छायांकन प्रारम्भ भैसकेपछि मलाई नुवाकोट बोलाउनुभयो । छायांकन सकिएपछि मात्र हल्ला गर्ने भन्ने प्रोडक्सनको योजना थियो होला ।

**प्रदर्शनको तयारीमा रहेको चलचित्र विरंगनामा कस्तो भूमिका छ ?**

शिल्पा पोखरेल र अनुप विक्रम शाहीसँगै म प्रभावकारी भूमिकामा छु । म त्रिकोणात्मक प्रेम कथाको एक पात्र हुँ । चलचित्रमा म लभर ब्वायका साथै एक्सन भूमिकामा छु ।

**यसअघिका दुई चलचित्रमा पनि तपाई शिल्पा पोखरेलसँगै हुनुहुन्थ्यो नि ?**

यो चाहिँ संयोगकै कुरा हो । किस्मत-२ तथा मंगलममा पनि मैले शिल्पासँग त्रिकोणात्मक प्रेम कथामा काम गरेको थिएँ ।

**डोलीपछि के गर्दै हुनुहुन्छ ?**

शीर्षक राख्न बाँकी रहेको एउटा चलचित्रमा आबद्ध भैसकेको छु, जसको छायांकन भदौमा प्रारम्भ हुँदैछ ।

**आफूलाई अभिनयको कुन विधामा अब्बल मान्नु हुन्छ ?**

म आफूलाई अभिनय, नृत्य, द्वन्द्वसहित हरेक विधामा पोख्त भर्सटाइल अभिनेताका रूपमा स्थापित गराउन चाहन्छु ।

● पृथ्वीराज प्रसाईं, अभिनेता




# मिसेज नेपाल युनिभर्स

ई-प्लानेटले मनीषा डंगोल श्रेष्ठलाई मिसेज नेपाल युनिभर्स-२०१८ को उपाधि प्रदान गरेको छ । मनीषाले अब फिलिपिन्सको मनिलामा डिसेम्बर ३ देखि १० सम्म सञ्चालन हुने मिसेज युनिभर्स-२०१८ मा सहभागिता जनाउनेछिन् । फिलान्थ्रोपिष्ट मनीषा डंगोल श्रेष्ठ दुई सन्तानकी आमा हुन् र उनी महिला सशक्तीकरणमा संलग्न हुँदै आएकी छिन् । हाल लन्डनमा बस्दै आएकी मनीषा लन्डन फेसन हाउसको क्रिएटिभ हेड एवं निर्देशक हुन् । मनीषा नेप्लिज युथ क्लबकी संस्थापक अध्यक्ष, पासा पुचः गुठी युकेकी उपाध्यक्ष रहनुका साथै लन्डन फेसन हाउसको ब्यानरमा मिसेज नेपाल युके, मिसे टिन नेपाल युके तथा मिस लिटिल नेपाल युकेको आयोजनामा समेत सक्रिय छिन् ।

## एकतालाई ट्यालेन्ट एवार्ड

भारतको नयाँ दिल्लीमा सञ्चालित मिस ब्रिक्स इन्टरनेसनल-२०१८ मा नेपालका तर्फबाट सहभागिता जनाएकी एकता कुँवरले ट्यालेन्ट विधाको एवार्ड जितेकी छिन् । ट्यालेन्ट राउन्ड नृत्य प्रस्तुत गरेकी एकता चलचित्र दर्पणछायाँको लहनाले गीतमा नाचेकी थिइन् । एकताले प्रतियोगताको टप सेभेन फाइनलिस्ट सम्मको यात्रा तय गरेको बताइन्छ । ब्रिक्स अलाएन्स बिजनेस फोरम-२०१८ सित जोडिएर प्रारम्भ गरिएको मिस ब्रिक्स



इन्टरनेसनलमा सहभागि भएकी २२ वर्षीया एकता कुँवर मोडल हन्ट नेपालको तेस्रो सिजनकी सेकेन्ड रनर्सअप हुन् । वाक फोर रेस्पेक्ट अर्थात् आदरका लागि हिंड्नुहोस् भन्ने नाराससहितको मिस ब्रिक्स इन्टरनेसनल वातावरण, सबैको अस्तित्वको सम्मान, लिङ्ग, जाति, धर्म, रंगको आधारमा गरिने विभेदविरुद्धको सशक्त प्रस्तुति तथा फरक क्षमता भएकाहरूको सम्मानजस्ता कुरामा केन्द्रित छ ।

## प्रज्वल भए प्रथम



रोल्पाको लिबाङमा पहिलो पटक आयोजना गरिएको राष्ट्रिय कविता प्रतियोगितामा लमजुङका प्रज्वल अधिकारी प्रथम भएका छन् । लिबाङ नगरपालिका रोल्पाले आयोजना गरेको बृहत् साहित्य सम्मेलन-२०७५ अन्तर्गत आयोजित राष्ट्रिय कविता प्रतियोगितामा प्रज्वल अधिकारीको 'आऊ साइँला एकै छिन भलाकुसारी गरौं' शीर्षकको कविताले प्रथम स्थान हासिल गरेको हो । प्रतियोगितामा लक्ष्मण संगमको 'म त मूर्ख रहेछु' र सुरेश बुढाथोकीको 'देश हराएको सूचना'ले क्रमशः दोस्रो र तेस्रो स्थान हासिल गर्दा अमी प्रिन्सको 'बेपत्ता चप्पल' र गणेशप्रसाद खतिवडाको 'समृद्धिको सपना'ले सान्त्वना पुरस्कार हात पारे । देशभरबाट प्राप्त १ सय ५४ कविताबाट छनोटमा परेका १५ कविता प्रतिस्पर्धामा सहभागी थिए । ५२ जिल्लाका कविले प्रतियोगिताका लागि कविता पठाएका थिए । जेठ २० देखि २२ गतेसम्म चलेको 'बृहत् साहित्य सम्मेलन-२०७५' अन्तर्गत कविता प्रतियोगिता जेठ २१ गते लिबाङमा आयोजना भएको थियो । साहित्य सम्मेलनमा 'युद्ध साहित्य विकास, प्रभाव र परिणाम' विषयक बहसमा १० वर्षे जनयुद्धले जन्माएका सिर्जना र तिनका असरका बारेमा चर्चा गरिएको थियो । बहसमा नवीन विभास, क्षितिज मगर, यज्ञबहादुर डाँगी र वीरेन्द्र शाही सहभागी थिए ।

राधिका अधिकारी

## आज अन्नपूर्णमा फेसन नोभा-७



द क्रिएसन इन्स्टिच्युट अफ फेसन डिजाइनले आज अन्नपूर्ण होटलमा 'फेसन नोभा-२०१८ : सिजन-७' को आयोजना गर्दैछ । सात जना सेलिब्रेटी कलाकार तथा मोडल रेनुकासिंह ठकुरी, ज्योत्सना योगी, पृथ्वीराज प्रसाईं, दीपक घिमिरे, एलिजा धमला, रक्षा श्रेष्ठ, नीलम चन्द, प्रशान्त ताम्राकार एवं कुशाग्र भट्टराईले ती सातवटा थिममा सिक्वेन्स स्टपर्सका रूपमा क्याटवाक गर्नेछन् । फेसन डिजाइनको प्रवर्द्धनका लागि द क्रिएसनले यो फेसन शोको आयोजना गर्न लागेको संस्थाकी अध्यक्ष मनिता थापाले बताएकी छिन् ।

## अमेरिकामा दुई सुन्दरी प्रतियोगिता

अमेरिकामा एकै महिना दुई सुन्दरी प्रतियोगिता हुँदैछन् । उन्नत इन्टरनेसनल तथा ड्रिम्स युनिभर्सले साउन २६ गते मिस नेपाल नर्थ अमेरिका आयोजना गर्ने भएको छ । प्रतियोगितामा अमेरिका, क्यानाडा, मेक्सिकोलगायत उत्तर अमेरिकामा बसोबास गर्ने नेपाली मुलका युवतीहरूले भाग लिँदै छन् । मिस नेपाल-२०१० सदिक्षा श्रेष्ठ उक्त प्रतियोगिताका लागि आधिकारिक कोरियोग्राफर तथा मिस टुरिज्जम इन्टरनेशनल फातेना क्युसिम प्रमुख प्रशिक्षक छिन् । यसैगरी मिस नेपाल अमेरिका (यूएस) यसपटक टेक्ससको डलासमा हुने भएको छ । नेपाल ११ इन्टरटेन्टमेन्टले आगामी भदौ ३ गते उक्त प्रतियोगिता सम्पन्न गर्ने जानकारी दिएको छ । यो प्रतियोगितामा नेपाली मूलका १८ देखि २५ वर्ष उमेर समूहका युवतीहरूले सहभागिता जनाउनेछन् । अमेरिकामा सन् २०११ देखि मिस नेपाल यूएस प्रतियोगिता हुन थालेको हो ।

## कन्सर्टमा रमायो नाम्चेबजार



डान्स पार्टी सञ्चालन गरेको हो । 'सगरमाथाको फेदी अनुपम छ ठाउँ, आन्तरिक पर्यटनका लागि नाम्चे घुम्न जाउँ' भन्ने नाराका साथ सञ्चालित उक्त सांगीतिक कार्यक्रममा इन्डियन आइडल प्रशान्त तामाङसहित नेपाली गायकहरू बद्री

एभरेस्ट डेको अवसर पारेर सोलुखुम्बुको नाम्चेबजारमा 'एभरेस्ट डे-२०१८' शीर्षकको सांगीतिक कार्यक्रम प्रस्तुत भएको छ । पार्टी एभरेस्ट इन्टरनेसनल इन्टरटेन्मेन्टको व्यवस्थापनमा नाम्चे युथ ग्रुपले नाम्चेबजारस्थित हिमालय आधारभूत विद्यालयको प्रांगणमा लोकप्रिय कलाकारहरूका साथमा लाइभ कन्सर्ट तथा पंगेनी, अभिनाश घिसिङ तथा लोक गायिका प्रिया भण्डारी आकर्षणको केन्द्र भए । सांगीतिक कार्यक्रमलगत्तै डिजे तेन्जिङले कार्यक्रम परिसरलाई डान्स फ्लोरका रूपमा रूपान्तर गरिदिए । जेनी शेर्पाद्वारा सञ्चालित उक्त कन्सर्ट साँझ ६ बजेपछि प्रारम्भ भएको र बिहान ५ बजेसम्म चलेको थियो ।

## संक्षिप्त

### मिसेज नेपाल एलिगेन्स



हाले सम्पन्न मिसेज नेपाल एलिगेन्स-२०१८ मा दाङकी कल्पना श्रेष्ठले मुख्य उपाधि जितेकी छिन् । त्याम्प जोनद्वारा आयोजित उक्त प्रतियोगितामा कल्पनाले पोजिटिभ एटिच्युडको उपाधि समेत हात पारेकी थिइन् । प्रतियोगितामा काठमाडौंकी सविना महर्जन फर्स्ट रनर्सअप तथा जनकपुरकी लक्ष्मी शर्मा सेकेन्ड रनर्सअप भए ।

### सचिन र विन्तीलाई उपाधि

पोखरामा सञ्चालित चौथो संस्करणको मिस्टर एन्ड मिस सी नेपाल-२०१८ को उपाधि सचिन अधिकारी तथा विन्ती गुरुङले जितेका छन् । सचिनले उपाधिसँगै मस्ट डिसिप्लिन, मस्ट ट्यालेन्ट तथा बेस्ट पङ्चुयालिटी सवटाइटल हात पार्दा विन्तिले बेस्ट पर्सनालिटीको उपाधिसमेत जितिन् । गोस्पेल मल्टिमिडियाद्वारा आयोजित यो प्रतियोगितामा सोनिया गुरुङ र अनिज अमात्य फस्ट रनर्सअप तथा चिमी डोल्कर र जेनिथ गुरुङ सेकेन्ड रनर्सअप घोषित भए । चिमि र सुमन कोइरालाले भ्युअर च्वाइसको पुरस्कारसमेत प्राप्त गरे ।

### मिस्टर एन्ड मिस स्टार सी

ब्ल्यू रेज प्रोडक्सनले आयोजना गरेको मिस्टर एन्ड मिस स्टार सी-२०१८ को उपाधि विनिशा थापामगर तथा सुजन गुरुङले जितेका छन् । ग्रान्ड फिनालेका लागि छानिएका ९ जना प्रतियोगीबीच पोखरा, लेकसाइडस्थित ओजन रेस्टुरेन्ट एन्ड लाउन्ज बारमा उक्त प्रतिस्पर्धा गराइएको थियो ।

### मिस्टर एन्ड मिस एसइई आइडल

मिस्टर एन्ड मिस एसइई आइडल-२०१८ मा गगन कार्की तथा शुभेच्छा मालाकार विजेता घोषित भएका छन् । उक्त प्रतियोगिताको युवातर्फ रुपेश बस्नेत फर्स्ट रनर्सअप तथा अभिशान्त कार्की सेकेन्ड रनर्सअप भए भने युवतीतर्फ सुरक्षा बस्नेत फर्स्ट रनर्सअप तथा पूजा तामाङ सेकेन्ड रनर्सअप भएका थिए । यो प्रतियोगिताको आयोजना ट्रिनिटी मार्केटिङ तथा इभेन्ट म्यानेजमेन्टले गरेका हुन् ।

### व्यास नगर साइनिङ स्टार

छैटौं संस्करणको व्यासनगर साइनिङ स्टार-२०१८ को उपाधि दमौलीको सत्यवती माविमा कक्षा ९ मा अध्ययरत गणेश गिरीले जितेका छन् । उक्त प्रतिस्पर्धामा दमौली मोडल स्कुलमा अध्यनरत देविता पाण्डे फस्ट रनर्सअप घोषित भइन् भने सत्यवती माविमा अध्यनरत कीर्तिका कार्कीले सेकेन्ड रनर्सअपमा चित्त बुझाइन् ।

### मिस्टर काठमाडौं सुशान्तकाजी

मिस्टर काठमाडौं- २०१८ मा सुशान्तकाजी श्रेष्ठले शीर्ष उपाधि जितेका छन् । एक्पोज् नेपालले आयोजना गरेको यो प्रतियोगितामा प्रज्ज्वल खड्का फस्ट रनर्सअप, सबिन थापा मगर सेकेन्ड रनर्सअप तथा राज रिजाल थर्ड रनर्सअप घोषित गरिए ।

### मिस्टर एन्ड मिस सी गण्डकी

मिस्टर एन्ड मिस सी गण्डकीको उपाधि १५ वर्षीया सृष्टि घिमिरे तथा १६ वर्षीय सन्देश भुर्तेलले जितेका छन् । एस.टी. क्रिएसनद्वारा आयोजित यो प्रतियोगितामा मिस सी गण्डकीतर्फ प्रज्ञा पौडेल फर्स्ट रनर्सअप तथा शशिकला तामाङ सेकेन्ड रनर्सअप भए । मिस्टर सी गण्डकीतर्फ सुलभविक्रम शाही ठकुरी फस्ट रनर्सअप भए भने सफल सुवेदी सेकेन्ड रनर्सअप घोषित भए । प्रतियोगितामा अन्तिमा गौचन तथा शंकर थापाले थर्ड रनर्सअपमा चित्त बुझाए । यो प्रतियोगितामा १५ जना किशोर-किशोरीको सहभागिता थियो ।

अपराध

# फरार अभियुक्त सुटुक्क अदालतमा

## मुख्य अभियुक्तहरूले दिएको बयान बाझियो

अनिल श्रेष्ठ

बिहीबार बिहान १०:४५ बजे अकस्मात् मोरङ जिल्ला अदालतमा उपस्थति भए, सुन तस्करी एवं सनम शाक्य हत्या प्रकरणका फरार अभियुक्त एसएसपी श्याम खत्री। उनका साथमा थिए उनकी श्रीमती तथा उनका तर्फबाट पैरवी गर्ने कानुन व्यवसायी अधिवक्ता हेमराज पन्त। यो प्रकरणमा अन्य अभियुक्तहरू अदालत परिसरमा उपस्थित हुँदाका दिनको तुलनामा त्यस दिन कम संख्यामा सुरक्षाकर्मी देखिन्थे। खत्रीले अदालत पुगेर आत्मसर्मपण गरेको जानकारी मोरङ प्रहरीले पाएपछि ठूलो संख्यामा सुरक्षाकर्मी अदालत परिसरमा परिचालन गरिएका थिए।

दिउँसो साढे ११ बजेदेखि बन्द इजालसमा खत्रीको बयान सुरु भएको थियो। लामो समयदेखि फरार खत्रीको बयान बन्द इजालसमा भएको थियो भने थुनछेक बहस खुल्ला रूपमा भएको थियो। खत्रीले अदालतसमक्ष १२ पृष्ठमा लिपिबद्ध बयान दिएका थिए। अभियुक्त खत्रीले बडो चालखीपूर्वक संक्षिप्तमा इन्कारी बयान दिएकाले समयअगावै बयान सकिएपछि अदालतको ६ नम्बर इजलासमा थुनछेक बहस सुरु भएको थियो। थुनछेक बहसलाई धेरै नलम्ब्याउन न्यायाधीश नारायणप्रसाद शर्माले गरेको आग्रहअनुसार साढे पाँच बजे बहस सकियो। त्यसपछि अदालतले सवा छ बजे आदेश लेखेर खत्रीलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

संगठीत अपराध निवारण ऐन २०७० को दफा ४१ तथा मुलुकी ऐन अ.ब. ११८ को देहाय २ का आधारमा खत्रीलाई पुर्पक्षका लागि सिधा खान पाउने गरी थुनामा राख्न आदेश दिइएको अदालतका निमित्त श्रेस्तेदार केदारप्रसाद गौतमले बताए।

सरकारका तर्फबाट सरकारी वकिलको कार्यालय मोरङका जिल्ला न्यायाधिवक्ता पूण्यप्रसाद पाठकले तथा खत्रीको पक्षबाट अधिवक्ता हेमराज पन्तले बहस गरेका थिए। थुनछेक बहसमा पहिले खत्रीका कानुन व्यवसायीले उनलाई सादा तारेखमा छाड्न आग्रह गरे। बहसकै क्रममा उनले खत्रीले धरौटी राख्न सक्ने अबस्था नभएकाले पुर्पक्षका लागि जेल पठाउनुपर्ने भए गोरेलाई राखिएको मोरङ कारागारमा नभएर झुम्का कारागार पठाउन निवेदन गरेका थिए। न्यायाधीश शर्माले खत्रीलाई पुर्पक्षकालागि मोरङ जिल्ला कारागार पठाउन आदेश गरे। मोरङ कारागारमा ठाउँ अभावले गर्दा खत्रीलाई शुक्रबार झुम्का कारागार पठाइएको मोरङ प्रहरीले जनाएको छ।

सोही मुद्दाका अर्का अभियुक्त डा. डेबिड भनिने छिरिङ वाङ्देल घले पनि एसएसपी खत्रीकै शैलीमा अदालतमा उपस्थित भए। उनले पनि आफ्ना तर्फबाट बहस गर्ने कानुन व्यवसायीलाई काठमाडौंबाटै ल्याएका थिए। उनले बिहान १० बजे नै अदालतमा हाजिर भएर बयान दिए।

छिरिङको बयान सकिएपछि सोही दिन थुनछेक बहस भयो। बहसमा वादीका तर्फबाट सरकारी वकिलको कार्यालय मोरङका जिल्ला न्यायाधिवक्ता पुण्यप्रसाद पाठक तथा प्रतिवादी छिरिङका तर्फबाट दुई जना कानुन व्यवसायी वरिष्ठ अधिवक्ता विश्वराज भट्टराई एवं अधिवक्ता सरोज अधिकारीले बहस गरेका थिए। बहस सकिएको केही समयपछि नै न्यायाधीश शर्माले छिरिङलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएका थिए।

छिरिङलाई संगठित अपराध निवारण ऐन, २०७० को दफा ४१ तथा मुलुकी ऐन अ.ब. ११८ को देहाय २ का आधारमा पुर्पक्षका लाथि थुनामा राख्न आदेश दिइएको हो। 'छिरिङले आपराधिक संगठनको सदस्य भै अवैध सुनको चोरी निकासी एवं पैठारीमा प्रत्यक्ष रुपमा संलग्न भै कमिसन लिएको देखियो,' अदालतको आदेशमा भनिएको छ, 'बरामद भएको रजिस्टरबाट प्रतिवादी छिरिङले पटक-पटक आफ्नो नाम छिरिङ डाक्टर तथा डी ड्याङ उल्लेख गरी सुन मगाएको देखिन्छ।' छिरिङ यही प्रकरणका अर्का अभियुक्त भुजुङ गुरुङका साला हुन्। अदालतको आदेशपछि छिरिङलाई जिल्ला कारागार मोरङ लगिएको प्रहरीले जनाएको छ।



खत्रीले अदालतमा दिएको बयानमा आफूलाई विमानस्थलबाट सुन तस्करी हुने कुनै जानकारी नै नभएको बताएका छन्। करिब ५ घण्टा चलेको बयानमा खत्रीले त्रिभुवन विमानस्थलबाट सुन तस्करी भएको कुरा आफूलाई थाहा नभएको र तस्करीमा संलग्न समेत नरहेको दाबी गरेका छन्। उनले सुन तस्करीमा सघाएबापत रकम लिने गरेको कुरा पनि सत्य नभएको उल्लेख गरेका छन्।




### अभियुक्तहरूको बयान बाझियो

३८ क्विन्टल सुन तस्करी तथा सनम शाक्य हत्या प्रकरणका मुख्य अभियुक्तका रूपमा हेरिएका चूडामणि उप्रेती 'गोरे', एसएसपी श्याम खत्री एवं डा. डेबिड भनिने छिरिङ वाङ्देल घलेको बयान आपसमा बाझिएको छ।

न्यायाधीश नारायण प्रसाद शर्माको बन्द इजालसमा गोरेले सुन तस्करीमा विमानस्थलबाट सुन पास गर्ने ठेकेदार एसएसपी खत्री भएको र नेपालमा सुन तस्करीको सेटिङ छिरिङले मिलाउने कुरा बताएका थिए। छुट्टाछुट्टै मितिमा अदालतमा उपस्थीति भएर दिएको बयानमा मुख्य अभियुक्त भनिएकाहरूको बयान बाझिएको हो। खत्रीले अदालतमा दिएको बयानमा आफूलाई विमानस्थलबाट सुन तस्करी हुने कुनै जानकारी नै नभएको बताएका छन्। करिब ५ घण्टा चलेको बयानमा खत्रीले त्रिभुवन विमानस्थलबाट सुन तस्करी भएको कुरा आफूलाई थाहा नभएको र तस्करीमा संलग्न समेत नरहेको दाबी गरेका छन्। उनले सुन तस्करीमा सघाएबापत रकम लिने गरेको कुरा पनि सत्य नभएको उल्लेख गरेका छन्। खत्री फरार भएपछि प्रहरी प्रधान कार्यालयले खोजीका लागि रेड कर्नर नोटिस जारी गरेको थियो। पारिवारिक स्रोतका अनुसार खत्री भारतको देहरादूनमा थिए। सुनकै मुद्दामा काठमाडौंमा जारी अर्को मुद्दाको तारेख जेठ २४ गते परेकाले उनी मोरङ आएको बताइएको छ।

त्यस्तै अर्का अभियुक्त छिरिङले पनि आफू सुन तस्करीमा संलग्न नभएको दाबी गरे। यसअघि यो प्रकरणमा मुख्य अभियुक्त 'गोरे' ले नेपालमा सुन तस्करीको धन्दा चलाउने प्रमुख व्यक्ति छिरिङ वाङ्देल घले भएको बयान अदालतसमक्ष दिएका थिए। यता अभियुक्त छिरिङले अदालतमा भने इन्कारी बयान दिए। आफ्नो बयानमा छिरिङले आफूमाथि लागेको सबै अभियोग अस्वीकार गरेका छन्। उनले बयानमा भनेका छन्, 'म काठमाडौंमा पार्टपुर्जाको सानो-तिनो व्यापार गर्ने व्यक्ति हुँ। त्यो पसल पनि बेचेर अहिले हाइड्रोपावर र जग्गा प्लटिनङमा लगानी गर्दै आएको छु।'

### डीआईजीको मान्छे भन्दै गोरेले धम्क्याउँथे

एसएसपी खत्रीले सुन नै नभेटी सुन तस्कर भन्न नमिल्ने तर्क पेस गर्दै गोरेले उल्टै आफूलाई फसाएको बताए। मिलेर सुन तस्करी गरौं भन्दै आएका गोरेलाई आफूले हप्काएर पठाएको खत्रीले उल्लेख गरेका छन्। गोरेले आफूलाई डीआईजी गोविन्द निरौलाको मान्छे भन्दै धम्क्याउने गरेको एसएसपी खत्रीले बयानमा अदालतलाई बताएका छन्।

गोरेले बयानका क्रममा खत्रीले सुन छुटाएबापत प्रतिकिलो ५० हजार रुपैयाँ कमिसन लिँदै आफ्नै गाडीमा राखेर बाहिर निकाल्ने कुरा उल्लेख गरेका थिए। गोरेले सुन तस्करीमा गोविन्द निरौलाको संलग्नता नरहेको र खत्री नै मुख्य व्यक्ति भएको बयान दिएका थिए। विमानस्थलमा प्रहरीहरू सीधै खत्रीको कक्षमा सुन बोकेर पुग्ने र उक्त सुन प्रहरीकै गाडीमा राखेर खत्रीको घर पुऱ्याइने दाबी गोरेले गरेका थिए। गोरेले खत्री आएपछि मात्र विमानस्थलमा सुन तस्करी सहज रुपमा हुन थालेको कुरा समेत बताएका थिए। यद्यपि एसएसपी खत्रीले ती सबै आरोप अस्वीकार गरेका छन्।

### यस्तो छ छिरिङको इन्कारी बयान

सुन तस्करी एवं सनम शाक्य हत्या प्रकरणका अभियुक्त छिरिङ वाङ्देल घलेले अदालत समक्ष दिएको बयानमा आफूविरुद्ध लागेका सबै अभियोग अस्वीकार गरेका छन्। हाल थुनामा रहेका भुजुङ गुरुङ नाताले भिनाजु पर्ने भए पनि सुन तस्करीमा आफ्नो संलग्नता नभएको छिरिङले बताएका छन्।

उनले मुख्य अभियुक्त चूडामणि उप्रेती गोरेसँग चिनजान नै नभएको दाबी गरे पनि साढे ३३ किलो सुन हराएपछि गोरे र उनका केटाहरूलाई दुई पटक बोलाएर सोधपुछ गरेको भने स्वीकार गरेका छन्। सोधपुछका क्रममा गोरेकै दबाबमा आफूले भुजुङलाई फोन गरेको छिरिङले बताएका छन्। सोही क्रममा गोरेले भिडियो खिचेको र फुटेजमा आफै रहेको उनले दिएको बयानमा उल्लेख छ।

गोरे समूहका मानिसहरूले भन्ने गरेको डा. डेविड आफू नभएको दाबी गर्दै छिरिङले भनेका छन्, 'निजले अदालतमा मविरुद्ध बयान दिनुको कारण आफ्नो समूहका मानिसहरूलाई जोगाई मलाई फसाउनु हुनुपर्छ। गोरेले भनेको छिरिङ अर्कै पनि हुन सक्छ। म छिरिङ वाङ्देल गुरुङ हुँ सुनको कारोगार नगर्ने हुँदा म निर्दोष छु।'

### ३० जना अभियुक्त अझै फरार

सनम शाक्य हत्या प्रकरणमा अझै ३० जना अभियुक्त फरार छन्। यसअघि केही प्रहरी अधिकारीसहित मुख्य अभियुक्त भनिएका चूडामणि उप्रेती गोरेसहित ३१ जना पुर्पक्षका लागि जेल चलान भैसकेका छन् भने १ जना धरौटी तथा १ जना सादा तारिखमा छुटेका छन्। प्रहरीको एक महिना लामो अनुसन्धानपछि गत बैसाख १९ गते ६३ जनालाई प्रतिवादी बनाएर अदालतमा मुद्दा दर्ता गरिएको थियो।

# उत्कृष्ट +2



भिषा काफ्ले/जनक तिमिल्सिना

राष्ट्रिय परीक्षा बोर्डको कक्षा १२ को परीक्षामा सामेल भएका ३ हजार ४ सय ९९ माध्यमिक विद्यालयबाट बाट उत्कृष्ट विद्यालय छान्नु त्यति सजिलो काम होइन, तैपनि विगत १४ वर्षदेखि साप्ताहिकले गर्दै आएको यो अभ्यासलाई यो वर्ष पनि निरन्तरता दिने प्रयास गरिएको छ। उत्कृष्टताका आधार अनेकन हुन सक्छन्। त्यसमा विद्यालयको परीक्षाफल एउटा प्रमुख आधार हो भने विद्यालयको व्यवस्थापकीय पक्षदेखि अतिरिक्त क्रियाकलापजस्ता कुरा पनि महत्वपूर्ण हुन्छन्। हामीले यो वर्ष पनि विगतका वर्षमा झैं राष्ट्रिय परीक्षाबोर्डले लिएको परीक्षाको परीक्षाफललाई प्रमुख मापदण्ड बनाएका छौं। १४ वर्षदेखिको यो प्रक्रियामा यसपटक केही परिमार्जन गरिएको छ, तर मुख्य आधार भने राष्ट्रिय परीक्षा बोर्डले उपलब्ध गराएको शैक्षिक परिणाम नै हो। अघिल्ला वर्षहरूमा कक्षा ११ र १२ को पाँच वर्षको परिणामलाई आधार मानिँदै आएकोमा गत वर्षदेखि कक्षा ११ को परीक्षाफल प्रतिशतको आधार हटाएर ग्रेडिङ प्रणाली लागू भएको हुँदा यस पटक २०७४ को एक वर्षको परीक्षाफललाई मात्र आधार मानिएको छ। विगतको जस्तै देशभरका विद्यालयहरूको उत्कृष्टता मापनसँगै नवीनतम प्रयोगका रूपमा देशको पछिल्लो प्रादेशिक संरचनाअनुसार यो वर्ष प्रादेशिक स्तरमा समेत तीन–तीन उत्कृष्ट विद्यालय छानिएको छ। देशभरको उत्कृष्टता मापनमा हामीले कम्तीमा २ सय विद्यार्थीलाई परीक्षामा समावेश गरेका विद्यालयलाई यो प्रक्रियामा समावेश गराएका छौं भने प्रदेशमा कम्तीमा १ सय विद्यार्थीलाई परीक्षामा सामेल गराएका विद्यालयलाई मापदण्डमा राखेका छौं। समग्रमा उत्कृष्ट माविको सूचीमा विगतका वर्षहरूमा स्थान बनाउँदै आएको ललितपुर, मानभवनस्थित प्रसादी एकेडेमीले आफ्नो स्थान सुरक्षित गरेको छ। यो वर्ष उत्कृष्ट १० को दोस्रो स्थानमा काठमाडौंका विद्यालयहरूलाई माथ ख्वाउँदै विराटनगरको मेरील्यान्ड स्कुल भित्रिएको छ। गत वर्ष दोस्रो स्थानमा रहेको सेन्ट जेभियर नवौं स्थानमा पुगेको छ। तेस्रो स्थानमा रहेको रिलायन्सले कमब्याक गरेको छ। गत वर्ष सातौं स्थानमा रहेको पोखराको सगरमाथा स्कुल चौथो स्थानमा उक्लन सफल भएको छ भने चौथो स्थानमा रहेको काठमाडौं मोडल स्कुल पाँचौं स्थानमा छ। छैटौंमा हिमालयन ह्वाइटहाउसको प्रवेश भएको छ। गत वर्ष छैटौं स्थानमा रहेको सैनिक महाविद्यालय सल्लाघारी उत्कृष्ट १० बाट बाहिरिएको छ। गत वर्ष सातौं स्थानमा रहेको सगरमाथा उच्च मा.वि. चौथो स्थानमा उक्लिएसँगै त्यो स्थान कब्जा गर्न हिमालयन इन्टरनेसनल मोडल स्कुल आइपुगेको छ भने पाँचौं स्थानमा रहेको ग्लोबल कलेज अफ म्यानेजमेन्ट अहिले आठौं स्थानमा झरेको छ। गत वर्ष दोस्रो स्थानमा रहेको सेन्ट जेभियर स्कुल यो वर्ष नवौं स्थानमा छ भने दसौं स्थान पोखराको मदरल्यान्डले पक्का गरेको छ।



१

उत्तीर्ण प्रतिशत ९९.५२

## प्रसादी एकेडेमी, ललितपुर

सन्तानप्रति अभिभावकहरूले गर्ने लगानीको निरन्तर निगरानी र सिकाइलाई व्यवहारमा उतार्न विद्यार्थीलाई मेहनत गराउने अभ्यासले नै प्रसादी ऐकेडेमीलाई सधैं उत्कृष्ट कलेजहरूको पहिलो स्थान दिलाउँछ। विद्यार्थीलाई पढाउने भन्दा पनि सिकाउने प्रचलनका कारण यो विद्यालयको नतिजा उत्कृष्ट भएको अध्यक्ष विक्रम राई बताउँछन्। स्थापनाको २० वर्ष नाघिसक्दा पनि पुराना शिक्षकहरूको निरन्तरता र लगानीले प्रसादीको उचाइ अझ माथि उठाएको अध्यक्ष राईले बताए।

**सिट संख्या**
**विज्ञान** :४ सय ५०
**व्यवस्थापन** : २ सय ५०
**भर्ना शुल्क**
**विज्ञान** : १४ हजार ९ सय ५० रुपैयाँ
**व्यवस्थापन** : १४ हजार ९ सय ५० रुपैयाँ
**मासिक शुल्क**
**विज्ञान** : ४ हजार ५ सय ५० रुपैयाँ
**व्यवस्थापन** : ३ हजार ५ सय ५० रुपैयाँ
**अन्य शुल्क** : ६ सय ५० रुपैयाँ
**भवन** : आफ्नो र भाडाको जग्गामा
**क्षेत्रफल** : १२ रोपनी



४

उत्तीर्ण प्रतिशत ९७.२५

## रिलायन्स इन्टरनेसनल ऐकेडेमी, काठमाडौं




३

उत्तीर्ण प्रतिशत ९७.६८

१५ वर्षदेखि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको रिलायन्स इन्टरनेसनल एकेडेमीको प्रमुख विशेषता भनेको विद्यार्थीको चरित्र निर्माण गर्नु हो। शैक्षिक वातावरण निर्माणका लागि चाहिने पर्याप्त पूर्वाधार भएकै कारण सधैं अब्बल परीक्षाफल दिन सफल भएको ऐकेडेमीका प्रिन्सिपल रवीन्द्रजंग थापा बताउँछन्।

**सिट संख्या :**
**विज्ञान** : २ सय
**व्यवस्थापन** : ४ सय ८०
**मानविकी** : ४० सय
**भर्ना शुल्क :**
**विज्ञान** : १२ हजार रुपैयाँ
**व्यवस्थापन** : १० हजार रुपैयाँ
**मानविकी** : ८ हजार रुपैयाँ
**मासिक शुल्क :**
**विज्ञान** : ३ हजार ५ सय रुपैयाँ,
**व्यवस्थापन** : २ हजार ७ सय रुपैयाँ,
**मानविकी** : २ हजार २ सय रुपैयाँ
**अन्य शुल्क (वार्षिक) :**
**विज्ञान** : २१ हजार रुपैयाँ
**व्यवस्थापन** : ११ हजार रुपैयाँ
**मानविकी** : १ हजार १ सय रुपैयाँ
**भवन** : आफ्नै जग्गामा
**क्षेत्रफल** : ५ रोपनी

## सगरमाथा स्कुल, पोखरा

लाइबेरी, साइन्स ल्याब तथा विद्यार्थीअनुसारको शिक्षण विधि यो विद्यालयको विशेषता हो। यहाँ सूचना–प्रविधिको उच्चतम् प्रयोग र पारिवारिक वातावरणमा पूर्णकालीन शिक्षकबाट अध्यापन गराइने कारण विद्यालयप्रतिको आकर्षण बढेको प्रिन्सिपल धनबहादुर थापा बताउँछन्।

**सिट संख्या :**
**विज्ञान** : १ सय २६
**व्यवस्थापन** : २ सय १०
**मासिक शुल्क :**
**विज्ञान** :३ हजार ९ सय ७५ रुपैयाँ
**व्यवस्थापन** : ३ हजार ४ सय ७५ रुपैयाँ
**भर्ना शुल्क दुवै संकायमा**
८ हजार ५ सय रुपैयाँ
**धरौटी**
**विज्ञान** : १ हजार
**व्यवस्थापन** : ५ सय रुपैयाँ




६

उत्तीर्ण प्रतिशत ९५.४३

## हिमालयन इ.मो. स्कुल, काठमाडौं

११ वर्षदेखि विज्ञान र व्यवस्थापन संकायमा अध्ययन गराउँदै आएको छ। विद्यार्थीको व्यक्तित्व विकासमा केन्द्रित हुने र अतिरिक्त क्रियाकलापमा जोड दिने हुदा विद्यालयको परिक्षाको नतिजा उत्कृष्ठ भएको प्रिन्सिपल रामचन्द्र खनाल बताउँछन्।

**सिट संख्या**
**विज्ञान** : १ सय १०
**व्यवस्थापन** : २ सय
**भर्ना शुल्क**
**विज्ञान** : २० हजार रुपैयाँ,
**व्यवस्थापन** : १५ हजार रुपैयाँ
**मासिक शुल्क**
**विज्ञान** : ३ हजार ५ सय रुपैयाँ,
**व्यवस्थापन** : ३ हजार रुपैयाँ
**अन्य शुल्क** : ५ हजार रुपैयाँ
**भवन:** आफ्नै

## मेरिल्यान्ड स्कुल, विराटनगर

विद्यालय स्थापना भएको ५ वर्षमा ९७ प्रतिशत परीक्षाफल निकाल्नु आफैंमा विद्यालयको स्तर छुट्याउने एउटा मापदण्ड हो। व्यवस्थापन संकाय मात्र अध्यापन हुने यो विद्यालयको लक्ष्य नै गुणस्तरीय विद्यार्थी उत्पादन रहेको प्राचार्य लक्ष्मण ढकाल बताउँछन्।

**सिट संख्या** : ६ सय
**भर्ना शुल्क** : १ हजार रुपैयाँ
**मासिक शुल्क** : ३ हजार रुपैयाँ
**अन्य शुल्क** : ११ हजार ९ रुपैयाँ
**भवन** : आफ्नै जग्गामा
**क्षेत्रफल** : १० कट्ठा ७ धुर

उत्तीर्ण प्रतिशत ९७.२०



२




## काठमाडौं मोडल स्कुल, काठमाडौं

१ हजार ६ सयभन्दा बढी विद्यार्थी एउटा शैक्षिक सत्रमा औसत ९६ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउनु सामान्य उपलब्धि होइन । विद्यार्थीको रुचिलाई ध्यान दिएर प्रयोगात्मक शिक्षा उपलब्ध गराउनु नै यो उच्च माविको सफलताको रहस्य हो ।

**सिट संख्या** : **विज्ञान** : १ हजार २ सय, **व्यवस्थापन** : ४ सय, मानविकी- ४०
**भर्ना शुल्क** : **विज्ञान** : ४२ हजार ५ सय रुपैयाँ, **व्यवस्थापन** : ३२ हजार ५ सय रुपैयाँ, **मानविकी** : ३२ हजार ५ सय रुपैयाँ
**मासिक शुल्क** : **विज्ञान** : ५ हजार २ सय रुपैयाँ, **व्यवस्थापन** : ३ हजार ५ सय रुपैयाँ, ३ हजार ५ सय रुपैयाँ,
**अन्य शुल्क** : १ हजार रुपैयाँ (रिफन्डेबल)
**भवन** : आफ्नो र भाडामा
**क्षेत्रफल** : १६ रोपनी

## हिमालयन ह्वाइट हाउस इन्टरनेसनल, काठमाडौं




धेरै विद्यालयले पढाउने र सिकाउने मेथड प्रयोग गरीरहेका हुन्छन्, तर त्यसभन्दा फरक विद्यार्थीलाई नवीनतम खोज गराउने र सोहीअनुसार सोच निर्माण गर्ने वातावरण तयार गर्दै आएको छ, हिमालयन ह्वाइटहाउस इन्टरनेसनल स्कुलले । अमेरिकी विद्यालयको सहयोगमा विज्ञानका विद्यार्थीहरूलाई टेक्नोलोजी, इन्जिनियरिङ तथा म्याथमेटिक्ससँग जोडेर पढेको विषयलाई व्यहारिक प्रयोग गर्ने गरी सिकाइ रहेको सिइओ युवराज शर्मा बताउँछन् ।

**सिट संख्या**
**विज्ञान** : ४ सय
**व्यवस्थापन** : २ सय
**मानविकी** : ५०
**भर्ना शुल्क**
**विज्ञान** : १ लाख १० हजार रुपैयाँ
**व्यवस्थापन** : ८५ हजार रुपैयाँ
**मानविकी** : ७० हजार रुपैयाँ
**भवन** : भाडामा
**क्षेत्रफल** : १५ रोपनी




## ग्लोबल कलेज अफ म्यानेजमेन्ट, काठमाडौं

पढाइ हुने प्रत्येक एकाइ प्रोजेक्ट वर्कका रूपमा विद्यार्थीलाई सहभागी गराई पढेको कुरालाई व्यवहारसँग जोड्नु नै ग्लोवल कलेज आफ म्यानेजमेन्टको विशेषता हो । पढाइ मात्र नभएर विद्यार्थीको इच्छाअनुसार क्षमता पहिचान गरी सोही अनुसार अवसर प्रदान गरी उनिहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्नु विद्यालयको उद्देश्य भएको प्रिन्सिपल अम्वादत्त जोशी बताउँछन् ।

**सिट संख्या** : ८ सय
**भर्ना शुल्क** : १५ हजार रुपैयाँ
**मासिक शुल्क** : ७ हजार ५ सय रुपैयाँ
**अन्य शुल्क** : ६० हजार रुपैयाँ
**भवन** : आफ्नै भवन
**क्षेत्रफल** : १० रोपनी

## सेन्ट जेभियर्स कलेज, काठमाडौं




विज्ञान संकाय मात्र अध्यापन गराउने यो कलेज काठमाडौंका अब्बल कलेजमा पर्छ । कलेजका सूचना अधिकृत मुराली शर्मा कलेजको निरन्तर अब्बल नतिजाको प्रमुख कारण समयबद्धतालाई मान्छन् । शर्मा भन्छन्– यसबाहेक उच्चस्तरको फ्याकल्टी, आधुनिक प्रयाक्टिल ल्याब, तीन–तीन महिनामा परीक्षा हाम्रो अब्बल नतिजाको प्रमुख कारण हो । पाठ्यक्रममा आधारित विषयवस्तुका साथै अतिरिक्त क्रियाकलापमा पनि यो उच्चमाविले उत्तिकै ध्यान दिँदै आएको छ । काउन्सिलिङ, वर्षभरि नै इसीएका कार्यक्रम पनि गर्दै आएको यो कलेजले मल्टिमिडिया सिकाइ प्रणालीलाई व्यवहारमै प्रयोग गरिरहेको छ ।

**संकाय**: विज्ञान
**सिट संख्या** : ५०४
**वार्षिक शुल्क** : ८२ हजार
**भवन** : आफ्नै जग्गामा
**क्षेत्रफल** : १४ रोपनी





## मदरल्यान्ड स्कुल पोखरा

लाइब्रेरी, साइन्स ल्याब, कम्प्युटर ल्याब, अडियो, भिडियो तथा प्रोजेक्टरमार्फत समय अनुसारको शिक्षण विधिमा पढाइ हुनु यो विद्यालयको विशेषता हो । सूचना–प्रविधिको उच्चतम् प्रयोग गर्दै पारिवारिक वातावरणमा दक्ष तथा अनुभवी शिक्षकबाट अध्यापन गराउने यो विद्यालयको विशेषता भएको संस्थापक निर्देशक त्रिभुवन शर्माले बताए ।

**सिट संख्या** :
**विज्ञान** : १ सय ८०
**व्यवस्थापन** : १ सय ८०
**मासिक शुल्क** :
**विज्ञान** : ४ हजार ४ सय रुपैयाँ
**व्यवस्थापन** : ३ हजार ९ सय २५ रुपैयाँ
**भर्ना शुल्क** : विज्ञान र व्यवस्थापन दुवैमा १२ हजार रुपैयाँ
**धरौटी** : दुवै संकाय ५ सय रुपैयाँ
**वार्षिक शुल्क** :
**विज्ञान** : २२ हजार ५ सय रुपैयाँ
**व्यवस्थापन** : १ हजार १ सय रुपैयाँ

## प्रदेश नम्बर-३




संकाय
विज्ञान/व्यवस्थापन

## नेपाल प्रहरी विद्यालय

प्रहरी कर्मचारीका साथै सर्वसाधारण नागरिकका सन्तानलाई मुलुकभित्रै गुणस्तरीय शिक्षा प्रदान गर्ने ध्येयका साथ नेपाल प्रहरी विद्यालयको स्थापना वि.सं. २०४० मा भएको हो । बदलिँदो परिस्थितिअनुसार फरक शैलीमा अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्रदान गर्ने मार्गमा विद्यालय सक्रिय रहेको प्रिन्सिपल नवीन श्रेष्ठ बताउँछन् । व्यक्तिमा अन्तर्निहित क्षमता र प्रतिभालाई उजागर गराउने थलोका रूपमा प्रहरी विद्यालयलाई विकसित गराउँदै लगिएको प्रिन्सिपल श्रेष्ठको दाबी छ ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| **सिट संख्या** | १ सय ५० (यो वर्षदेखि ५० सिट थप) | १ सय (यो वर्षदेखि ५० सिट थप) |
| **भर्ना शुल्क** | खुलातर्फ– ४ हजार रुपैयाँ, प्रहरी परिवारतर्फ– २ हजार रुपैयाँ | खुलातर्फ– ४ हजार रुपैयाँ, प्रहरी परिवारतर्फ– २ हजार रुपैयाँ |
| **मासिक शुल्क** | खुलातर्फ– ६ हजार रुपैयाँ, प्रहरी परिवारतर्फ– ३ हजार रुपैयाँ | खुलातर्फ– ३ हजार रुपैयाँ, प्रहरी परिवारतर्फ– २ हजार रुपैयाँ |

आवास तथा खानाको छुट्टै खर्च लाग्ने ।




## विद्यार्थी तथा अभिभावकहरूको भरोसा

भरतपुर महानगरपालिका-१० मा स्थित अरोमा इंग्लिस सेकेन्डरी स्कुलमा ०६६ सालदेखि कक्षा ११ को अध्ययन-अध्यापन हुन थालेको हो । प्रिन्सिपल शेरबहादुर क्षेत्री दक्ष शिक्षक नै आफ्नो विद्यालयको नतिजाको प्रमुख आधार भएको बताउँछन् । शिक्षकले पढाउनुका साथै विद्यार्थीले नबुझेको कुरा समय लिएर सम्झाउने-बुझाउने गरेका कारण विद्यार्थीले परीक्षामा राम्रो नतिजा ल्याउने प्रिन्सिपल क्षेत्रीले बताए । व्यवस्थापन तर्फ होटल म्यानेजमेन्ट पनि पढाईन्छ ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| **सिट संख्या** | ४ सय | ३ सय ५० |
| **भर्ना शुल्क** | २९ हजार रुपैयाँ | १५-२८ हजार रुपैयाँ |
| **मासिक शुल्क** | ३ हजार ३ सय रुपैयाँ | २१- ३३ सय रुपैयाँ |

( उत्कृष्ट १० भित्र पर्ने अधिकांश विद्यालय उपत्यका भित्र परेको हुँदा प्रदेश नम्बर तीन बाट छानिएका विद्यालयहरु उपत्यका बाहिर का विद्यालयलाई मात्र समावेश गरिएको छ । )

बाँकी १ विद्यालय २६ पृष्ठमा

रमेश पौडेल

## प्रदेश नम्बर-१



संकाय
व्यवस्थापन

उत्तीर्ण प्रतिशत ९७.९०

### सबैको चाहना मेरिल्यान्ड

विराटनगर- ७, रङ्गेली रोडस्थित मेरिल्यान्ड स्कुल २०६९ सालमा स्थापना भएको हो। व्यवस्थापन संकायमात्र पठन-पाठन हुने यो स्कुलमा स्थापनाकालमा प्लस टुको कक्षा सञ्चालन गरिएको थियो। २०६६ सालदेखि बीबीएसको पठनपाठन प्रारम्भ गरिएको कलेज प्रमुख लक्ष्मण ढकालले जानकारी दिए। प्लस टुमा १ हजार ३ सय ३ जना विद्यार्थी अध्ययरत यो विद्यालयमा बीबीएसमा ४ सय ४१ जना गरी १ हजार ७ सय ४४ जना विद्यार्थी अध्ययनरत छन्। स्थापना कालदेखि नै विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय शिक्षा प्रदान गर्न कलेज सफल भएको कलेज प्रमुख ढकालको दाबी छ।

**व्यवस्थापन**

**सिट संख्या** : ६ सय
**भर्ना शुल्क** : १ हजार रुपैयाँ
**मासिक शुल्क** : ३ हजार रुपैयाँ
**धरौटी शुल्क** : ५ सय रुपैयाँ
**अन्य शुल्क** : ११ हजार ४ सय रुपैयाँ

संकाय
विज्ञान/व्यवस्थापन




उत्तीर्ण प्रतिशत ९५.४५

### मन जित्न सफल एभरेस्ट

स्थापनाको छोटो समयमै फड्को मार्न सफल भएको छ– विराटनगरस्थित एभरेस्ट सेकेन्डरी स्कुल प्लस टु साइन्स एन्ड म्यानेजमेन्ट। सञ्चालनमा आएको २२ वर्षपछि यो स्कुलले साइन्स तथा म्यानेजमेन्ट विषयको समेत पठनपाठन गराउँदै आएको छ। २०७२ सालमा स्थापना भएको यो स्कुलले छोटो समयमै विद्यार्थी तथा अभिभावहरूको मन जितेको छ। विराटनगर-६ शान्तिचौकमा साढे ३ बिघा क्षेत्रफलमा ३५ करोडको लगानीमा अत्याधुनिक सुविधासम्पन्न भवन निर्माण गर्न लागि परेको स्कुलका प्रिन्सिपल टीकाराम पुरीले जानकारी दिए।

| | **विज्ञान** | **व्यवस्थापन** |
|---|---|---|
| **सिट संख्या** | ३ सय | १ सय ८० |
| **भर्ना शुल्क** | २ हजार ९ सय रुपैयाँ | १ हजार ४ सय ५० रुपैयाँ |
| **मासिक शुल्क** | ४ हजार ३ सय रुपैयाँ | २ हजार २ सय रुपैयाँ |
| **धरौटी शुल्क** | ५ हजार रुपैयाँ | ३ हजार रुपैयाँ |
| **अन्य शुल्क** | ३५ हजार रुपैयाँ | २० हजार ९ सय रुपैयाँ |



संकाय
विज्ञान/व्यवस्थापन

उत्तीर्ण प्रतिशत ९६.६४

### अब्बल विष्णु मेमोरियल

धरान उपमहानरपालिका-०९ स्थित विष्णु मेमोरियल सेकेण्डरी स्कुल गुणस्तरीय शिक्षा प्रदान गरी विद्यार्थीहरूको मन जित्न सफल छ। बोर्डिङ स्कुल स्थापना भएको ११ वर्षपछि विज्ञान तथा व्यवस्थान संकायमा प्लस टु सञ्चालन गरेको यो स्कुलमा दक्ष एवं योग्य शिक्षकहरूबाट पठन-पाठन हुँदै आएको छ। स्कुलले प्रत्येक वर्ष उत्कृष्ट नतिजा निकाल्दै आएको स्कुलका संस्थापक प्रिन्सिपल बेनिन्द्र कटुवालले बताए। १२ कट्ठा क्षेत्रफलमा सुविधासम्पन्न भवनसहितको खेल मैदान छ। साइन्सका विद्यार्थीका लागि अत्याधुनिक प्रयोगशाला स्थापना गरिएको स्कुलका प्रिन्सिपल कटुवालले बताए।

| | **विज्ञान** | **व्यवस्थापन** |
|---|---|---|
| **सिट संख्या** | ९० | ९० |
| **भर्ना शुल्क** | ३२ हजार रुपैयाँ | २६ हजार रुपैयाँ |
| **मासिक शुल्क** | ३ हजार ४ सय रुपैयाँ | ३ हजार रुपैयाँ |

अनिल श्रेष्ठ

## प्रदेश नम्बर-२



संकाय
विज्ञान

उत्तीर्ण प्रतिशत ८३.१७

### स्मार्ट नेसनल इन्फोटेक


२०५८ सालमा स्थापित नेसनल इन्फोटेक कलेज, वीरगन्जले २०६३/०६४ देखि कक्षा ११ र १२ को पठन-पाठन सुरु गरेको हो। त्यसयताको १ दशकभित्रै यो स्कुल २ नम्बर प्रदेशकै अग्रणी स्कुल बन्न पुगेको छ। इन्फर्मेसन एन्ड टेक्नोलोजी आधारित कक्षा सञ्चालन हुने यो स्कुलका सबै कक्षामा प्रोजेक्टर तथा इलेक्ट्रोनिक ह्वाइट बोर्डमा पठन-पाठन हुन्छ।

स्कुलका प्रिन्सिपल/निर्देशक मनिष सिंह नेपालको सन्दर्भ सुहाउँदो कोर्स आफूहरूले पढाइरहेको बताउँछन्। स्कुलमा सञ्चालन गरिने कोचिङ कक्षालाई विद्यार्थीको मानसिक क्षमताअनुसार विभाजित गरिएको बताइन्छ। स्कुलमा केमेस्ट्री, फिजिक्स तथा बायोलोजीका छुट्टा-छुट्टै ल्याब छन्। स्कुलको महत्वपूर्ण पक्ष यसको शुल्क पनि हो। कक्षा ११ र १२ मा वार्षिक ७०/७० हजार रुपैयाँ तिरिसकेपछि पुस्तक, कोचिङ, रजिस्ट्रेसन, मासिक शुल्क, परीक्षा शुल्कका लागि अन्य रकम तिर्नु पर्दैन।

**विज्ञान**

**सिट संख्या** : ३ सय ५०
**वार्षिक शुल्क** : ७० हजार रुपैयाँ

संकाय
विज्ञान



उत्तीर्ण प्रतिशत ८३.६६

### उत्कृष्ट डिएभी रुक्मिनी

डिएभी सुशील केडिया विश्व भारती ट्रस्टको मातहतमा सन् १९९३ देखि एलकेजीदेखि कक्षा ६ सम्मको पठन-पाठन सुरु गरेको यो स्कुलमा हाल कक्षा १२ सम्म अध्ययन-अध्यापन हुन्छ। सन् २००३ देखि माध्यमिक शिक्षा परिषद्को पाठ्यक्रमअनुसार कक्षा ११ र १२ को पठन-पाठन सुरु गरिएको हो। हालसम्म स्कुलबाट १ हजार ८ सय विद्यार्थी कक्षा १२ उत्तीर्ण गरेर बाहिरिएका छन्। स्कुलमा स्तरीय पठन-पाठनसँगै अतिरिक्त क्रियाकलापमा पनि विशेष जोड दिइएको प्रिन्सिपल परेश चटर्जी बताउँछन्। भारतको सिबिएसइ बोर्डको पाठ्यक्रम पढाइने भएकाले यहाँ पढ्ने विद्यार्थीहरूले भारतका मेडिकल तथा इन्जिनियरिङ स्कुलहरूमा सजिलै भर्ना पाउने गरेको चटर्जीले बताए।

**विज्ञान**

**सिट संख्या** : २ सय
**मासिक शुल्क** : २ हजार ८ सय रुपैयाँ
**धरौटी शुल्क** : २ हजार रुपैयाँ

शंकर आचार्य



उत्तीर्ण प्रतिशत ८९.१६

संकाय
विज्ञान/व्यवस्थापन/शिक्षा

### गुणस्तरीय शिक्षाका लागि मोडल मल्टिपल

जनकपुरधाम–४ स्थित मोडल मल्टिपल कलेजले गुणस्तरीय शिक्षालाई आफ्नो 'मोटो' बनाएको छ। २०५५ सालमा २ सय ५० जना विद्यार्थीलाई लिएर स्थापना भएको यो कलेजमा हाल ३ हजार विद्यार्थी छन्। यो कलेजको साढे चार कट्ठा जग्गामा निर्मित आफ्नै पाँच तल्ले भवन छ, जसमा विज्ञान, व्यवस्थापन, शिक्षा तथा प्राविधिक विषय अध्यापन हुन्छ। बितेका २० वर्षमा यो कलेजले ७ सयभन्दा बढी डाक्टर, इन्जिनियर तथा बैंकरहरू उत्पादन गरेको कलेजका प्रदीपकुमार कर्ण बताउँछन्।

**विज्ञान/व्यवस्थापन/शिक्षा**

**वार्षिक शुल्क** : ३० हजार रुपैयाँ
**अन्य शुल्क** : १ हजार ५ सय रुपैयाँ

श्यामसुन्दर शशि

## प्रदेश नम्बर-४



संकाय
विज्ञान

उत्तीर्ण प्रतिशत १००

# पोखराको सान गण्डकी

नेपालमै विज्ञान संकायतर्फ कक्षा ११ अध्ययन गराउने पहिलो स्कुल हो– पोखराको गण्डकी बोर्डिङ स्कुल । पोखरा लेखनाथ महानगरपालिका–१६ मा २ सय ७० रोपनी क्षेत्रफलमा फैलिएको यो स्कुलमा सन् १९९२ देखि विज्ञान संकायमा प्लस टुको अध्ययन-अध्यापन सुरु भएको हो । अहिले पनि यो स्कुलमा ११ र १२ कक्षामा विज्ञान संकाय मात्र पढाइ हुन्छ । यो स्कुलमा ७० प्रतिशत विद्यार्थी बोर्डस बस्नुपर्ने नियम छ । ३० प्रतिशतले मात्र दिवा सिटमा भर्ना हुन पाउँछन् । यहाँ अध्ययन गर्न चाहने विद्यार्थीले एसइईमा न्यूनतम ३ दशमलव २ जिपिए ल्याएको हुनुपर्छ । स्मार्ट क्लास रुम र डिजिटल अध्यापन विधिको प्रयोगले विद्यार्थीको अध्ययनमा सहजता प्रदान गरेको स्कुल व्यवस्थापनले जनाएको छ । यहाँ अध्यापनरत अनुभवी शिक्षकको सहजीकरणले विद्यार्थीलाई लक्ष्यसम्म पुग्न मद्दत गर्ने प्राचार्य रविप्रसाद बरालले बताए ।

| विज्ञान | |
|---|---|
| सिट संख्या | १ सय ८ |
| भर्ना शुल्क | १८ हजार रुपैयाँ |
| मासिक शुल्क | ३ हजार ३ सय रुपैयाँ |
| धरौटी शुल्क | ७ हजार रुपैयाँ |

संकाय
विज्ञान / व्यवस्थापन

# सैनिक महाविद्यालयको रवाफ



उत्तीर्ण प्रतिशत १००

पोखरा लेखनाथ महानगरपालिका–११ मा अवस्थित सैनिक आवासीय महाविद्यालयले वि.सं. २०६९ देखि व्यवस्थापन संकाय एवं २०७२ सालदेखि विज्ञान संकायमा कक्षा ११ को अध्यापन सुरुवात गरेको हो । विद्यालयमा ६० प्रतिशत सिट सैनिकका छोराछोरीका लागि छुट्याइन्छ भने बाँकी ४० प्रतिशत गैरसैनिकका छोराछोरीका लागि । यसमा ३३ प्रतिशत छात्रा हुनुपर्ने अनिवार्यता रहेको विद्यालयका सहायक प्रध्यानाध्यापक डोलराज श्रेष्ठले बताए ।

यहाँ सूचना-प्रविधिको प्रयोगमा जोड दिँदै अध्यापन गराइन्छ । विज्ञान संकायमा भर्ना हुन सैनिकका छोराछोरीको हकमा न्यूनतम ग्रेड बी, २ दशमलव ८ जीपीए तथा गैरसैनिकका छोराछोरीको हकमा ग्रेड बी प्लस, ३ दशमलव २ जीपीए आएको हुनुपर्छ । व्यवस्थापन संकायतर्फ सैनिकका छोराछोरीको हकमा न्यूनतम ग्रेड सी प्लस, २ दशमलव ४ जीपीए तथा गैरसैनिकका छोराछोरीको हकमा ग्रेड बी, २ दशमलव ८ जीपीए आएको हुनुपर्छ ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| सिट संख्या | ८० | ८० |
| भर्ना शुल्क | ६ हजार रुपैयाँ | ६ हजार रुपैयाँ |
| मासिक शुल्क | २ हजार ६३ रुपैयाँ (गै.सै.का लागि) | १ हजार ९ सय ८० रुपैयाँ (गै.सै.का लागि) |
| धरौटी शुल्क | १० हजार रुपैयाँ (गै.सै.का लागि) | १० हजार रुपैयाँ (गै.सै.का लागि) |

(सैनिकका सन्तानका लागि केही छुटको व्यवस्था छ भने होस्टेल शुल्क यसमा जोडिएको छैन)



संकाय
विज्ञान / व्यवस्थापन

उत्तीर्ण प्रतिशत ९७.२५

# क्षमता बढाउने सगरमाथा


पोखरा लेखनाथ महानगरपालिका–९, नयाँबजारस्थित सगरमाथा माध्यमिक विद्यालयमा विज्ञान र व्यवस्थापन संकायमा कक्षा ११ र १२ मा पढाइ हुन्छ । सन् २००० मा विज्ञान संकायको अध्यापन सुरु भएको थियो भने व्यस्थापन संकायको अध्यापन सन् २००२ देखि सुरु भएको हो । यो विद्यालयको विज्ञान संकायमा भर्ना हुन एसईईमा कम्तीमा ३ दशमलव २ जीपीए आएको हुनुपर्छ । व्यवस्थापन संकायको हकमा २ दशमलव ८ जीपीए आउनुपर्छ । विज्ञान संकायमा दिवा समय तथा व्यवस्थापन संकायमा बिहानी तथा दिवा कक्षा सञ्चालन हुन्छ ।

यो विद्यालयमा अतिरिक्त क्रियाकलापमा विद्यार्थीलाई सामेल गराई उनीहरूको क्षमता विकास गराउने कार्य हुन्छ । १३ रोपनी क्षेत्रफलमा फैलिएको यो विद्यालयको संरचना थप्ने तथा सम्बन्धन प्राप्त गरे स्नातक तहको पठन-पाठनसमेत गराउने तयारी भैरहेको प्रिन्सिपल धनबहादुर थापाले बताए ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| सिट संख्या | १ सय २६ | २ सय १० |
| भर्ना शुल्क | ८ हजार ५ सय रुपैयाँ | ८ हजार ५ सय रुपैयाँ |
| मासिक शुल्क | ३ हजार ९ सय ७५ रुपैयाँ | ३ हजार ४ सय ७५ रुपैयाँ |
| धरौटी शुल्क | १ हजार रुपैयाँ | ५ सय रुपैयाँ |

राजाराम पौडेल

## प्रदेश नम्बर-५



संकाय
विज्ञान / व्यवस्थापन

उत्तीर्ण प्रतिशत ९५.०४

# दीप बोर्डिङको सफलता

०३७ सालमा स्थापना भएको दीप बोर्डिङ सेकेण्डरी स्कुल रुपन्देही जिल्लाकै पुरानो मध्येको एक विद्यालय हो । यो विद्यालयले लामो समयसम्म उल्लेख्य नतिजा ल्याउन सकेको थिएन । २०६१ सालमा विद्यालय मिलनचोकबाट सुख्खानगरमा सुविधासम्पन्न ५ तले भवनमा स्थानान्तरण भयो । सोही वर्षको एसएलसीमा छात्र प्रशान्त उमरले नेपाल तेस्रो स्थान हासिल गरेपछि विद्यालयप्रति विद्यार्थी तथा अभिभावकहरूको आकर्षण तथा विश्वासमा थप वृद्धि हुँदै गयो । यो विद्यालयले खेलकुद, साहित्य र अन्य अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै प्राथमिकता दिइरहेको छ । २०७२ सालमा विद्यालयले प्लस टुतर्फ विज्ञान र व्यवस्थापन पहिलो ब्याचकै विद्यार्थीले राष्ट्रियस्तरमै उत्कृष्ट नतिजा ल्याएको प्लस टु संयोजक वसन्तकुमार जोशी बताउँछन् । कक्षा ११ र १२ मा पनि माध्यमिक तहमा जस्तै अनुशासनमा कडाइ, हरेक महिना मासिक परीक्षा, प्रयोगात्मक पढाइमा जोड, अभिभावकसँग नियमित सम्पर्क र परामर्श, कमजोर र उत्कृष्ट दुवै थरी विद्यार्थीलाई अतिरिक्त कक्षा आदि कारणले नतिजा उत्कृष्ट आउने गरेको संयोजक जोशी बताउँछन् । 'हामी स्कुल तहकै प्याटर्नमा पढाउँछौं, अनुशासनलाई पहिलो प्राथमिकता दिएका छौं, मोबाइल प्रतिबन्ध गरेका छौं र हरेक विद्यार्थीलाई हरेक पिरियडमा निगरानी गरेर पढाउँछौं'- संयोजक जोशी भन्छन् ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| सिट संख्या | १ सय ८० | १ सय २० |
| भर्ना शुल्क | ३ हजार रुपैयाँ | ३ हजार रुपैयाँ |
| मासिक शुल्क | ३ हजार ५ सय रुपैयाँ | २ हजार ५ सय रुपैयाँ |
| अन्य शुल्क | १० हजार रुपैयाँ | |

टोपराज शर्मा

संकाय
विज्ञान



उत्तीर्ण प्रतिशत ९९.०१

# ख्याति कमाएको तुलसी बोर्डिङ स्कुल

२०४४ सालमा प्रावि तहमा तुलसीपुरमा स्थापित तुलसी बोर्डिङ स्कुलले २०६४ सालदेखि ११ र १२ कक्षा सञ्चालनमा ल्याएको हो । गुणस्तरीय शिक्षामा राम्रो ख्याति कमाएको तुलसीले विज्ञान संकायमा मात्र ११ र १२ कक्षा सञ्चालन गर्दै आएको छ । दुई बिघामा फैलिएको यो विद्यालयमा ८० कोठाका सातवटा भवन छन् । शिक्षकहरूको मेहनत, विद्यार्थीहरूको लगनशीलता तथा अभिभावकको उचित मार्गदर्शनले उत्कृष्ट नतिजा आइरहेको विद्यालयका प्रिन्सिपल भीष्म केसीले बताए । 'विद्यार्थीहरूले लगनशीलता साथ पढ्नुपर्छ । आफ्नो लक्ष्यअनुसार काम गर्नुपर्छ,' उनले भने, 'विद्यालय सञ्चालकको नेतृत्व सही हुनुपर्छ भने शिक्षकहरूको मेहनत पनि त्यत्तीकै जरुरी छ ।'

तुलसीमा विज्ञान संकाय मात्र भएकाले मेहनती विद्यार्थीहरू नै यहाँ अध्ययन गर्न आउने केसी बताउँछन् । केसी अनुशासनमा बढी जोड दिन्छन् । विद्यालयमा कडाइका साथ आचारसंहिता पालना गराइन्छ । त्यसकारण तुलसी विद्यार्थीका लागि कडा नियममा बस्नुपर्ने विद्यालयका रूपमा परिचित छ । तल्लो तहमा पनि विद्यार्थीहरूको चाप छ । विद्यालयमा जम्मा २ हजारभन्दा बढी विद्यार्थी रहेको प्रिन्सिपल केसीले बताए ।

| विज्ञान | |
|---|---|
| सिट संख्या | २ सय |
| भर्ना शुल्क | ५ हजार रुपैयाँ |
| मासिक शुल्क | २ हजार ७ सय रुपैयाँ |

दुर्गालाल केसी

उत्तीर्ण प्रतिशत ९८.११



संकाय
विज्ञान / व्यवस्थापन

# सबैको रोजाइमा गोरखा युनाइटेड

गोरखा युनाइटेड बाँकेको एकमात्र 'क' वर्गको संस्थागत विद्यालय हो । यहाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा अनिवार्य छ । यो विद्यालय भौतिक पूर्वाधारले सम्पन्न छ । पठन-पाठनका दृष्टिले उत्कृष्ट यो विद्यालयको व्यवस्थापन चुस्त छ भने खेल, नृत्य, गीत संगीत आदि अतिरिक्त क्रियाकलपमा पनि अब्बल छ । २०५७ मा बाँकेको कोहलपुरमा स्थापित उक्त विद्यालयमा विद्यार्थी भर्नाको भीड लाग्छ । यद्यपि विद्यालय प्रशासन भने आफ्नो शैक्षिक साख जोगाउन विद्यार्थी भर्नाकै क्रममा सचेत रहँदै आएको छ । बाँकेका अभिभावकहरूको सपना गोरखा युनाइटेडमा पढाउने हुन्छ, तर सबैको सपना भने पूरा हुँदैन । ११ र १२ कक्षामा ४० विद्यार्थी मात्र भर्ना गरिन्छ । एउटा कक्षामा ए, बी र सी गरी तीन सेसनमा पढाइ हुने गरेको छ ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| सिट संख्या | १०६ | |
| भर्ना शुल्क | ४ हजार रुपैयाँ | ४ हजार रुपैयाँ |
| मासिक शुल्क | ३ हजार रुपैयाँ | २ हजार ५ सय रुपैयाँ |
| धरौटी शुल्क | ४ हजार रुपैयाँ | ४ हजार रुपैयाँ |

ठाकुरसिंह थारु

## प्रदेश नम्बर-३



संकाय
विज्ञान/व्यवस्थापन

उत्तीर्ण प्रतिशत
८६.८१

# चितवनको सान स्काई राइडर

पूर्वी चितवनको रत्ननगरस्थित स्काइ राइडर इंग्लिस बोर्डिङ स्कुल राम्रा विद्यार्थीका कारण अब्बल नतिजा ल्याउन सफल रहँदै आएको छ । कक्षा ११ मा विज्ञान तथा व्यवस्थापन अध्यापन हुने स्काइ राइडरको स्थापना वि.सं. २०४२ मा भएको हो । यहाँ ०६९ सालदेखि कक्षा ११ को अध्यापन हुन थालेको हो, यो स्कुल ०७० र ०७१ सालमा कक्षा ११ र १२ मा व्यवस्थापन संकायतर्फ बोर्ड टपमा परेको थियो । स्कुलमा प्राथमिक कक्षादेखि नै राम्रो पढाइ हुने भएकाले कक्षा ११ र १२ मा राम्रो नतिजा आएको विद्यालयका प्राचार्य मदन पुरी बताउँछन् ।

| विज्ञान | व्यवस्थापन |
|---|---|
| सिट संख्या : १ सय ३५ | १ सय ९९ |
| भर्ना शुल्क : २५ हजार रुपैयाँ | १५ हजार रुपैयाँ |
| मासिक शुल्क : ३ हजार २ सय ५० रुपैयाँ | २ हजार ५ सय रुपैयाँ |

आवास र खानाको छुट्टै खर्च लाग्ने ।

रमेश पौडेल

## प्रदेश नम्बर-६

# शीतल सेकेन्डरी स्कुल



उत्तीर्ण प्रतिशत
७५.१७

संकाय
विज्ञान/व्यवस्थापन/मानविकी/शिक्षा

मध्यपश्चिमको रुकुमको चौरजहारी नगरपालिका-२ स्थित शीतल माध्यमिक विद्यालयले प्लस टु अध्यापन गराउन थालेको २६ वर्ष पूरा भयो । २०३४ मा स्थापना भएको यो विद्यालयले २०४९ सालदेखि प्लस टु अध्यापन गराउन थालेको थियो । यो जिल्लाको पहिलो प्लस टु हो । शीतल माविमा शिक्षा संकायकै विद्यार्थी बढी हुन्छन् । अन्य विषयभन्दा पठन पाठनमा सजिलो हुने र विद्यार्थीलाई पनि गुणस्तरीय लाग्ने हुनाले धेरैको रोजाइ शिक्षा संकाय नै पर्ने गरेको छ । यद्यपि पछिल्लो समय थपिएको विज्ञान, मानविकी तथा व्यवस्थापनमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ । यो विद्यालयमा कम शुल्कमै स्तरीय पठन-पाठन हुन्छ ।

**विज्ञान/व्यवस्थापन/मानविकी/शिक्षा**

**भर्ना शुल्क** : ३ हजार रुपैयाँ
**मासिक शुल्क** : ५ सय रुपैयाँ, शिक्षा, व्यवस्थापन तथा मानविकी– ३ सय ५० रुपैयाँ
**वार्षिक शुल्क** : १ सय ५० रुपैयाँ

हरि गौतम



संकाय
शिक्षा

उत्तीर्ण प्रतिशत
६१.६३

# शिक्षामा वीरेन्द्र ऐश्वर्यको उडान

प्रदेश नम्बर ६ को जाजरकोट जिल्ला बारेकोट गाउँपालिकाको लिम्सामा अवस्थित वीरेन्द्र ऐश्वर्य मावि, सदरमुकाम खलंगाबाट ६० किलोमिटर टाढा छ । नजिकको सडक सञ्जालबाट ३० किलोमिटर टाढा पर्ने यो विद्यालयले २०६५ सालदेखि कक्षा ११ र १२ को अध्ययन-अध्यापन प्रारम्भ गरेको हो ।

१९ जना शिक्षक कर्मचारी कार्यरत वीरेन्द्र ऐश्वर्य माविमा कक्षा ६ देखि १२ सम्म पढाइ हुन्छ । कक्षा ११/१२ मा शिक्षा संकायको मात्र पढाइ हुने गरेको छ । अहिले माविमा ११ र १२ कक्षाको विद्यार्थी संख्या ७ सय ८ जना भए पनि नियमित विद्यालयमा आउने विद्यार्थीको संख्या करिब २ सय मात्र छ । कक्षा ११/१२ मा अध्ययनरत विद्यार्थी रोजगारीको सिलसिलामा भारत तथा खाडी मुलुक पुग्ने गरेका छन् । यति हुँदाहुँदै पनि यो माविको नतिजा भने यो क्षेत्रका अन्य माविको तुलनामा राम्रो छ ।

**शिक्षा**

**भर्ना शुल्क** : १ हजार रुपैयाँ
**मासिक शुल्क** : २ सय ५० रुपैयाँ

भीमबहादुर सिंह

## प्रदेश नम्बर-७




संकाय
विज्ञान/व्यवस्थापन

उत्तीर्ण प्रतिशत
७२.५६

# सुदूरको नमुना नाष्ट

२०५७ सालमा धनगढीमा स्थापित नेसनल एकेडमी अफ साइन्स एन्ड टेक्नोलोजी छोटो अवधिमै नमुना विद्यालय बन्न सफल भएको हो । यो स्कुलमा २०५८ देखि विज्ञान तथा व्यवस्थापनको अध्ययन-अध्यापन हुन थालेको हो जहाँ १ हजार विद्यार्थी अध्ययनरत छन् ।

गत वर्ष गरिएको एक सर्भेले यो विद्यालयलाई देशका ३० उत्कृष्ट विद्यालयमध्ये एक छनौट गरेको थियो । कक्षा ११ र १२ मा पनि पछिल्ला ६ वर्षदेखि लगातार यो विद्यालयले उत्कृष्ट नतिजा ल्याइरहेको प्राचार्य शिवहरी मुडभरीले बताए । प्रदेश नम्बर ७ का उत्कृष्टमध्ये एक यो विद्यालयमा ६७ जना विज्ञ शिक्षक छन् ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| सिट संख्या | ३ सय | ३ सय |
| भर्ना शुल्क | ५ हजार रुपैयाँ | ४ हजार रुपैयाँ |
| मासिक शुल्क | २ हजार ३ सय ५० रुपैयाँ | १ हजार ६ सय रुपैयाँ |
| धरौटी शुल्क | १ हजार ५ सय रुपैयाँ | १ हजार रुपैयाँ |
| अन्य शुल्क | ७ हजार ५ सय रुपैयाँ | ४ हजार रुपैयाँ |

डीआर पन्त

संकाय
विज्ञान/व्यवस्थापन




उत्तीर्ण प्रतिशत
८०.१५

# विज्ञानका लागि उत्कृष्ट रेडियन्ट

कञ्चनपुरमा सञ्चालित त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस सिद्धनाथ विज्ञान क्याम्पसमा अध्यापनरत प्राध्यापकहरूले मिलेर स्थापना गरेको रेडियन्ट स्कुल अहिले विज्ञान विषयका लागि यस क्षेत्रकै अग्रणी शैक्षिक संस्था भएको छ । यो स्कुल अहिले विज्ञान विषय अध्यापनका लागि प्रदेश ७ कै उत्कृष्ट मानिन्छ ।

स्थापनाकालदेखि नै रेडियन्टप्रति अभिभावक तथा विद्यार्थीहरूको आकर्षण देखिन्छ । हरेक वर्ष स्कुलमा मात्रै ५/६ सयभन्दा बढी विद्यार्थी भर्ना हुने विद्यालयका प्रिन्सिपल प्राध्यापक डा. चूडामणि जोशी बताउँछन् । यो विद्यालयमा प्रदेश नम्बर ७ का ९ वटै जिल्लाका विद्यार्थी अध्ययन गर्छन् । अहिले यो विद्यालयमा ४२ जना प्राध्यापकसहितका शिक्षकहरू अध्यापनरत छन् भने गत वर्ष विज्ञानमा ३ सय ३० तथा व्यवस्थापनमा ४० जना विद्यार्थी भर्ना भएका थिए ।

| | विज्ञान | व्यवस्थापन |
|---|---|---|
| सिट संख्या | ४ सय | २ सय |
| वार्षिक शुल्क (भर्नासहित) | ४० हजार रुपैयाँ | १८ हजार रुपैयाँ |

भवानी भट्ट




उत्तीर्ण प्रतिशत
७२.८०

संकाय
विज्ञान/व्यवस्थापन/शिक्षा

# उत्कृष्ट सामुदायिक विद्यालय

२०१६ सालमा स्थापना भएको सेटीगाउँ माध्यमिक विद्यालय बैतडी जिल्लाकै पुरानो विद्यालयमध्ये एक हो । बैतडी र दार्चुला जिल्लाका ग्रामीण भेगका स्थानीय विद्यार्थीले अध्ययन गर्ने यो विद्यालयले प्रारम्भदेखि नै उत्कृष्ट नतिजा ल्याउँदै आएको छ । कुशल व्यवस्थापन एवं सिकाइ विकासमा केन्द्रित यो विद्यालय लामो समयदेखि चर्चामा छ । तालिम प्राप्त शिक्षकहरूबाट सैद्धान्तिकसँगै प्रयोगात्मक शिक्षण हुने हुँदा सेटी गाउँ मावि जिल्लामा तीन पटक तथा छात्रातर्फ प्रदेश नम्बर ७ मै अग्रणी रहेको प्रधानाध्यापक परमानन्द जोशी बताउँछन् ।

पहाडका सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या घट्ने समस्या व्याप्त रहे पनि शैक्षिक गुणस्तरमा सन्तोषजनक सुधारसँगै यो विद्यालयप्रति विद्यार्थी एवं अभिभावकको आकर्षण बढ्दै गएको छ । अहिले यो विद्यालयमा एक हजार जति विद्यार्थी अध्ययनरत छन् ।

विद्यालयले प्लस टुतर्फ विज्ञान र व्यवस्थापन विषयको कक्षा सञ्चालन सुरु गरेदेखि नै विद्यार्थी संख्या बढ्दै गएको हो । सस्तो शुल्कमा राम्रो नतिजा विद्यालयको मुख्य विशेषता हो । विद्यालयको व्यवस्थापकिय पक्ष राम्रो, नियमित विद्यालय सञ्चालन एवं तालिम प्राप्त शिक्षकहरूबाट अध्यापन गराइने हुँदा यो विद्यालयको नतिजा राम्रो छ । कमजोर र उत्कृष्ट दुवै थरि विद्यार्थीलाई अतिरिक्त कक्षा पढाइने हुँदा राम्रो नतिजा आइरहेको प्रधानाध्यापक जोशी बताउँछन् । यो विद्यालयमा केमेस्ट्री, फिजिक्स, बायोलोजी तथा कम्प्युटरको छुट्टाछुट्टै ल्याबको व्यवस्था छ ।

**विज्ञान/व्यवस्थापन/शिक्षा**

**भर्ना शुल्क** : ८ हजार रुपैयाँ
**मासिक शुल्क** : विज्ञान- ६ सय रुपैयाँ, व्यवस्थाप- ३ सय रुपैयाँ र शिक्षा- १ सय ५० रुपैयाँ

मनोज बडु

## यौन जिज्ञासा र समाधान


डा. राजेन्द्र भद्रा

शीघ्र स्खलनको दीर्घकालीन समाधान छ कि छैन ? यो के कारणले हुन्छ ? यसको समाधानका उपायहरु बताइदिन अनुरोध गर्छु ।

एस.





### शीघ्र वीर्य स्खलनको कारण

तपाईंलाई थाहै हुनुपर्छ, प्रायः सबैजसो पुरुषले आफ्नो जीवनको कुनै न कुनै समयमा शीघ्र वीर्य स्खलन भएको अनुभव गरेका हुन्छन् । अहिले आफू तथा आफ्नो यौनजोडीले चाहेको समयभन्दा चाँडो वीर्यस्खलन भए त्यसलाई शीघ्र स्खलन मान्न थालिएको छ । योनिमा घर्षण नै गर्न नपाई योनिमै वीर्य स्खलन हुने समस्या पुरुषहरूमा देखिने यौनसम्बन्धी समस्यामध्ये सबैभन्दा बढी पाइने समस्या हो । कतिपयले सामान्य समय सीमामै वीर्य स्खलन भए पनि चाँडो भएको मान्छन् भने कसैले धेरै समय लागे पनि त्यसलाई सामान्य मान्छन् । महिलालाई चरमसुख प्राप्त गर्न एकदमै धेरै समय लाग्ने अवस्थामा पनि सामान्य समयमै भएको भए पनि पुरुषको वीर्य स्खलन चाँडो भएको भान पर्छ । यसको पक्का कारण यही नै हो भन्न सकिने अवस्था नभए पनि शीघ्र स्खलनको मूल कारण मानसिक नै भएको पाइन्छ । कतिपय मानिसमा यौन सम्पर्क वा क्रियाकलापमा 'राम्रो' गर्न नसक्नु गम्भीर चिन्ताको विषय हुनसक्छ । आफ्नो यौन जोडीलाई सन्तुष्ट तुल्याउन सक्दिन कि भन्ने चिन्ता हुँदा यसले समस्या थप चर्काउँछ । विरलै भए पनि केही psychotropic drug को प्रयोग नै यस्तो समस्याको कारण त होइन भनेर केलाउन बिर्सनु हुँदैन ।

### समाधानका लागि के गर्न सकिएला ?

आक्कल-झुक्कल शीघ्र स्खलन हुनु अस्वाभाविक होइन । त्यसैले यस्तो स्थितिमा खासै चिन्ता गर्नु आवश्यक छैन । धेरै चिन्ता गर्दा समस्या थप वृद्धि हुनसक्छ । शीघ्र स्खलनको समस्या नियमित रूपमा हुन थाल्यो भने समाधानको उपाय खोज्नुपर्ने हुन्छ । यो समस्या कम गर्न आफैंले अवलम्बन गर्न सकिने केही उपाय छन् ।

१. **यौनसम्पर्क रोक्ने-सुरु गर्ने** : यौनसम्पर्कका क्रममा स्खलन होला जस्तो भएपछि तुरुन्तै लिंग बाहिर झिकेर केही बेर यौनक्रीडा रोक्ने र उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने ।

२. **आसन परिवर्तन** : लोग्नेमान्छे माथितिर र महिला तलको सट्टा महिला माथितिर बसेर सक्रिय भै यौनसम्पर्क गर्दा पनि शीघ्र स्खलन कम गर्न मद्दत मिल्छ ।

३. **लिंग अँठ्याउने** : यौनसम्पर्कका क्रममा स्खलन होला जस्तो भए तुरुन्तै लिङ्ग योनिबाट बाहिर झिकेर लिंगको फेदलाई बेस्सरी अठ्याउने र वीर्य स्खलन हुन नदिने । केही बेरमा यौन उत्तेजना कम भए पछि पुनः सुरु गर्ने ।

४. **कन्डम प्रयोग गर्ने** : कन्डमको प्रयोगबाट पनि कतिपयलाई शीघ्र स्खलनको समस्या कम गर्न मद्दत पुगेको छ । यस्तो बेला चिप्लो पदार्थ कम भएको तथा बाक्लो किसिमको कन्डमले बढी फाइदा पुर्‍याउँछ ।

५. **मांसपेशीको प्रयोग** : पिसाब आउँदा रोक्ने प्रयास गर्ने मांसपेशीको कसरत गरेर वीर्य स्खलनलाई रोक्ने अभ्यास गर्न सके फाइदा मिल्छ ।

६. **औषधीको प्रयोग** : अचेल छालाको संवेदनशीलता कम गर्ने मल्हम तथा स्प्रेहरू पनि बजारमा उपलब्ध छन् । यस्ता औषधी लिंगमा प्रयोग गर्दा शीघ्र स्खलन कम गर्न मद्दत पुग्छ ।

७. **वीर्य स्खलन नियन्त्रणको अभ्यास** : दीर्घकालीन उपचारका लागि हस्तमैथुनमा जस्तै उत्तेजित लिङ्गलाई चलाउने र वीर्य स्खलन होला जस्तो भएपछि रोक्ने तथा उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने र यो प्रक्रिया दोहोर्‍याउने । वीर्य स्खलनलाई राम्रोसँग नियन्त्रण गर्न सक्छु जस्तो लागेपछि आफ्नी श्रीमती (यौन साथी) सँग यौनसम्पर्करहित यौन क्रियाकलापमा संलग्न हुने तर यौनसम्पर्क भने नगर्ने । वीर्य स्खलन होला जस्तो भएपछि यो क्रियाकलाप रोक्ने र उत्तेजना केही कम भएपछि पुनः सुरु गर्ने अनि बिस्तारै-बिस्तारै यौन क्रियाकलाप अघि बढाउने । यो प्रक्रियामा समय र धैर्यता निकै लाग्ने भए पनि वीर्य स्खलन नियन्त्रणमा यो अभ्यास निकै लाभदायक साबित हुन सक्छ । यो उपाय दीर्घकालीन समाधानमा लाभदायक हुन सक्छ ।

### दीर्घकालीन समाधानको कुरा

तपाईंलाई थाहै हुनुपर्छ, धेरैजसोले यौनसम्पर्क राखे पनि वीर्य स्खलनलाई पुरुषको यौन कार्य सक्षमताका रूपमा लिन्छन् । यसरी शीघ्र स्खलन हुँदा यौन कार्य राम्रोसँग सम्पादन गर्न नसकेको मानिन्छ । महिलालाई यौन सुख दिन नसकेको भन्ने मानेर दुखी हुने मात्र होइन, आत्मसम्मानको समस्या समेत देखापर्न सक्छ । महिलाले पनि शीघ्र स्खलन हुँदा आफ्नो पार्टनरले मलाई यौन सन्तुष्टि दिन सक्दैन भन्ने मान्न सक्छन् । यौन कार्य सम्पादनको चिन्तालाई नियन्त्रण गर्नु एउटा महत्वपूर्ण पक्ष हो । कार्य सम्पादनको चिन्ताले धेरै कुरा बिगार्न सक्छ ।

कुनै कार्य ठिक तरिकाले हुँदैन कि भनेर चिन्ता गर्न थालिन्छ र बिस्तारै चिन्ता बढेर कार्य सम्पादन क्षमता मै ह्रास आउन थाल्छ । यो स्थितिमा वीर्य स्खलनमा मात्र केन्द्रित रहेर यौनसम्पर्क गरिन्छ । कार्य सम्पादनको चिन्ता भएको स्थितिमा समस्या अझ चर्कन्छ । यस्तो स्थितिमा पहिले गरिने स्पर्श, चुम्बन, सुमसुम्याई वा पाक्क्रीडाजस्ता क्रियाकलाप पनि कम भएर जान्छन् । यसले गर्दा पुरुषमा मात्र होइन, महिलामा समेत मानसिक तनाव हुन्छ । यसले सम्बन्धको सुमधुरतालाई नै समस्यामा पार्न सक्छ । यस्तो स्थितिमा दुवैले राम्रोसँग कुराकानी गरेर तनावरहित वातावरणमा समस्याको समाधान खोज्नुपर्छ ।

### सूचना

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह


डा. सुमनराज ताम्राकार

पुरुष लिंगको सुपारी आकारको टुप्पो छालाले छोपिएको हुन्छ, जसलाई अग्रचर्म भनिन्छ । पुरुष लिंगमाथिको छाला तल माथि गर्न, लिंगको टुप्पालाई ओसिलो राख्न तथा यौनसम्पर्क सहज बनाउन अग्रचर्ममुनि स-साना आकारका असंख्य ग्रन्थि हुन्छन् । यही ग्रन्थिबाट उत्पादित रस सरसफाइको अभावमा बाक्लो भै सेतो देखिन्छ । यो स्वभाविक प्रक्रिया हो । अग्रचर्म नकाटिएका व्यक्तिको अग्रचर्ममुनि सेतो पदार्थ जम्ने प्रक्रिया अलि छिटो सम्पन्न हुन्छ ।

व्यक्तिपिच्छे निश्चित खालको शारीरिक गन्ध कसैलाई मनपर्ने त कसैलाई नपर्ने हुन्छ । निरन्तरको सामीप्यतापछि आफ्नो यौनसाथीको शारीरिक गन्धमा मिठास महसुस भै यसैलाई यौन आकर्षण मानिन थाल्छ । दुई व्यक्तिबीचको प्रणय सम्बन्ध प्रगाढ हुने कार्यमा शारीरिक गन्धले विशेष प्रभाव पार्छ । यस्तो प्रकारको गन्धलाई प्राकृतिक मान्नुपर्छ । यौनांग वरिपरि पसिना आउने र पिसाबको थोपा पर्ने कारणले यस्तो गन्ध बढी आउँछ । कुनै यौनसाथीलाई उक्त गन्ध नमीठो लागे गन्धनाशक डिओडरेन्ट प्रयोग गर्न सकिन्छ ।

आफ्नो शारीरिक गन्धप्रति कसैले नकारात्मक टिप्पणी गरेको खण्डमा सरसफाइमा ध्यान पुर्‍याउनु आवश्यक छ । नमीठो शारीरिक गन्धले यौनांग स्पर्श तथा लिंग मुखमैथुनका पारखीलाई नकारात्मक असर पुग्न सक्छ । यसका लागि नियमित सरसफाई गर्ने तथा भित्री लुगा नियमित फेर्ने बानी बसाल्नुपर्छ । पुरुष लिंगमा साबुन, पाउडर वा डियोडेरेन्ट प्रयोग गर्दा एलर्जी हुनसक्ने सम्भावनाप्रति सजग रहनुपर्छ । जीवाणु तथा ढुसीको संक्रमणको शंका लागे सम्बन्धित चिकित्सकसँग परामर्श लिनुपर्छ ।

कतिपय अध्ययन अनुसार अग्रचर्म काटिएका व्यक्तिमा एचआईभीलगायत यौनांगको संक्रमण एवं क्यान्सर हुने सम्भावना तुलनात्मक रूपमा कम पाइएको छ, तर यसो भन्दैमा सबैले अग्रचर्म काट्नैपर्छ भन्ने होइन । सामान्य भन्दा बढी एवं संक्रमण हुन थालेको खण्डमा प्रभावित भाग चिलाउने, रातो हुने, सुन्निने, दुख्ने आदि हुनसक्छ ।

कहिलेकाहीं पुरुष लिंग माथिको छाला साँगुरिएर वा लिंगमा टाँसिएर अग्रचर्म फेदतिर फर्काउन मिल्दैन, अर्थात् टुप्पाको अग्रचर्म साँगुरिएका व्यक्तिको लिंगको छालामुनि सेतो पदार्थ जम्मा हुने सम्भावना हुन्छ । अधिकांश नवजात शिशुमा अग्रचर्म टाँसिएको भए पनि समयक्रमसँगै छुट्टिँदै जान्छ । करिब १० प्रतिशतमा भने यो समस्या यथावत रहन्छ । जसको उपचारका क्रममा अग्रचर्म काट्नुपर्ने हुन्छ । त्यसका अतिरिक्त लिंगको सुजन, यौनांगको छालाको सुजन तथा लिंगमा फंगल संक्रमणले पुरुष लिंगलाई रातो बनाउन सक्छ । यस्तै सोरियासिसको समस्यामा बाक्लो अलग्गै रातो दाग बस्ने तथा हर्पिसको संक्रमणमा दुख्ने खालका राता स-साना बिमिरा तथा पानीको फोका उठ्ने हुन्छ । विभिन्न उद्देश्यका लागि पुरुष लिंगमा प्रयोग गरिएको कृत्रिम जेल वा झोलका कारण एलर्जी उत्पन्न भएर रातोपन देखापर्न सक्छ ।




# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

जेठ २७ गते
परमा एकादशी व्रत:

जेठ ३० गते
अधिक मास समाप्ति

जेठ ३१ गते
विश्व रक्त दिवस

## मेष

तपाईंको कामको मूल्यांकन हुनुका साथै आकस्मिक धन लाभ हुन सक्छ। स्वास्थ्यसम्बन्धी समस्याले मनमा नैराश्यता छाउनेछ। साताको अन्त्यमा स्वास्थ्यमा सुधार आउनेछ भने बोलीको प्रभावमा महत्वपूर्ण कार्य सम्पन्न हुनेछन्। मनोरन्जक कार्यमा आकर्षित भइनेछ।

## वृष

साता सामान्य रहनेछ। परिस्थिति पहिचान गरेर सम्पन्न गरिएको कामले प्रतिष्ठा दिलाउनेछ। प्रतिकूल अवस्थामा अरूको मुख ताक्दा पछि परिने सम्भावना छ। मित्र वर्गले वचनअनुसार समयमा सहयोग नगर्दा आर्थिक संकट बेहोर्नुपर्नेछ। व्यवसायिक कारोबारमा सावधानी अपनाउनु होला।

## मिथुन

प्रतिष्ठा र पदोन्नतिको अवसरलाई चुनौतीका रूपमा लिए उचाइमा पुगिनेछ। आध्यत्मिक चिन्तन एवं योग-ध्यानले दुर्भावनाहरू समाप्त हुनेछन् भने सही मार्ग पहिल्याउन सहज हुनेछ। नवपरिचितहरूप्रति विश्वास गर्दा धोका हुन सक्छ।

## कर्कट

कुरा काट्नेहरूले तपाईंको चियोचर्चो गर्न छाड्ने छैनन्। अभिभावकहरूको सुझावले रिस-इर्ष्या डाह गर्नेहरूलाई पछि पार्न सकिनेछ। प्रेमी-प्रेमिकाले नयाँ अवसर प्राप्त भएको खबर सुनाउँदा हर्षित भइनेछ। विभिन्न स्थानको भ्रमणमा समय खर्चिनुपर्ला।

## सिंह

प्रतिस्पर्धीहरूलाई उछिन्न कडा मेहनत आवश्यक पर्नेछ। अहोरात्रको परिश्रमले महत्वपूर्ण जिम्मेवारी दिलाउने सम्भावना छ। अनाथहरूलाई गरिएको सहयोगबाट प्रशंसा पाइएला। जागिरमा पदोन्नतिसहित स्थान परिवर्तनको योग छ। उत्तरतर्फको यात्रामा सावधानी अपनाउनुहोला।

## कन्या

मित्रवर्गको सहयोगका कारण अरूको मन जित्न सकिनेछ, जसले जिम्मेवारी वहन गर्ने अवसर दिलाउनेछ। श्रृंगार तथा सजावटको काममा सफलता हात लाग्नेछ। मेहनत गर्दा जीवनशैलीले फड्को मार्न सक्छ। गुलिया वस्तुहरू कम सेवन गर्नुहोला। बुधबारपछि समय प्रेरणादायक रहनेछ।

## तुला

तपाईंको कार्यदक्षताको चौतर्फी प्रशंसा हुनेछ। चुरो कुरा पत्ता लगाई असहज परिस्थितिको सामना गर्न सकिनेछ। लगनशीलताले विविध अवसर प्रदान गर्नेछ भने मन मिल्ने साथीको विश्वास गर्नाले पछि परिएला। खानपानको फेरबदलले स्वास्थ्य प्रतिकूल बनाउन सक्छ।

## वृश्चिक

कार्य क्षेत्रमा उत्ताउलोपन प्रदर्शन गर्दा विवादमा परिएला। मङ्गलबारपछि नयाँ ऊर्जा प्राप्त हुनेछ। अभिभावकहरूसँगको वैचारिक द्वन्द्वप्रति सचेत रहनुहोला। चुनौतीहरू यथास्थितिमै रहनेछन्। पहेलो रंग प्रयोग गर्न सके समस्याको गाँठो फुकाउन केही सहज हुनेछ।

## धनु

आफ्नो व्यवसायलाई उचाइमा पुऱ्याउन अभिभावकको सहयोग तथा सुझाव अनुसरण गर्नुहोला। शुभकार्यका लागि किनमेलमा समय खर्चनुपर्नेछ। भ्रमणका क्रममा खानपानको असावधानीले स्वास्थ्य समस्या सिर्जना हुन सक्छ। सवारी साधन चलाउँदा संयम अपनाउनुहोला।

## मकर

साथीहरूसँग बिग्रिएको सम्बन्ध पुन: स्थापित हुनेछ। बहुमूल्य धातु तथा विलासी साधन खरिद गर्दा होसियारी अपनाउनुपर्नेछ। शैक्षिक क्षेत्रमा राम्रो उपलब्धिसँगै वैदेशिक रोजगरीको अवसर जुर्नेछ। सामाजिक तथा परोपकारी कार्यमा रुचि जाग्नेछ। सरोकारका विषयमा सपरिवार संलग्न भइनेछ।

## कुम्भ

पूर्व योजनाबेगरै विदेश भ्रमण गर्नुपर्ने बाध्यता आइलाग्न सक्छ। आर्थिक उपलब्धि हात पर्ने सम्भावना छ। थप लगानी गरिएको व्यवसायले व्यस्त बनाउनेछ। मनोरञ्जनमा सहभागी हुँदा स्वास्थ्य एवं समयको हेक्का राख्नुहोला। साताको अन्त्यमा पारिवारीक भेटघाटमा समय खर्चनुपर्नेछ।

## मीन

आफ्नो धरातल बिर्सिएर अर्काको अभिनय गर्न खोज्दा बढी मूल्य चुकाउनुपर्नेछ। प्रेमिकाको द्वैध मनस्थितिले आफ्नो विचारमा समेत परिवर्तन ल्याउन सक्छ। राज्यस्तरबाट दिइएका जिम्मेवारीप्रति बेवास्ता गर्दा ठूलो नोक्सानीको फन्दामा परिनेछ। रातो रंगको पहिरनबाट समस्या निवारण गर्ने ऊर्जा प्राप्त होला।

---

**अब हाम्रो पालो**

# विश्वकप कसले जित्छ जस्तो लाग्छ ? किन ?



> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
> १. तपाईंको राशिफल कतिको मिल्छ ?

अर्जेन्टिनाले जित्छ, पक्का।

**द लोजर**

पोर्चुगलले जित्छ। जसरी युरोकप जितेको थियो, त्यसरी नै वर्ल्डकप उचाल्छ।

**रितिक रोशन शाही**

जित्ने भनेकै, पोर्चुगलले हो किनभने पछिल्लो पटक युरोकप जितेको हौसला छ।

**कैलास भट्टराई**

ब्राजिल, उसका सबै खेलाडी युवा र मेहनति छन्।

**कृष्ण कोइराला, ओमराज जोशी**

थाʼछैन तर पोर्चुगलले जिते राम्रो।

**कमरेड रेडस्टार**

ब्राजिल।

**केदार श्रेष्ठ, रमेश क्षेत्री, सुसन लामा वाइवा**

वर्ल्डकप जित्ने त अर्जेन्टिनाले हो। अरू त रसियाको भात खान जाने मात्र हुन्।

**बिसाल सुबेदी**

युवाहरूको जमघटले गर्दा इंग्ल्यान्डले जित्छ।

**प्रेम घिमिरे**

अहिलेको दाबेदार भनेको ब्राजिल हो किनभने टिम धेरै राम्रो छ। ब्राजिलका जति पनि डाई हार्ट फ्यान हुनुहुन्छ, उहाँहरूको चाहना यसपटक पूरा हुँदैछ।

**क्षेत्री जेठा**

जति बुढो भए पनि बाघ भनेको बाघ नै हो, त्यसैले यसपालिको वर्ल्डकप ब्राजिलले नै जित्नेछ।

**मनीष श्रेष्ठ**

जसले जेसुकै भने पनि बेल्जियमले यस पटकको विश्वकप ट्रफी उचाल्नेछ।

**सागर**

मेरो विचारमा ब्राजिलले नै २०१८ को विश्व कप जित्छ। किनभने ब्राजिलमा राम्रा खेलाडीहरू छन्।

**डल्ली कान्छी**

नेपालले जित्छ हौ। मौका पो पाʼको छैन।

**मनोज तुम्बापो लिम्बू**

अर्जेन्टिना, किनभने त्यहाँ अट्याकिङ फरवार्डहरू छन्।

**सन्तोष**

विश्वकपको फाइनल सकिए लगत्तै सम्पर्क गर्नुस् ठ्याक्कै मिलाएर भन्दिन्छु।

**प्रवेश थापा**

ब्राजिल, जसले जेसुकै भनोस् नेयमार, कैटिनो, मार्केल आदिले यसपालिको विश्वकप लान्छन्।

**रुपराम घिसिङ तामाङ**

जसको खेल राम्रो हुन्छ उसैले नि। कि गुगल केटोसँग पो सोध्ने हो कि ?

**सुनिल दोङ**

जसले राम्रो खेल्छ उसैले तर मेरो समर्थन चैं स्पेनलाई।

**गणेश राउत**

पोर्चुगलले जित्छ। किनभने विश्वका महान फुटबलर रोनाल्डो त्यही छन्।

**विजय**

अर्जेन्टिना, स्पेन तथा जर्मनीमध्ये एकले जित्छ।

**तीर्थ दंगाल**

नेपालले, किनभने म ज्योतिषी सिक्दै छु। सक्किगो नि।

**गणेश खनाल**

फ्रान्सले जित्छ, सन्तुलित र उत्कृष्ट खेलाडी छन्।

**तोरन कर्माचार्य**

भुटानले जित्छ, किन नसोध्नुहोस्।

**आरके पन्धाक**

जर्मनीले।

**मानबहादुर**

पेरु।

**लक्ष्मण लामा**

मेसिको सपना पूरा हुन्छ यसपालि।

**डम्बर खड्का**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: २०८११०९, लगनखेल बसपार्क: ५१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९








# यसरी हुँदैछ विश्वकपको उद्घाटन

ओलम्पिक्समा उद्घाटन समारोहलाई जसरी ठूलो महत्त्व दिइन्छ, त्यत्तिकै महत्त्व विश्वकप फुटबलको उद्घाटन समारोहको हुँदैन । केही पुराना विश्वकपलाई फर्केर हेर्ने हो भने त उद्घाटन समारोह नै नराखी सीधै प्रतियोगिता सुरु भएका उदाहरण पनि छन् । पछिल्लो समय भने यसमा केही परिवर्तन आएको छ र विश्वकप फुटबलमा पनि आकर्षक उद्घाटन समारोह समावेश गर्ने चलन सुरु भएको छ ।

ब्राजिलमा भएको विश्वकपको उद्घाटन समारोह अहिलेसम्मकै सबैभन्दा भव्य उद्घाटन समारोह थियो र केही हदसम्म त्यो ओलम्पिक्सको उद्घाटन भन्दा कम थिएन । यसपटक रूसमा हुने विश्वकप फुटबलको उद्घाटन समारोह कस्तो हुनेछ भन्ने पूर्ण विवरण बाहिर आएको छैन । पश्चिमेली मिडियालाई मान्ने हो भने रूसले उक्त विवरण उद्घाटनअघि बाहिर ल्याउने पनि छैन, किनभने रूसको काम गर्ने शैली नै यस्तै छ, गुपचुप, चुपचाप ।

मिडियाले अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) को स्रोत प्रयोग गरेर उद्घाटन कार्यक्रमका सम्बन्धमा केही न केही जानकारी भने फुत्काएका छन् । उक्त जानकारीअनुसार रूसले विश्वकप उद्घाटन कार्यक्रम भव्य रूपमा सम्पन्न गर्नेछ र यो लगभग दुई घण्टाको हुनेछ । आयोजक रूस र साउदी अरेबियाबीच हुने खेलअघि यो कार्यक्रम मस्कोको प्रसिद्ध लुजनिकी स्टेडियममै हुनेछ । उद्घाटन कार्यक्रम ब्राजिलको उद्घाटन समारोहभन्दा केही फरक हुनेछ ।



चार वर्षअघिको उद्घाटन समारोहमा 'ग्ल्यामर' बढी थियो । त्यति बेला हलिउड अभिनेत्री/गायिका जेनिफर लोपेज आकर्षक रूपमा प्रस्तुत भएकी थिइन् । यसपटक उद्घाटन समारोहलाई रूसले आयोजकले आफ्नो संस्कृति बाँकी विश्वलाई देखाउने अवसरका रूपमा लिएको छ । उद्घाटन समारोह अघि मस्कोकै रेड स्क्वायरमा एउटा ठूलो कन्सर्ट पनि सञ्चालन हुनेछ । उक्त कन्सर्टले विश्वकप उदघाटन समारोहलाई जोड्ने प्रयास गर्नेछ, किनभने उक्त कन्सर्टले वातावरण तताउने काम गर्नेछ ।

उद्घाटन समारोह स्थानीय समय अनुसार ४ बजे प्रारम्भ हुनेछ र पहिलो खेल सुरु हुने समयअघिसम्म चल्नेछ । तय छ, पूरा विश्वकपका फुटबल प्रेमीको नजर उक्त कार्यक्रममा हुनेछ । अहिलेसम्म प्राप्त जानकारी अनुसार उक्त कार्यक्रममा स्पेनी ओपेरा गायक प्लासिडो डोमिन्गोले गीत गाउनेछन् । यस्तै आफ्नो स्वर प्रस्तुत गर्नेमा पेरुबाट जुवान डिएगो फ्लोरेज पनि हुनेछन् । यी दुई गायकले सुरुमा रेड स्क्वायरमा गीत गाउनेछन् । त्यसपछि उनीहरू मूल उद्घाटन समारोहमा देखिनेछन् ।

उनीहरूलाई कार्यक्रममा साथ दिनेमा एडा गारिफुलिन, एल्बिना सागिमुराटोभा, युसुफ इभाजोभ, इल्डर अबड्राजोकोभ, डेनिस मास्तुभ व एना नेट्रेबको छन् । कार्यक्रममा प्रस्तुत हुने नृत्यमा ५ सय जनाको सहभागिता हुनेछ । त्यत्तिकै संख्याका जिम्न्यास्टहरूले पनि आफ्नो प्रदर्शन गर्नेछन् । यी सबै प्रस्तुतिको मूल आधार भने रूसी संस्कृति नै हुनेछ । उद्घाटन समारोहको मूल विषय नै रूसी संस्कृतिको फरक आयाम हो ।



## विश्वकपको गीत

फुटबलको विश्वकप भनेपछि त्यससँगै अचेल गीत पनि जोडिएर आउँछ । धेरैको मनमा अझै पनि पुराना विश्वकपका गीत होलान, जस्तो, रिकी मार्टिनको 'ओले, ओले, ओले' र सकिराको 'वाका वाका' । यसपटकको विश्वकपको गीत हो– 'लाइभ इट अप' । यसका गायक हुन्– अमेरिकी र्‍यापर वेस्ली पेन्टज । उनी डिप्लो नामले बढी चिनिन्छन् । यो गीत सार्वजनिक भैसकेको छ, तर भिडियो भने विश्वकप सुरु भएपछि मात्र उपलब्ध हुनेछ । विश्वकपको उद्घाटनका दौरान यसलाई नाम चलेका गायक-गायिकाहरूले प्रस्तुत गर्नेछन् । ग्रामी एवार्ड विजेता डिप्लो भन्छन्– यो गीत सुनेर नाच्न नचाहने कमै होलान् ।

## लोगो

चार वर्षअघि ब्राजिलमा भएको विश्वकपको लोगो त्यति आकर्षक थिएन । यसै कारण लोगोका लागि यसपटक रूसले प्रशस्तै मेहनत गरेको छ । जति बेला विश्वकपको लोगो सार्वजनिक गरियो, सबैले माने, यो विशेष छ । यसका डिजाइन पोर्चुगलको लिस्बनस्थित संस्था ब्रान्डिया सेन्ट्रलले गरेको हो ।

कलाका पारखीमध्ये जसले यसलाई पहिलो पटक हेर्छन्, प्रायःले भन्ने गरेका छन्, यसमा जादु छ । खासमा यसले रूसी कला र इतिहासको प्रतिनिधित्व गर्छ । लोगो फेरि एकपटक ट्रफी स्वरूपमै छ । यसमा पनि सेतो र नीलो रंग नै प्रयोग गरिएको छ । यसले पनि रूसी झण्डाकै प्रतिनिधित्व गरिरहेको छ ।

लोगोको सबैभन्दा माथि बल छ र यसले स्पुटनिकको प्रतिनिधित्व गरिरहेको छ । स्पुटनिक पहिलो आर्टिफिसियल-स्याटलाइट हो । यसमा रहेका ताराले अन्तरिक्षलाई संकेत गर्छ । यसको अर्थ रूसलाई आफ्नो पुरानो र लामो अन्तरिक्ष कार्यक्रममा गर्व छ, यसले बाँकी विश्वलाई फेरि एकपटक ती दिन सम्झना दिलाउन चाहन्छ ।

यसको तलतिर मानव शरीरको पनि प्रतिनिधित्व छ र यो फुटबलका पारखीहरूप्रति समर्पित छ । यो स्वरूपले खुसीयाली मनाइरहेको छ । आयोजकहरूको विश्वास छ– यसपटकको विश्वकपले पूरा विश्वलाई फुटबलको माध्यमबाट खुसी दिनेछ । समग्रमा यसपटकको लोगो निकै आकर्षक छ र पूरा प्रतियोगिताका क्रममा यो जताततै छाउनेछ ।

## मस्कट



विश्वकप-२०१८ को मस्कट हो– जाबिभाका । यसको रूसी अर्थ हुन्छ– जसले गोल गर्छ । फुटबलका लागि त यो खुबै सुहाउने अर्थ हो, अर्थात् जसले गोल गर्छ, त्यसैले खेल जित्छ, अनि जसले खेल जित्छ, उसैले विश्वकप जित्ने हो । जाबिभाकामा फ्याउरो छ, ऊ निकै आत्मविश्वासी देखिन्छ, सँगै सुन्दर पनि अनि यसलाई रमाइलो गर्न पनि खुबै मन लाग्छ ।

अरू विश्वकपको जस्तै यसपटकको मस्कटले पनि ठूलो महत्त्व राख्छ, किनभने यसले प्रतियोगिताका दर्शकलाई आकर्षित गर्ने काम गर्छ, मनोरञ्जन दिन्छ । त्यति मात्र होइन, यो रूसको बाँकी विश्वका लागि फुटबल राजदूत पनि हो । तय छ, यो नै विश्वकपका दौरान 'सेलेब्रेटी' हुनेछ, अझ भनौं सुपर स्टार ।

यसको चयन कसरी भयो त ? यसको पनि लामो कथा छ । मस्कट छनौटका लागि एक महिनासम्म भोटिङ चलेको थियो, जसमा कम्तीमा दस लाख रूसीले भाग लिएका थिए । आखिर सबैभन्दा बढी मत यही फ्याउरोले पायो । यसको डिजाइनर हुन्, रूसी विद्यार्थी– एक्टेरिना बाचोरोभा । भोटिङका क्रममा यसले ५३ प्रतिशत मत प्राप्त गरेको थियो ।

यसले सुन्तला रंगको चश्मा अनि सेतो टी-सर्ट लगाएको छ, जसको बाउला नीलो छ । यसले रूसी झण्डाको प्रतिनिधित्व गरेको छ । यसको अर्को एउटा ठूलो विशेषता हो, यो तस्बिर खिच्न भनेपछि हुरुक्कै हुन्छ, त्यसैले आउने विश्वकपका क्रममा कसैसँग सबैभन्दा बढी सेल्फी खिचिनेछ भने त्यो जाबिभाकाको नै हो ।




# विश्वकप लिग चरणका प्रमुख खेल

विश्वकप-२०१८ को प्रमुख विशेषता हो, यसमा कुनै त्यस्तो समूह छैन, जसलाई 'ग्रुप अफ डेथ' भन्न सकियोस । त्यसैले केही फुटबल पण्डितले भनेका छन्, यसपटक समूह चरणमा ठूलो अप्रत्याशित नतिजा आउने छैन अर्थात् प्रत्येक समूहबाट तिनै दुई टिम अन्तिम १६ मा पुग्ने छन्, जसलाई बलियो मानिएको छ । अझ भनौं, यसपटकको विश्वकपमा वास्तविक प्रतिस्पर्धाको सुरूआत अन्तिम १६ बाट मात्र हुनेछ, जति बेला नकआउट चरण सुरू हुनेछ । यो विश्लेषण केही हदसम्म ठीक पनि हो, तर सबै कुरा दाबीअनुसार पनि हुने छैन । कम्तीमा हामीले प्रत्येक समूहमा एउटा त्यस्तो खेल निकाल्न सक्छौं, जसले समूहको दिशा तय गर्नेछ ।




## रुस-साउदी अरेबिया (समूह-ए)

प्रत्येक विश्वकपको उद्घाटन खेल विशेष हुन्छ, किनभने एक त यसमा आयोजक देश खेलिरहेको हुन्छ । अर्को अप्रत्याशित नजिता निस्कने सम्भावना पनि उत्तिकै हुन्छ । यसपटक रूस र साउदी अरेबियाबीचको खेलसँगै सुरु हुनेछ, विश्वकप-२०१८ । आयोजक रूस प्रतियोगिताकै सर्वाधिक तल्लो वरियताको टिम हो । रूस ६५ औं स्थानमा छ । साउदी भने ६३ औं स्थानमा । यसपटकको विश्वकपको यो सर्वाधिक तल्लो वरियताका दुई टिमको खेल पनि हो, तर यो नै यस्तो खेल हुनेछ, जसले समूहको भाग्य निश्चित गर्नेछ ।




## अर्जेन्टिना-आइसल्यान्ड (समूह-डी)

आइसल्यान्डले अहिले गज्जबको फुटबल खेलिरहेको छ, अन्यथा यो न त सन् २०१६ को सनसनीपूर्ण टिम हुन्थ्यो, न यसले युरो छनौटमा दसमध्ये सात खेल जित्थ्यो । आइसल्यान्डले विश्वकपमा डेब्यु गर्दैछ र यो जनसंख्याका आधारमा सबैभन्दा सानो देश पुरा विश्वमा धेरैका लागि प्रिय हुन सक्छ । यही आइसल्यान्डले सामना गर्नेछ, विश्वकै सर्वाधिक लोकप्रिय टिम अर्जेन्टिनाको । भनिरहनु पर्दैन, अर्जेन्टिनासँग लियोनल मेसी छन् । यस्तोमा यो निकै ठूलो टिमविरुद्ध निकै सानो टिमको खेल पनि हुनेछ, तर यसको प्रभाव पनि उत्तिकै रहनेछ ।




## बेल्जियम-इंग्ल्यान्ड (समूह-जी)

धेरै धेरै पटक भनेका छन्, बेल्जियम बलियो टिम हो, किनभने यो टिम स्वर्णिम पुस्ताबाट गुज्रिरहेको छ । नतिजा भने त्यसअनुसार रहने गरेको छैन । युरो छनौटमा पनि बेल्जियम अपराजित रह्यो । यसका धेरै खेलाडी इंग्ल्यान्डमा खेल्छन् । यसपटक तिनै खेलाडीले लिग चरणमा सामना गर्नेछन्, आफ्ना साथी खेलाडीहरूको टिम इंग्ल्यान्डको । इंग्ल्यान्ड पनि छनौटमा अपराजित थियो । पछिल्लो विश्वकपमा नकआउट चरण पनि पुग्न नसकेको इंग्ल्यान्डबाट धेरै आशा गर्न सकिँदैन तर यो एउटा निकै रोमाञ्चक खेल हुनेछ ।

## पोर्चुगल-स्पेन (समूह-बी)

लिग चरणको सर्वाधिक ठूलो खेल । यो तथ्यमा विवाद नगरे हुन्छ, किनभने दुवै यस्ता टिम हुन, जसले विश्वकप जित्ने दाबी गर्न सक्छन् । स्पेन २०१० को विश्वकप च्याम्पियन हो भने पोर्चुगल युरोपको डिफेन्डिङ च्याम्पियन । दुवै टिममा जति पनि खेलाडी छन्, सबैले एक-अर्कालाई राम्रोसँग चिनेका छन्, सँगै अथवा एक अर्काविरुद्ध खेलेका छन् । दुवै छिमेकी पनि हुन्, अनि ठूला प्रतिस्पर्धी पनि । यो विश्वकपको छुटाउनै नहुने खेल हो र यसले निर्धारण गर्नेछ, समूह जित्ने टिम कुन हुनेछ ?




## ब्राजिल-कोस्टारिका (समूह-ई)

साँच्चै, कोस्टारिका कति बलियो टिम हो ? कमजोर हुन्थ्यो त यसले चार वर्षअघि इंग्ल्यान्डलाई त्यो बेलाको विश्वकपमा स्तब्ध पार्ने थिएन । कोस्टारिकाले त्यति बेला इंग्ल्यान्ड, इटाली र उरुग्वे भएको समूहमा विजय प्राप्त गरेको थियो । त्यसैले कोस्टारिका ख्याल गर्न लायक टिम हो, भलै मैदानमा उसको विरुद्ध हुनेछ, विश्वकपको सदाबहार टिम ब्राजिल । ब्राजिल यो समूहबाट सजिलै अर्को चरण पुग्नेछ, तर जुन समूहमा कोस्टारिका छ, त्यो समूहबाट पहिले नै जितको दाबी गर्नु ठीक हुँदैन ।







## पेरु-डेनमार्क (समूह-सी)

समूह 'सी' जित्ने टिम त फ्रान्स नै हुनेछ, यो तथ्यलाई आधार मान्ने हो भने पेरु र डेनमार्कबीचको खेलले निर्धारण गर्नेछ, समूहमा कुन टिम दोस्रो हुनेछ । पेरु सन् १९८२ यता पहिलो पटक विश्वकप खेलिरहेको छ, तर यो त्यही टिम हो, जसले दक्षिण अमेरिकामा चिली र पाराग्वेलाई पन्छाएर विश्वकपसम्म पुगेको थियो । पछिल्लो कोपा अमेरिकामा पनि ब्राजिललाई पेरुले नै हराएको हो । डेनमार्क पनि लामै अन्तरालपछि विश्वकपमा फर्किएको छ । यो खेलको नतिजा जे पनि हुन सक्छ, तर यसले समूहलाई भने राम्रैसँगै प्रभावित गर्न सक्नेछ ।




## जर्मनी-मेक्सिको (समूह-एफ)

यसपटकको विश्वकपको लिग चरणमा यो दोस्रो ठूलो खेल हो । कन्फेडेरेसनकपमा जर्मनी र मेक्सिको भिडेका थिए । त्यसको नतिजा जर्मनीको पक्षमा ४-१ ले थियो । त्यति बेला जर्मनीले दोस्रो रोजाईका खेलाडी उतारेका थिए । अहिले डिफेन्डिङ च्याम्पियनका रूपमा जर्मनीले पहिलो रोजाइकै टिम उतार्दैछ । मेक्सिको पनि बलियो टिम हो, तर एउटै प्रश्न के भने यो टिम नकआउट चरणसम्म त पुग्छ, तर प्रत्येक पटक अन्तिम १६ बाट बाहिरिन्छ । सम्भवतः यो खेलकै नतिजामा समूहको स्थिति निश्चित हुनेछ ।




## पोल्यान्ड-कोलम्बिया (समूह-एच)

पोल्यान्ड सन् २००६ यता विश्वकप खेलिरहेको छ, तर वरियतामा अहिलेको टिम नम्बर ६ मा छ । टिमको यस्तो प्रदर्शनमा कसैको ठूलो हात छ भने त्यो फरवार्ड रोबर्टो लेवनडोस्कीको उत्कृष्ट प्रदर्शन नै हो । यता कोलम्बियाले सन् २०१४ को विश्वकपमा तहल्का नै मच्चायो, जेम्स रोड्रिग्वेज प्रतियोगिताकै सफलतम खेलाडी मानिए । यी दुई टिमबीचको खेल एक प्रकारले युरोपविरुद्ध दक्षिण अमेरिकाको खेल पनि हुनेछ ।

प्रस्तुति : हिमेश




## सबैभन्दा राम्रो जर्सी



विश्वकप खेल्ने प्रत्येक टिमको जर्सी उसका समर्थकहरूका लागि अमूल्य हुन्छ। यस्तोमा अहिले विश्वकपमा सहभागी ३२ टिमकै जर्सी ठूलो संख्यामा बिक्री भैरहेको छ। यीमध्ये सबैभन्दा राम्रो जर्सी कुन हुन सक्छ ? यसको उत्तर यही भन्ने त छैन, तर अहिलेसम्मको बजार हेर्ने हो भने सबैभन्दा उत्कृष्ट भएको छ– नाइजेरियाली जर्सी। त्यसैले यसको माग पनि सबैभन्दा बढी छ। लन्डनमा यो जर्सीको अनलाइन बिक्री केही मिनेटमै सकिएको थियो। नाइकको उक्त उत्पादनको प्रि-अर्डर नै ३० लाखप्रति (पिस) छ। उता नाइजेरियामा नक्कली जर्सी लाखौंको संख्यामा बिक्री भैरहेको छ। नाइजेरियाली जर्सीका डिजाइनर एलेक्स इवाबी हुन्। यो सक्कली जर्सीको अन्तर्राष्ट्रिय बजार मूल्य ९० डलर छ।

## गोप्य रहन नसकेको खेलाडी सूची



विश्वकपमा सहभागी हुने सबै टिमले अन्तिम खेलाडी सूची जारी गरिसकेका छन्। यसमा बेल्जियम पनि पर्छ, तर उसले आफ्ना खेलाडीको सूची भने लामो समय गोप्य राख्न सकेन। उक्त सूची पनि अनौठो तरीकाले बाहिर आयो। भएछ के भने बेल्जियमले आफ्नो टिम रहने रुसी होटलमा खेलाडी सुत्न आफ्नै ओछ्यान (म्याट्रेस) यो पठाएको रहेछ, त्यो पनि खेलाडीको नाम सहित। त्यसमा २३ जना खेलाडीको प्रत्येक म्याट्रेसमा उनीहरूको नामसमेत लेखिएको थियो। बेल्जियमका मिडियाले त्यहींबाट खेलाडीको सूची फुत्काइहाले। बेल्जियमको फुटबल संघले त्यसपछि मात्र खेलाडीको अन्तिम सूची जारी गऱ्यो।




## नक्कली टिकटको बाढी

प्रत्येक विश्वकपअघि एउटा ठूलो समस्याका रूपमा देखापर्छ- नक्कली टिकट। यसपल्टको विश्वकप पनि त्यसको अपवाद रहेन। भनिन्छ, अहिले अनलाइनमै जति पनि नक्कली टिकट किन्न पाइन्छ। यो अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) का लागि टाउको दुखाइको विषय भएको छ। त्यसैले फिफाले अनलाइन टिकट बिक्री गर्ने जिम्मा पाएको भियागोगोविरुद्ध स्वीजरल्यान्डमा मुद्दासमेत हालेको छ। आयोजक देश रूस आफैंले पनि नक्कली टिकट लिएर आउने दर्शकप्रति कस्तो व्यवहार गर्ने हो किटान गर्न सकेको छैन।



## गोलरक्षकको कीर्तिमान

यसपल्टको विश्वकपमा खेल्ने अवसर पाए, इजिप्टका गोलरक्षक इसाम एल हाडरीले नयाँ कीर्तिमान खडा गर्न सक्छन् र त्यो हो, सर्वाधिक उमेरमा विश्वकप खेल्ने खेलाडीको कीर्तिमान। इसाम ४५ वर्षका छन्, उनको पूरा सम्भावना छ, इजिप्टका लागि खेल्ने। एल हाडरीले सन् १९९३ मा व्यवसायिक फुटबल खेल्न थालेका थिए, जति बेला उनी २० वर्षका थिए। उनले इजिप्टका लागि पहिलो पटक खेलेको साल सन् १९९६ थियो। संयोग कस्तो भने यस पटकको विश्वकपको सर्वाधिक कम उमेरका खेलाडी रमादान सोभी हुन्। रुसी खेलाडी रमादान जन्मिएकै वर्ष हाडरीले इजिप्टका लागि खेल्न थालिसकेका थिए।

# विश्वकपमा रूसी हुल्याहाको डर

यसपटकको विश्वकप-२०१८ मा मैदानको प्रतिस्पर्धालाई छाडेर अरू केहीको बढी चर्चा हुनेछ भने त्यो हो, रूसी फुटबल हुल्याहाहरूको। डर छ, कतै फुटबलका यी उपद्रवीहरूले पूरा विश्वकपको मज्जा नै धूलिसात पार्ने त होइनन् ? खासमा यो चिन्ता रूसी सरकारलाई छ। अझ भनौं यो चिन्ता राष्ट्रपति भाल्दिमिर पुटिनलाई बढी छ। प्रतियोगिता सुरु हुन एक महिना भन्दा कम समय रहेको स्थितिमा यसको सफलता सबैभन्दा बढी हुल्याहाहरूलाई कसरी नियन्त्रणमा लिइनेछ, भन्ने कुरामा भर पर्नेछ।



रूसी फुटबल हुल्याहाहरूको चर्चा सन् २०१६ को युरोमा भएको थियो, जति बेला फ्रान्समा प्रतियोगिता चलिरहेको थियो। त्यति बेला मार्से सहरमा केही रूसी हुल्याहाले इंग्लिस समर्थकहरूमाथि घातक हमला गरे। त्यस क्रममा दुई इंग्लिस समर्थक नराम्रोसँग घाइते पनि भए। यस्तोमा पश्चिमेली मिडियाले भन्न थाले, यिनीहरू त भूमिगत फुटबल गिरोहका खास अगुवा हुन्, यिनीहरूलाई फुटबल हिंसाको 'जार' भने हुन्छ।

जति बेला रूसलाई विश्वकप आयोजनाको जिम्मा दिइएको थियो, त्यति बेला उक्त निर्णय निकै विवादास्पद भएको थियो। रूसले विश्वकप आयोजनाको अवसर प्राप्त गर्न घूस दिएको आरोप पनि लागेको थियो। त्यति बेला धेरैको खास चिन्ता थियो, रूसी फुटबलको सबैभन्दा ठूलो समस्या हिंसा हो, जति बेलासम्म यसको ठोस समाधान हुँदैन, रूसलाई विश्वकप आयोजना गर्ने अधिकार दिनु बेकार छ। जति बेला साँच्चै विश्वकप सुरु हुन लागेको छ, यो अझै उत्तिकै चिन्ताको विषय भएको छ। त्यसैले जति पनि विदेशी समर्थक विश्वकपका लागि रूस जान लागेका छन्, उनीहरूलाई भन्न थालिएको छ– रूसी हुल्याहाहरूसँग सतर्क रहनु। यिनीहरू मर्न र मार्नसम्म पछि पर्दैनन्। सन् ७० को दशकमा यस्तै हुल्याहा समर्थकको समस्या इंग्लिस फुटबलमा थियो।

अहिले इंग्ल्यान्डमा यो समस्या छैन, तर त्योभन्दा चर्को स्थिति रूसमा छ। यो समस्या सुरु भएको पनि धेरै भैसकेको छ, तर समाधान निकै गाह्रो देखिएको छ। तत्कालीन सोभियत संघको विघटनसँगै रूसमा फुटबल हुल्याहाहरूको समस्या सुरु भएको हो। यो एकाध व्यक्तिले गर्ने हिंसा नभएर धेरै जना मिलेर संगठित रूपमा गर्ने हुँदा ठूलो समस्या भएको हो। सोभियत संघको विघटनपछि रूसमा धेरै युवाहरू बेरोजगार भए। त्यसमाथि अधिकांश युवा गरिब परिवारका छन्।

साम्यवादी सोभियत संघमा ती युवाले विशेषतः बक्सिङ र कुस्ती जस्ता खेल भने मज्जाले सिक्ने अवसर पाएका थिए। पछि यिनीहरू नै हुल्याहा फुटबल समर्थक भएर निस्किए। उनीहरूको सबैभन्दा ठूलो समस्या हो, आफ्नो स्वेत नश्लप्रति चर्को गर्व। उनीहरू आफू जस्तै श्वेत नश्ल भएका बाहेक अरू कसैलाई राम्रो मान्दैनन्। अश्वेत नश्लविरुद्ध उनीहरू विना कारण आक्रमण गर्छन्। खासमा उनीहरू चर्को रंगभेदी हुन्।

श्वेत नश्ल भए पनि प्रतिद्वन्द्वी टिमको समर्थक हो भने त्यसमा उनीहरूलाई मतलब हुँदैन। सुरुमा सेन्ट पिटर्सबर्गमा यस्तो समूह देखिएको थियो, पछि पूरा रूसमा फैलियो। यी समर्थक पछिल्लो समय नाजी हिटलरका समर्थकका रूपमा पनि निस्किएका छन्। यिनीहरूको आ-आफ्नो समूह हुन्छ। त्यसका नाइके पनि हुन्छन्। उनीहरू खास-खास समय भुमिगत रूपमा भेटघाट गर्छन् र कसरी उपद्रो मच्चाउने त्यसको योजना तयार पार्छन्।

यिनीहरूसँग सातातिना हतियार पनि छ र त्यसलाई चलाउन उनीहरूले तालिमसमेत लिएका हुन्छन्। पुटिनले आठ वर्षअघि नै पहिलो पटक यी हुल्याहालाई रोक्ने प्रयास गरेका थिए, तर पछि गएर उनी यसमा गम्भीर भएनन्। केहीले त पुटिन स्वंय यस्ता हुल्याहाप्रति नरम दृष्टिकोण राख्छन् भन्ने आरोपसमेत लगाएका छन्।

पश्चिमेली विश्लेषकहरूको अनुमान छ, पुटिनले सम्भवतः विश्वकपका क्रममा यी फुटबल हुल्याहाहरूको चर्को दमन गर्नेछन् अथवा यो समस्यालाई शक्ति प्रयोग गरेर जसरी हुन्छ, समाधान गर्ने प्रयास हुनेछ। विश्वकपपछि जे हुन्छ, हुन्छ तर अहिले पुटिन क्षणिक समाधानमै केन्द्रित छन्। यस्तोमा धेरैले अनुमान गरे जस्तो अबको विश्वकपमा खासै हिंसा नहुन पनि सक्छ, तर यो समस्याको दीर्घकालीन समाधान भने होइन।

समय सन्दर्भ

# डियर तलब



अधिकारी रवीन्द्र

श्री तलब महोदय, एक तलबजीवी तलबपीडित कर्मचारीको न्यानो अविभादन स्वीकार गर । इच्छा-आकांक्षा निरन्तर बेलुनजसरी फुल्दै छन्, महँगीले सगरमाथा छेक्न आँटिसक्यो, तर तिम्रो साइज ज्यूँका त्यूँ अर्थात् उस्ताको उस्तै छ । अलिकति भए पनि साइज बढाउँछौं कि भनेर एक वर्ष कुरियो । जेठ १५ मा बजेट भाषण पनि आयो । हिस्स बूढी हरिया दाँत भो । बरु बजेटमा तिम्रो शत्रु (कर) को निकै हालीमुहाली देखिन्छ । तिम्रो आफ्नो आकार भने कम्तीमा एक वर्षका लागि पुनः उही रहने निश्चित भयो । यसपालि नबढ्ने तिम्रो निर्णयले लाखौंको संख्यामा रहेका म जस्ता मध्यवर्गीय आशामुखीहरू मर्माहत भएका छौं ।

तिमी नबढ्नाले तिम्रो ठूल्दाइ (पेन्सन) पनि बढेन । तिम्रो बा (वृद्धभत्ता) चुनाव अघिदेखि नै निकै फाँइफुट्टी लाउँथे, यसपालि उनी पनि बढ्न सकेनन् । खैर, तिम्ले धोका दिए पनि तिम्री सौतेनी आमाको छोरो (महँगी भत्ता) ले भने हामीलाई केहि सहानुभुति दिएको छ । २ हजारले बढेको छ त्यो ।

प्रिय तलब, जागिरे जीवन दुःखी जीवन रहेछ । यो दुःखी जीवनमा प्रवेश गरेको पूरै १० वर्ष लागेछ । यसबीच पाँच पटक तलब हेरफेर हुँदा २ सय ५० प्रतिशत बढेछ । यही समयमा दस पटक जति पेट्रोलियम पदार्थको मूल्य वृद्धि भयो होला । बजारभाउको त कुनै लेखाजोखा नै छैन । सुरुमा २० रुपैयाँमा एक छाक टर्ने सब्जी पाइन्थ्यो, अहिले त्यही स्तरको सब्जी सय रुपैयाँमा मुस्किलले आउँछ । १३ सयमा बस्दै आएको कोठाको भाडा अहिले ४५ सय तिर्दैछु, तसर्थ यो एक दशकमा कमाइको तुलनामा खर्च निकै बढेको आभास गर्दैछु ।

प्रिय तलब, तिम्रै दर्शनका खातिर हामी तलबजीवीहरू मरिमरी २५-३० दिन काम गर्छौं । तलब आउने साता खल्ती रित्तिएर पूरै टाट भइन्छ । यो सरसापटको याम हो । फेरि सबैको हालत उही भएकाले कसैले ठूलो रकम सापट दिँदैनन् । बिहे नभएका ठेट्ना साथी परे भने अलिक फाइदा हुन्छ, कारण उनीहरूसँग यतिबेलासम्म पनि राम्रै रकम एकाउन्टमा हुन्छ । यही साता हो, तलब आएपछि यसो गर्छु र उसो गर्छु भनेर सपना बुन्ने । आफ्ना इच्छा तथा योजनाहरू पूरा गर्न ठुलै ग्रान्ड डिजाइन तयार पारिन्छ ।

तलब, तिमी आउने दिन त मन यति फुरुङ्ग हुन्छ कि कुरै छाडौं । नयाँ पाइन्ट किन्न पाइन्छ भनेर आफू दङ्ग । नातेदार वा साथीभाइको विवाहमा लगाउन पार्टी सुज किन्न पाइन्छ भनेर श्रीमती दङ्ग । बाउले फिजेट स्पिनर किनिदिन्छन् भनेर पाँचवर्षे छोरो दङ्ग । पसलको उधारो तिर्दिन्छ भनेर हजुरबा दङ्ग । डिस टिभी रिचार्ज गर्दिन्छ भनेर बुवा दङ्ग । सबै जना दङ्ग हुने दिन, महिनाको अन्तिम दिन अर्थात् तिमी आउने दिन ।

बैंकको खाता निमिट्यान्न हुने गरी सबै पैसा निकालेर जब घर ल्याइन्छ तब सुरु हुन्छ एक महिनाको यात्रा, जुन तिम्रै भरमा अघि बढ्छ । पहिलो साता बिन्दास चल्छ । रहरका कपडा, रेस्टुराँ, क्यापिचिनो, सिजलर, कबाब, थिएटर, विकेन्ड क्लब डान्स वा फेन्सी टुर । दोस्रो साता आउने हप्तालाई ग्रोसरीको जोहो, पानी, बिजुली, टिभी, इन्टरनेट, फोन आदिको बिल, छोराको मोन्टेश्वरीको फी, हजुरबुवाको अक्सिजन सिलिन्डर, बुवाको प्रेसरको औषधी, श्रीमतीको आइलाइनर, छोराको एक्सरसाइज बुक । खाजाको स्तर यो साता मम र चाउमिनमा झरिसक्छ । पहिलो साता फेसबुकमा अपलोड गरिएका तस्विरमा आएका लाइक कमेन्ट हेरेर रमाउने पनि दोस्रो साता नै हो ।

पहिलो साता मोज गरेर टन्नै पैसा मासिन्छ । दोस्रो साता बचेँखुचेको सकिन्छ । तेस्रो साता अब तानतुन गर्दै अघिल्लो महिनाको सापटी तिर्नैपर्ने हुन्छ । नतिर अब आउने साता फेरि कसरी सापटी पाउनु ? चौथो साता लाग्दा त गोजी टक्कनटाट नै हुन्छ । कसैले कुनै योजना अघि सारिहाले भने पैसो न सैसो टिकी ट्यास्-ट्यास् भनेर पन्छिने काम गरिन्छ । सीधा अफिस जाने, सिधा घर आउने । न दायाँ न बाँया । छोराको बिहे परे भिन्नै कुरा नत्र छोरीको बिहेको निम्तो पनि मानिँदैन । ससुराली वा मामाघरतिर केही कार्यक्रम परे खामको लोभमा टाउकोले टेकेर पुगिन्छ । तलब आउनासाथ तिर्छु भन्दै साथीभाइसँग दारा डिच्याउँदै २-४ हजार सापट माग्न पुगिन्छ । कतिले दिन्छन्, कतिले यसपालि मैले चाहिँ तसँग माग्न आँटेको भन्दिन्छन् । अब भने सामान पनि उदारो ल्याइन्छ । यो साता आर्थिक दुरावस्थाले परिवारमा किचलो र अशान्ति मच्चिन्छ अनि कहिल्यै विश्वास नलाग्ने राशिफलका पानाहरू पल्टाउन बाध्य हुनुपर्छ । तिमी आएपछि सब थोक ठीक हुन्छ भन्ने आशैआशमा यो हप्ता बित्छ ।

यसरी तिम्रै सेरोफेरोमा हामी जागिरेको परिवार टिकेको छ । यसपालि तिमी नबढेर धेरै इच्छाको हत्या भएको छ । थाइल्यान्ड घुम्न नपाइने भो, छोरालाई राम्रो स्कुलमा हाल्न नपाइने भो । घरमा बार्दली थप्न नपाइने भो– सूची निकै लामो छ । बजारभाउ हेर्दा तिमी साह्रै दुब्लो देखिएका छौ । अर्को बजेटमा तिमी यति मोटाउ कि कर्मचारीको दरिद्रता घुस र कमिसनमा गएर नठोक्कियोस् ।

**उही तिम्रो**
**तलबपीडित**

ravinems@iom.edu.np
Facebook.com/AdhiQarie

## ज्वेल अफ द वर्ल्डमा उपाधि



ज्वेल अफ द वर्ल्ड-२०१८ शीर्षकको नयाँ अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालका तर्फबाट सहभागिता जनाएकी सपना भेटवालले बोके फेस्टिभल क्विन उपाधि हात पारेकी छिन् । सपना नेपाल्स फेसन आइकन-२०१६ की फस्ट रनर्सअप हुन् । संयुक्त राष्ट्रसंघको साधारणसभाले घोषणा गरेअनुसार प्रत्येक वर्षको मे २१ तारिखमा अन्तर्राष्ट्रिय स्तरमा मनाइने वर्ल्ड डे अफ कल्चरल डाइभर्सिटी अर्थात् सांस्कृतिक विविधताको विश्व दिवसलाई प्रवर्द्धन गर्ने उद्देश्य यसै वर्षदेखि 'ज्वेल अफ द इयर' को सञ्चालन गर्न थालिएको हो । यो प्रतियोगिताले महिला सुन्दरता र सशक्तीकरणको सम्मान तथा विश्वको बहुसांस्कृतिक गौरवलाई बृहत् रूपमा मनाउने उद्देश्य लिएको छ । प्रतियोगिता फिलिपिन्सको मनिलामा मे १६ देखि २६ सम्म चलेको थियो ।

## दुई अमेरिकी सहरमा नेपथ्य

स्थापनाको रजत वर्ष मनाइरहेको नेपथ्य ब्यान्डले अमेरिकामा प्रस्तुति दिने भएको छ । टेक्सासको डालासबाट प्रारम्भ हुने यसपटकको सांगीतिक यात्रा बोस्टन पुगेर सम्पन्न हुनेछ । अमेरिकाका यी दुवै महत्वपूर्ण सहरमा नेपथ्य पहिलो पटक प्रस्तुत हुन लागेको हो । यात्राको पहिलो



प्रस्तुति भोलि शनिबार जेठ २६ गते डालासस्थित 'द बम फ्याक्ट्री' कन्सर्ट हलमा हुनेछ । नेपथ्यले सामूहिक रूपमा पहिलो पटक सन् २००४ मा अमेरिकाको यात्रा गरेको थियो । त्यतिबेला ब्यान्डले एरिजोनाको फिनिक्स तथा राजधानी वासिंगटन डिसीमा कन्सर्ट दिएको थियो । त्यसपछि पनि तीनपटक अमेरिकाको यात्रा गरिसकेको यो ब्यान्डले हालसम्म लस एन्जलस, एटलान्टा, न्युयोर्क तथा सनफ्रान्सिस्कोमा आफूलाई उभ्याइसकेको छ । ब्यान्डले असार १० गते आइतबार बोस्टनको रोया हलमा सांगीतिक प्रस्तुति दिने बताइएको छ ।

## भर्जिनियामा नेपाली राष्ट्रिय गीत



नेपाल र नेपालीलाई चिनाउने उद्देश्यका साथ अमेरिकाको भर्जिनिया राज्यको हर्नडन सहरमा स्थानीय अमेरिकी जनप्रतिनिधिसहितको सहभागितामा नेपाली समुदायले नेपाली पोसाक तथा संस्कृति झल्कने झाँकी प्रदर्शन गरेका छन् । उक्त सहरमा चलिरहेको हर्नडन मेलामा ८० हजारदेखि १ लाखसम्म अमेरिकीको सहभागिता हुने अवसर प्रयोग गर्दै अबदेखि हरेक वर्ष यस्तो झाँकी प्रदर्शन गरिने आयोजकहरूले बताएका छन् ।

उक्त अवसरमा नेपाली बालबालिकाहरूले गीत एवं नृत्यहरू प्रस्तुत गरेका थिए भने आदर्श नेपाली समाजका तर्फबाट प्रदीप ढकालले नेपाली तथा नेपालको झलक प्रस्तुत गरेका थिए । त्यसपछि नेपाली समुदायले हजारौं अमेरिकीको सहभागिता रहेको हर्नडन मेला चलिरहेको स्थान हुँदै नेपाली तथा अमेरिकी झन्डा र ब्यानरसहित नगर परिक्रमा गरेका थिए । झाँकीमा नेपाली र अमेरिकी राष्ट्रिय गीत घन्कनुका साथै सगरमाथाको देश नेपाल, गौतम बुद्ध जन्मिएको देश नेपाल जस्ता नारा गुन्जिएको थियो ।

## अमेरिकामा सुगम क्रेज



अमेरिकाको सांगीतिक टुरमा रहेका गायक सुगम पोखरेलको कन्सर्टमा दर्शकको क्रेज बढ्दै गएको छ । उनको प्रस्तुतिमा बालबालिका, युवादेखि पाका दर्शकहरूसम्म झुमिरहेका छन् । अमेरिकाको टेक्सासबाट प्रारम्भ भएको पोखरेलको सांगीतिक यात्रा बोष्टन, मिनसोटालगायतका राज्यहरूमा चलिरहेको छ । फ्युजन इन्टरनेसनल नेपसिने तथा प्लानेट ३ फिल्म्सको पहलमा स्थानीय आहा प्रोडक्सनले आयोजना गरेको कार्यक्रममा दर्शकको भीड थाम्न हम्मे-हम्मे परिरहेको छ । हरेक कन्सर्टमा दर्शकको साथले हौसिएका पोखरेल उत्साहीसमेत देखिन्छन् । कन्सर्टमा सबै खाले दर्शकको उपस्थिति पाइरहेको छ पोखरेलले भने- परदेशमा पनि नेपाली संगीतको क्रेज राम्रै पाएको छ । टेक्सासबाट अमेरिकाको सांगीतिक यात्रा प्रारम्भ गरेका सुगमले १६ भन्दा बढी राज्यमा कन्सर्ट दिनेछन् । पहिलो पटक २००८ मा चारमहिने कन्सर्टमा अमेरिका आएका गायक पोखरेल गत वर्ष छोटो समयका लागि अमेरिका आएका थिए ।

शिव शर्मा

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।